रिमा

कथासङ्ग्रह

कविता पौडेल

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

प्रश्रित प्रतिष्ठान नेपाल पुस्तक माला-३

रिमा

(कथासङ्ग्रह)

✍ कविता पौडेल

प्रकाशक:
प्रश्रित प्रतिष्ठान नेपाल, रुपन्देही

रिमा (कथासङ्ग्रह)

कथाकार : कविता पौडेल

सम्पादक : डा. कपिलदेव लामिछाने

प्रकाशक : प्रश्रित प्रतिष्ठान नेपाल

संस्करण : प्रथम, २०६२ माघ

प्रति : एक हजार एक

सर्वाधिकार : कथाकारमा

ले-आर्ट सेटिङ : श्रीपुराण बि. टी. 'पुजन'

मूल्य : १३१।-

मुद्रक : आइडियल प्रिन्टर्स, मिलनचोक, बुटवल, फोन: ५४४८१७

प्रकाशकीय

नेपाली भाषा, साहित्य र वाङ्मयका साधक मोदनाथ प्रश्रितका नाममा २०६८ मा स्थापित प्रश्रित प्रतिष्ठान नेपाल अहिले शैशव अवस्थामै छ । प्रतिष्ठानले मोदनाथ प्रश्रितको व्यक्तित्व र कृतित्वको विस्तृत र यथार्थपरक अध्ययन गर्ने-गराउने, अनुसन्धान गर्ने-गराउने, साहित्यिक कार्यक्रम गर्ने-गराउने, साहित्यिक सद्भाव यात्रा गर्ने-गराउने तथा पुस्तक प्रकाशन गर्ने-गराउने कार्य गर्दै आएको छ ।

यसअघि यसले *कविता पौडेल बहुआयाम* (२०६८) र *नेपाली धुकधुकी* (२०६९) जस्ता कृति प्रकाशित गरेको छ । *रिमा* कथासङ्ग्रह प्रतिष्ठानको तेस्रो प्रकाशन हो । कविता पौडेलको यस *रिमा* कथा सङ्ग्रहमा सङ्कलित कथाहरू नेपाली जनजीवनका धुकधुकी हुन् । नेपाली समाजमा विद्यमान बेथिति, विसङ्गति, विकृति, भेदभाव जस्ता पक्षलाई सूक्ष्म ढङ्गले केलाएर सरल भाषामा लेखिएका यी कथाहरू नेपाली समाजका यथार्थ प्रतिबिम्ब हुन् । *काँडेघारीको यात्रा* जस्तो सफल आत्मकथाबाट नेपाली पाठकका माझ चर्चित बनेकी कविता पौडेलले *रिमा* कथासङ्ग्रहबाट आफूलाई कथाकारका रूपमा चिनाएकी छन् । लगभग अढाई दशकको नेपाली कथाको इतिहासमा देखापरेका कथाकारहरूमा महिला कथाकारको सङ्ख्या न्यून भएपनि जेजति महिला कथाकार देखिएका छन् तिनले नारीवादीले लेखनलाई आत्मसात गरेको देखिन्छ । यसै सन्दर्भमा कविता पौडेल र उनका कथाले नारीवादी कथा लेखनमा एक ईट थप्ने छ भन्ने विश्वास लिएका छौं र उनलाई नारीवादी कथाकारका रूपमा यस सङ्ग्रहका कथाहरूले स्थापित गर्नेछ भन्ने अपेक्षा राख्दछौं । सरल भाषाशैलीमा लेखिएका यथार्थपरक कथाहरूको यो सङ्ग्रह प्रकाशन गर्ने अवसर दिनुभएकोमा हामी कथाकार कविता पौडेलप्रति हार्दिक आभार प्रकट गर्दछौं । साथै पाण्डुलिपिमा रहेका कथाहरूलाई झ्याउलो नमानी सम्पादन गर्नुहुने सम्पादन डा. कपिल लामिछानेलाई धन्यवाद दिन चाहन्छौं । कथाको आस्वादन पछि विज्ञ पाठक र समालोचकबाट रचनात्मक सुझाउको अपेक्षा गर्दछौं ।

अन्तमा, यस कथा सङ्ग्रहको मुद्रण गरिदिने आइडियल प्रिन्टर्स बुटवल तथा सेटिङ गरिदिने भाइ श्रीपुराण बि.टी. 'पुजन'लाई धन्यवाद दिन चाहन्छौं ।

प्रश्रित प्रतिष्ठान नेपालका निमित्त
सचिव शालिकराम पौड्याल
२०६९ माघ १, भैरहवा

सम्पादकको कलम

नेपाली साहित्यमा *काँडेघारीको यात्रा* जस्तो आत्मकथा तथा *बालचीत्कार, हीरा, विस्थापित आमाहरू* जस्ता उपन्यासबाट परिचित कविता पौडेल अब कथाका क्षेत्रमा पनि सशक्त रूपमा देखापरेकी छन् ।

कविता पौडेलका यी कथा व्यापक नेपाली सामाजिक पृष्ठभूमिमा उभिएका छन् ।

समाजमा भावुकतापूर्ण प्रेमका कारण असमान आर्थिक हैसियत भएका युवा-युवतीबीच विवाह हुँदा तिनको कन्तबिजोग हुन्छ ।

समाजमा गरिबी छ । त्यसैले अज्ञानता छ । अज्ञानताले गर्दा बहुल सन्तान जन्मन पुग्छन् र बहुल सन्तानको रेखदेख र पोषण नपुग्दा फेरि पनि कन्तबिजोग हुन्छ ।

सामन्तहरू निहुँ झिकेर गरिबका चेलीबेटीको हुर्मत लिन खोज्छन् र एक दिन तिनको पनि दुर्गति हुन्छ ।

समाजमा दलित समुदाय छन् । केहीमा चेतना जाग्दै छ भने कोही उही पुरानै रूढिवादी चिन्तन बोकेर बसेका छन् ।

अन्धविश्वासकै कारण उपचार गर्नुपर्ने जन्डिसको बिरामीले नारकीय दुःख भोगेका छन्, कतिको ज्यानै गएको छ, कतिको जीवन बर्बाद भएको छ ।

नारीउपर अपहेलना छ, तर कठोर र दुःखद् सङ्घर्ष गर्नमा पनि नारीहरू कम छैनन् ।

समाजमा सन्तान नभएकाले धर्मपुत्र-धर्मपुत्री पालेर खुसी हुने प्रचलन पनि छ र पछि सन्तान भएपछि तिनैलाई हेलाँ गर्नेहरू पनि छन् ।

परिवार नियोजन गर्नुहुँदैन भन्दै जतिनामका सन्तान जन्माउँदा कतिको ज्यान जोखिममा परेको छ । परेपछि पशुले पनि चेत्छ । मान्छेले पनि क्रमशः चेत पाउँदै आएको छ ।

समाजमा दाइजो प्रथा घट्दो होइन, बढ्दो छ । दाइजो कम ल्याएको वा नल्याएको भनेर बुहारी पोल्नेहरू पनि छन् । विष खुवाएर मार्ने पनि छन् । बालश्रमशोषण छ । झड्केलो सन्तानलाई हेला गर्ने चलन छ ।

प्रवासमा बिचल्लीमा परेका युवतीलाई कतिको देहव्यापारमा लगाउने इरादा छ । थुप्रै छोराछोरी र नातिनातिना हुँदा पनि कतिपय आमाहरू अनाथ र असहाय भएर बाँच्नु परेको छ ।

कति नेपालीहरूले बिगतमा आतङ्कको छायामा बाँच्नु पऱ्यो । कतिले ज्यान गुमाउनु पऱ्यो । त्यसको कुनै हिसाब छैन ।

समाजमा महिलालाई लिएर समस्या तेर्स्याउने पुरुष धेरै छन् । तर महिलाका समस्या महिलाले नै मिलाए मिल्छ । यहाँ नारी-आदर्श छ ।

कतिपय गरिब परिवारका युवक धनीकी छोरीको फन्दामा परेका छन् ।

दलितकी छोरीसित यौन सम्पर्क गर्ने, तर बिहे गरेर भित्र्याउन नसक्ने मानवीय कमजोरी रहेको छ ।

यसरी हेर्दा कथाकार कविता पौडेलले आफ्ना कथामा नेपाली समाजको सेरोफेरोको सर्वेक्षण गरेको देखिन्छ । गरिबी र तत्जन्य परिणति, सामन्तको हेपाहा प्रवृत्ति, यौनशोषण, बालशोषण, चेलीबेटी बेचबिखन, अन्धविश्वास र तत्जन्य परिणति, जातीय तथा लैङ्गिक विभेद, नारी संवेदना र सङ्घर्ष आदि यी कथामा जीवन्त भएर उत्रेका छन् ।

हरेक कथामा नारी मन छ । नारीका कोण-प्रतिकोणबाट कथा कथिएका छन् । 'सिद्धबाबाको जोगी'मा रमिला, 'बलेको आगो'मा उमा, 'बिराएको बाटो'मा शीला, 'रिमा'मा रिमा, 'दुख्ने मन'मा बुधनी, 'चेलीको चिठी'मा मुना, 'सङ्घर्षशील आमा'मा उमा, 'धर्मपुत्री'मा सीता, 'अचम्मको बच्चा'मा सहवीरकी बूढी, 'पल्लो पसल'मा भोलाकी पत्नी, 'झङ्केलो'मा सौतेनी आमा, 'अनिश्चय'मा कृष्णमानकी छोरी, 'असहाय आमा'मा बूढीआमा, 'आतङ्कको छायाँमा'मा नवबधू, 'शीला र अनिता'मा शीला र अनिता, 'धनीकी छोरी'मा सीता, 'जेल चलान'मा पुतली जस्ता नारी पात्रहरू आएका छन् । यीमध्ये अधिकांश नारी पात्र सकारात्मक छन् भने केही पात्रमात्र नकारात्मक छन् । उता पुरुष पात्रहरूमध्ये अधिकांश पात्र नकारात्मक छन् भने केही पात्रमात्र सकारात्मक छन् ।

कथ्यवस्तुलाई हेर्ने कथाकार कविता पौडेलको दृष्टिकोण प्रगतिशील छ भने कथ्यवस्तुलाई प्रस्तुत गर्ने भाषा सरल, बोधगम्य र प्रवाहमय छ । केही कथामा अघि-पछि पृष्ठभूमि रहेकाले थोरै झ्याउला लाग्छन्, तापनि यी कथा बहुसङ्ख्यक पाठकको स्तरलाई ध्यानमा राखेर सरल वर्णनात्मक शैलीमा रचना गरिएका देखिन्छन् ।

र, यी कथाले समाजशास्त्रीय अध्ययनको अपेक्षा गरेको पाइन्छ ।

अन्तमा, मलाई यस सम्पादनको जिम्मेवारी दिने कविता पौडेल र प्रश्रित प्रतिष्ठानप्रति साधुवाद प्रकट गर्दछु । सम्पादनमा म कतिको सफल भएँ त्यो पाठकबाट थाहा पाउँला भन्ने ठानेको छु । सङ्घर्षशील र अनुकरणीय नारीस्रष्टा कविता पौडेलको ६७ औं जन्मोत्सवका अवसरमा उनको सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभेच्छा प्रकट गर्दछु ।

डा. कपिलदेव लामिछाने
२०६९ माघ १, भैरहवा

कथाकारको कथन

म लामो समयसम्म पहाड र तराईका गाउँले समाजमा बसें । केही समय सहरको बसाइ पनि भयो । जातपात र छुवाछुतको भावनाले गाँजेको छ हाम्रो समाजलाई । आर्थिक रोजगारीको लागि विदेशतिर धाउनु पर्ने समस्या छ । झाँक्री र बोक्सीको पुरानै अन्धविश्वासको जालोले अहिलेसम्म पनि जेलिरहेको छ हाम्रो समाजलाई । यही पाएँ मैले ।

देशका पुरानो पुस्ताका धेरैजसो महिलाले विद्यालयको मुखै देख्न पाएनन् । सोझासिधा जनता पहिले गाउँका जाली-फटाहाहरूको फन्दामा परेर सास्ती भोग्थे । समाजका लागि सीप र प्रविधिको काम गर्ने मान्छेको इज्जत हुनुपर्नेमा उनीहरू ठूला जात भनिनेहरूको दहिलोभन्दा बाहिर पेटी र दलानसम्म पनि पुग्न पाउन्नथे । अन्धविश्वास र अपमानले थिचिएका जनता जाँड, रक्सी खाएको बेलामात्र आफूभित्रको पीडाको आक्रोश पोख्थे ।

स्वास्थ्य सम्बन्धी ज्ञान नहुँदा साधारण रोग पनि बल्झदै गएर जनताले धेरै सास्ती भोग्नु पर्दै छ । अकालमै मर्दछन् युवा उमेरका मान्छे । सोझासिधा युवतीहरूलाई मायाप्रेमको ढाँड देखाई विदेशमा लगेर बेची नरकको जीवन बिताउन बाध्य पार्ने दुष्ट प्रवृत्ति बढिरहेकै छ । छोरा-बुहारीले बुढेसकालका बाबु-आमालाई हेलाँ गर्दा उनीहरू असहाय भई भिक मागेर खानुपर्ने स्थिति पनि धेरैतिर देखिन्छ । पढ्ने उमेरका नानीहरू बेसहारा भएर खातेको जीवन बिताएको पनि सहरका गल्ली-गल्लीमा देखिँदै छ ।

यस्तै खालका विषयहरूले मन पिरोलिएर निस्केका हुन् यी कथाहरू । मैले यहाँ केही संस्मरणहरूलाई पनि कथाको रूप दिएकी छु । धेरैजसो आफैंले प्रत्यक्ष देखेका भोगेका धारणाहरूले पनि यसमा कथाको रूप लिएका छन् । अहिलेको हाम्रो देशको अस्तव्यस्त र धोकाधडीले भरिएको समाजका दृश्यहरू यसमा छन् ।

यी कथाहरूलाई सम्पादन गरी भाषाशैली परिष्कार गरिदिने साहित्यकार डा. कपिलदेव लामिछानेज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । जुन-जुन पात्रका दुःख-कष्ट र पीडाले मलाई कथा कोर्न घच्घच्याए ती सबैप्रति पनि म आभार व्यक्त गर्दछु ।

वाणस्थली, काठमाडौं
कविता पौडेल
२०६९ कात्तिक १५

कथाक्रम

क्र.सं.	कथाशीर्षक	पृष्ठ
१.	सिद्धबाबाको जोगी	१
२.	बलेको आगो	८
३.	बिराएको बाटो	१७
४.	रिमा	२४
५.	दुख्ने मन	३०
६.	चेलीको चिठी	३७
७.	सङ्घर्षशील आमा	४२
८.	धर्मपुत्री	५०
९.	अचम्मको बच्चा	५९
१०.	पल्लो पसल	६४
११.	झड्केलो	६७
१२.	अनिश्चय	७४
१३.	असहाय आमा	८०
१४.	आतङ्कको छायाँमा	८८
१५.	शीला र अनिता	९२
१६.	धनीकी छोरी	९८
१७.	जेल चलान	१०९

एक

सिद्धबाबाको जोगी

म विवाहको निम्तोमा गएकी थिएँ । दुलहा-दुलही दुवै पक्ष बटौलीमाथि सिद्धबाबाको मन्दिरमा गएर विवाह गर्ने कार्यक्रम थियो । बिहान नौ बजेतिर रमाइलो गर्दै चिडिया खोलातिर लाग्यौं । वर-बधू एक-अर्कालाई हेरेर मुस्कुराउँदै थिए । त्यो देख्दा मैले सानै उमेरमा भएको आफ्नो विवाह सम्झिरहेकी थिएँ । त्यस बेला र अहिले कत्रो अन्तर परिसक्यो भनेर म वर-बधूको हाउभाउलाई खुब नियालेर हेरिरहेकी थिएँ । ठाँटिएर जन्तीमा आएका युवायुवतीहरू आफ्नै धुनमा मस्त थिए ।

सिद्धबाबाको मन्दिरमा पुगेपछि मेरा आँखा एकाएक एक जोगीमाथि परे । दाह्री-जुँगा र लटा सेतै फुलेका ती जोगीलाई पहिले कताकता देखे झैं लाग्यो । जन्तीहरू मन्दिरतिर लागे । मैले एकछिन घोरिएर जोगीलाई हेरिरहें । आठ छोराछोरीका बाबु कसरी जोगी भए र यस हालतमा आइपुगे भनेर मलाई अचम्म लाग्यो । मेरा आँखा झुक्किए कि भनेर मैले उनको नजिकै गएर सोधें- तपाई रमेशजी होइन र ?

उनले मेरा मुखतिर एकछिन हेरेर भने- "ओहो कविताजी, धेरै दिनपछि भेट भो" । हो म उही अभागी रमेश हुँ । अहिले रमेशानन्द भएको छु । यतिखेर म आनन्दमा छु ।

मेरो मनमा कडा मिहिनेत गर्ने रमेशको पुरानो अनुहार सररर घुम्यो । उनकी श्रीमती रमिलाले आठवटा सन्तान जन्माएकी थिइन् । छोराछोरीको त्यो बगाल कङ्गाल रमेशको फाँदमा छोडेर उनी एकाएक मरिन् । पुरानो त्यो भयङ्कर घटना मेरो सम्झनामा नाच्न थाल्यो । त्यस बेलाका रमेश र छोराछोरीको त्यो अलापविलाप र आँसुले तिनाउको बगर भिजाएको त्यो घडी सम्झँदा मेरा आँखा पनि रसाए मैले छक्क परेर उनको मुखमा हेरिरहें ।

उनले थपे- मैले ती सबै कुरा बिर्सें कविताजी, रुँदारुँदा मेरा जम्मै आँसु निखे । यस संसारमा जति रोए पनि बितेको कुरा फर्कंदो रहेनछ । मैले गाँजाको धुवाँमा डुबेर चिताको धुवाँलाई बिर्सँदै गएँ । छोराछोरी कतै होलान्, तर मेरो कोही छैन । म अब पूरा फकिर बनें । केही चिन्ता सुर्ता छैन ।

एक दिन मर्ने चोला हो, मर्ने कुरासित फिक्री छैन । म ढुक्क छु, एक्लो छु, आनन्दमा छु ।

जोगीले जति विश्वास दिलाउन खोजे पनि मेरो मनमा भने ती पुराना घटना फेरि नाच्न थाले । उता वर-वधूको विवाहको कार्यक्रम चलिरहेको थियो । मेरो दिमागमा भने रमेश र रमिलाको विवाहको त्यो अनौठो दिन नाच्दै थियो ।

रमेश एउटा धनी परिवारमा नोकरी गर्न बसेका थिए । मान्छे गरिब भए पनि युवक रमेशको ज्यान खाइलाग्दो थियो । उनी जस्तै काम पनि हाँसीखुसी गर्थे । मालिककी छोरी रमिलाले सत्रमा पाइला टेकेकी थिइन् । बिछट्टै राम्री, चट्ट सिँगारिएर पढ्न जान्थिन् । आआफ्नो मनको कुरा त हो । स्कुलमा थुप्रै राम्रा केटाहरू भए पनि रमिलाका आँखा रमेशतिर लागे । उनका आँखा जतिखेर पनि रमेशतिर फर्केर लोलाउन थाले । पहिले रमेशले रमिलाको मुखमा हेर्ने आँटै गरेनन्, तर जहिले आफूतिर फर्केर रमिला मुस्कुराएको देखेपछि रमेश पनि मुसुक्क हाँस्न थाले । दिनदिनै त्यही क्रिया दोहोरिएपछि घरका मान्छेले पनि शङ्का गर्न थाले । बाबुले छोरीलाई एकान्तमा बोलाएर नोकरतिर आँखा लगाएकी भनेर खबरदारी गरे ।

त्यसपछि रमिलाले सबका आँखा छलेर हेर्न थालिन् । रमेशले पनि लुकेर हेर्न थाले । तिनीहरू मौका छोपेर एकान्तमा खासखुस गर्न थाले । बाबुले एक दिन एकान्तमा भेटेर रमेशलाई लात्तीलात्तीले गोदे । रमेश थलिएर सुते । रमिला राति खुसुक्क रमेश सुतेको गोठको कोठामा पुगिन् । रमेश निदाएका थिएनन् ।

रमिलाले भनिन्- तिम्रो ज्यान थिलोथिलो भएको छ । रमेश तिमी र म अब यो घरमा नबसौं । मसँग अलिकति पैसा र गहना छ । आजै भागौं, श्रीमान्-श्रीमती भएर बसौंला ।

रमेशले भने- मेरो घरबास केही छैन । कहाँ लगेर राखूँ तिमीलाई ? मजस्तो निर्धा गरिबसँग तिम्रो जीवन चल्न सक्तैन । मसित बिहे गऱ्यौ भने जीवनमा तिमीले साह्रै दुःख पाउँछ्यौ । हाम्रो जोडी मिल्नै सक्तैन । अब मेरो माया मारेर आफ्नो घर सुहाउँदो, पढेलेखेको केटो रोज । अहिले तिमी यहाँबाट जाऊ, गइहाल । बाआमाले थाहा पाउनुभो भने हामी दुवैलाई मार्नु हुन्छ ।

रमिलाले मानिनन्- तिमीलाई मैले माया गरें-गरें । आफ्नो माया बसेपछि मलाई धन सम्पति र ठूलो घरको केटो चाहिएन । हामी अहिल्यै भागौं । जीवनमा दुःख सुख जेजे परे पनि दुवैले मिहिनेत गरेर टारौंला । जाऊँ अहिल्यै हिँडिहालौं ।

रमेशले धेरै सम्झाए, तर रमिलाले पटक्कै मानिनन् । उनले अब सब कुरा छोडेर खुरुक्क लुगा लगाउन भनिन् र आफू बाहिर निस्किन् । रमेश छक्क परे । के गर्ने के नगर्ने भनेर सोचिरहे । केही बेरमा एउटा झोला बोकेर रमिला आइपुगिन् । आखिर रमेश र रमिला घरबाट रातमै निस्के । अर्को दिनभरि हल्ला चल्यो । उनीहरू कता गए केही अत्तोपत्तो लागेन ।

धेरै वर्षपछि मैले एक दिन बिहान तिनाउ खोलाको बगरमा रमेशले धमाधम बालुवा उठाइरहेको देखें । रमेश र रमिला बगरको छेउमा प्लाष्टिकको झुप्रो हालेर बसेका रहेछन् । सातवटा छोराछोरी भैसकेका रहेछन् । तीनचारवटा भन्ट्याङ्भुन्टङ् थिए । रमिला दुब्ली, मैलो धोती लगाएकी, फाटेको चोलो । पेटमा फेरि अर्को गर्भ थियो । प्लास्टिकका झुप्राहरूको बीचमा कैलो कपाल भएकी अधबैंसे रमिलालाई मैले बल्लबल्ल चिनें, तर उनले मलाई चिनिनन् । बगरको एउटा ढुङ्गामा बसेर उनको विवाह नहुँदैको झिल्के जीवन र त्यस हालतको जीवन दाँज्न थालें । दोपहरको चर्को घाममा रमेश बालुवा उठाउँदै थिए । रमिला भरखर चुल्होमा दाउरा जोर्ने तरखरमा थिइन् ।

रमेशले ठिङ्ग उभिएर टोपी निकाली पसिना पुछे । अनि आकासतिर फर्केर सोचे- ए... एक पनि बजिसक्यो होला । अब त खाने बेला पनि भयो । अनि उनी झुप्रातिर आए । रमिलाले भरखर आगो बाल्न लागेको देखेर रातो मुख पार्दै उनले भने- अझै भात पाकेको छैन ? भैगो आज म भातै खान्न ।

रमिलाले दिग्दार हुँदै भनिन्- म पनि त बिहानभरि थकाल्नी दिदीका कपडा धुँदाधुँदा लखतरान परेर बल्ल आएर त आगो जोर्दैछु । यसरी नरिसाऊ न । केटाकेटी पनि त भोकै छन् ।

रमेश रिसले भन्कँदै कोदालो र करुवा बोकेर फेरि तिनाउ खोलातिर लागे ।

रमिलाले खाना पकाउँदा र सातवटा सन्तानलाई खुवाउँदा दिउँसोको करिब तीन बज्यो, तर पनि रमेश नआएको देखी उनी एउटा रुमालले टाउको

बाँध्दै खोलातिर लागिन् । वैशाखको महिना हुनाले तीन बजेसम्म पनि घामले जतातते किरेनी मारेको थियो । उनले खाली खुट्टा यताउति हेर्दै सिसौको फेदमा पुगेर रमेशलाई बोलाइन् ।

रमेशले रातो मुख पारेर पटुका कस्दै छड्के आँखा लगाएर भने- यतातिर किन आएकी नि ? जा उतैतिर बस् । दिनभरि भोकै बालुवा थुपार्न त म छैदैछु नि ।

अनि उनी छहारीको ढुङ्गामा टुसुक्क बसे ।

रमिलाले फाटेको पटुका फुकाएर रमेशको पसिना पुछ्दै भनिन्- यसरी नरिसाऊ न । आखिर हामी साथीसाथी त हौं नि । म दुई जीउकी छु । सन्तानले घेरेका छन् । सन्तान जन्माउँदा जीउ आजित भएको छ । यस्तै हो भने अब म पो कति वर्ष बाचुँला र खै ? अनि उनले रमेशतिर फर्केर आँखाभरि आँसु पारिन् ।

रमेशले लामो सास फेरे । उनको रिस ओर्ल्यो, मन पग्ल्यो । टिठलाग्दो आँखाले रमिलातिर हेरे । रमिलाले "जाऊँ अब त बिहानको र साँझको खाना एकैपालि हुने भो" भन्दै हात समातेर उठाइन् र हिँड्दै भनिन्- यस्तो गर्मीमा भोकै मरीमरी काम गर्नुभन्दा त एकछिन थपक्क सितलमा सुतेको भए बरु हुन्थ्यो नि । दुःख परेपछि यस्तै हो । धनी आमाबाबु सम्झेर पछुताएर पनि केही हुँदैन । दुःख-सुख जे परे पनि बाँडौंला भनेर हामी मध्यरातमा भागेका हौं हैन र ? जहाँ धेरै सन्तान हुन्छन् र गरिबीले घेर्छ, त्यहाँ लोग्ने-स्वास्नीमा कलह-झगडा पनि भैहाल्छ । हो कि हैन भन त ।

रमेशले लामो सास फेर्दै भने- म पनि कति तातो रिस गर्छु हैन रमिला ? आखिर सबै सन्तान हामीले नै त जन्माएका हौं नि ।

एक दिन रमिलाले आफ्नो आठ महिनाको पेट छाम्दै रमेशको हात समातेर भनिन्- घरमा खर्चपर्च छैन । मलाई के खुवाएर सुत्केरीबाट पार लगाउँछौ ?

रमेश धेरै बेर घोरिए र उनले लामो सास फेर्दै भने- गरिबको जीवन यस्तै हो । जसो पर्ला त्यसै टर्ला ।

रमेश र रमिलाका ती कठोर दिन पसिनामा नुहाएर बित्दै गए । भदौ लाग्यो । सबैका बारीमा मकै पाकेका थिए, तर तिनीहरूलाई भने कानो

गोरुलाई औंसी न पुर्ने भने झैं थियो । अब सातवटा माथि अर्को थपिंदै थियो । चार माना पकाए पनि सबै उनीहरूलाई ठिक्क हुन्थ्यो ।

तीजको दिन आयो । सबै महिला राम्राराम्रा साडी बोकेर रमझम गर्दै खोलामा नुहाउन आए । रमिलाले आफूलाई बेथा लागेको थाहा पाइन् । उनले सुत्केरी हुँदा लिउँला भनेर आफ्नै सानीमाकी छोरी दिदी विमलाकहाँ केही दिन काम गरेर ज्याला बाँकी राखेकी थिइन् । त्यो पैसा लिन भनेर बिहानै विमलाकहाँ गएर भनिन्- दिदी, मलाई आज अलि सन्चो छैन । के जाने तुरुन्तै सुत्नुपर्‍यो भने छोराछोरी भोकै पर्लान्, मैले पनि के खाउँला ।

विमलाले अलि रुखो पाराले रिसाउँदै भनिन्- आज तीजको दिन आफूलाई मन्दिर जान बेर भएको छ । साडी धुन तेसै छ । रमिला, आज चामल पनि छैन । मकै पिसेको आँटो पनि छैन । अलिकति मकै छ, लैजा है ।

रमिलाले अलि नराम्रो मुख पारेर भनिन्- असारमा रोपाइँको काम गरेको ज्याला त चामल पाइन्छ नि दिदी ! मैले सुत्केरी हुँदा लैजाउँला भनेर अहिलेसम्म लगिन । मैले पाउनुपर्ने एक पाथी चामल खुरुक्क दिनुस् । तपाईं पनि त म जस्तै आइमाई हुनुहुन्छ नि । यस्तो बेलामा पनि दयामाया लाग्दैन ? घरमा एक मुठी अन्न छैन । यस्तो बेथा लाग्दा काम गरेको ज्याला पनि नपाउने ? तपाईंले आफ्नी बहिनीलाई त यस्तो गर्नुहुन्छ भने अरूलाई झन् कसो गर्नुहोला ?

विमलाको मुख रातोपीरो भयो । जुरुक्क उठेर "तँलाई लाज नभएकी डङ्किनी ! बडो मलाई पढाउँदीरैछे" भन्दै कपालमा समातेर चार झापड हिर्काएर भित्र गइन् । आफ्नो लोग्ने डम्बरबहादुरसित सबै कुरा भनिन् ।

डम्बरबहादुर हातमा हुक्का चिलिम लिएर तमाखु तान्दै बाहिर आए । उनले भने- छिटो जा रमिला, तेरी दिदीको रिस साह्रै तातो छ, भोलि आएस्, भोलि ।

के भन्नु न के गर्नु भएर रमिला छाप्रामा फर्किन् । रमेश खिन्न भए । उनले भने- संसार यस्तै हो रमिला । अप्ठ्यारो नमान । जसो पर्ला त्यसै टर्ला ।

रमिलालाई सुत्केरी बेथाले च्याप्दै लग्यो । दिन बित्यो । रात बित्यो । अर्को दिन पनि बित्यो, तर बच्चा भएन । सहिनसक्नु छटपटी र पीडा खपेर बस्दाबस्दा भोलिपल्ट बिहान दस बजेतिर बल्लतल्ल उल्टो परेको

बच्चा जन्म्यो । रमेशले जसरीतसरी खर्च बटुलेर ख्वाए, तर तीन चार दिनपछि रमिलाका आँखा र हातगोडा पहेँला देखिए । उनलाई कमलपित्त भएछ ।

रमेशले आत्तिँदै रमिलालाई अस्पताल लगे, तर डाक्टरहरूले हेरे झैँ गरेर बेवास्तासाथ भने- अहिले यहाँ औषधी छैन । घरमै लगेर जे सक्छौ त्यही गर । रमेशको मन एकदमै खिन्न भयो ।

छाप्रोमा आएपछि रमिलाले भनिन्- डाक्टरले के भने ? मलाई सन्चो त हुन्छ होला नि हैन ?

रमिलाको पहेँलोपन बढ्दै गएको थियो । रमेशको मन डराउन थालेको थियो, तैपनि टाउको हल्लाउँदै भने- तिमीलाई राम्रो हुन्छ रे, नआतिऊ । उनले छोरीलाई समातेर आँसु चुहाउँदै भने- छोरी, तँ कति अभागी रै'छेस्, जन्मैदेखि यस्तो आपत् ! एकछिन रोएपछि उसलाई सुताएर कोदालो र करुवा लिई खोलातिर लागे । उनको एक थुप्रो बालुवाको जम्मा चार सय दियो । मुस्किलले जम्मा चार सय ।

बिचरा ! रमेशलाई रोगबारे के थाहा ? उनले सोचे- अब रमिलालाई कुखुराको मासु र घ्यू भात बेसरी ख्वाएँ भने पक्कै पनि चाँडै तागत लाग्ला ।

उनले त्यसै गरे, तर तागत लाग्नुको सट्टा रमिलाको हालत झन् झन् खस्कँदै गयो । ज्यान पूरै पहेँलो भयो र कपडा समेत पहेँलै हुन थाले । एक महिना जसरीतसरी बित्यो । असोजको पहिलो साता बितेपछि एक दिन आधा रातमा रमिलालाई साह्रै सकस भयो । रमेशले आत्तिँदै अँगेनाको अगुल्टो निकालेर टुकी बाले । रमिलालाई बान्ता हुन खोज्यो । रमेशले हतारहतार थाल थापे । बान्ता एकदमै पहेँलो थियो । बान्ता भएपछि उनले आँखा पल्टाउन थालिन् । रमेश आत्तिएर पसिना-पसिना भए ।

रमिलाको टाउको काखमा राखेर कराए- सानु, अब के तिमी मलाई छोडेर जान्छ्यौ ? भन, भन तिमीलाई के भयो ?

आमा छट्पटाएको देखेर छोराछोरी उठेर रुन थाले । मध्यरातमा हल्लीखल्ली सुनेपछि छिमेकीहरू आए । भन्न थाले- अस्पताल लैजाऊँ ।

रमेशले मलिनु मुख लाएर भने- त्यस्तो सुत्केरीको बेला कमलपित्त हुँदा त डाक्टरहरूले वास्ता गरेनन् । यस्तो बेलामा झन् के गर्लान् खै ?

रमिलाले हातगोडा तान्न थालिन् । सबै आत्तिएर राम-राम भन्दै पानी खुवाउन थाले । रमिलाले रमेशको हात समातेर चारैतिर आँखा घुमाइन् ।

उनका आँखाबाट आँसु झरे । रमेशले उनको टाउकोमा टाउको राखेर सुँक्कसुँक्क गर्दै एकोहोरो अँगेनातिर हेरिरहे । त्यतिकैमा रमिलाले तनक्क खुट्टा तानिन् । रमेशका हातबाट उनका हात फुत्के ।

छोराछोरी कोकोहोलो मच्चाएर रुन थाले । कस्तो सङ्कटमा पनि नरुने रमेश "हे दैव कति अविवेकी र निष्ठुर रहेछस् तँ ? यत्तिका छोराछोरीको बीचबाट आमालाई चुँडी कसरी लैजान सकेको ? अब मेरो बिजोक भो, के गर्ने ? कता जाने ? के गरेर यो काखकी नानी र यतिका लालाबाला पाल्ने ?" भन्दै ग्वाँग्वाँ रुन थाले ।

छिमेकी विनोदले मायालु स्वरमा भने- के गर्ने, हामी मरेमा महिलाहरू सारा पीर खपेर स्वावलम्बी भएर छोराछोरी पाली विधवा जीवन बिताउँछन्, तर पुरुषहरूमा त्यो साहस र धैर्य कमै हुन्छ । अब रोएर केही हुँदैन, भविष्यमा जसो पर्ला त्यसै गरौंला ।

रमेशको मन थामिएन । रमिलाको शवमा टाउको ठोकीठोकी रातभरि बिलौना गरे । बिहान साथीहरू मिलेर रमिलाको दाहसंस्कार गरे । परिवार डढेको जङ्गल झैं उराठिलो भयो ।

रमेशले अर्को विवाह नगरी बस्ने निधो गरे । उनको अगाडिबाट असाध्यै तीतातीता दिन बित्दै गए । एक महिनापछि पछिल्ली छोरीले पनि संसारबाट बिदा लिई । अरू छोराछोरी पनि कोही कता कोही कता लागे ।

त्यसको धेरै वर्षपछि मात्र मैले सिद्धबाबाको मन्दिरमा रमेशलाई जोगीका रूपमा भेटें । अहिले कसरी जीवन बिताउनुभएको छ भनी सोध्दा तिनले भने- फिरन्ते जोगी कसरी बाँच्छ भन्ने केही नियम छैन । म कहिले कहाँ हुन्छु, कहिले कहाँ । जहाँ पुग्यो त्यही आश्रम । बितेका दिन सम्झेर केही हुँदैन । मैले आफ्नो परिवारका लागि केही गर्न सकिन । देशको लागि त झन् टाढाको कुरा । कमसेकम जीवनमा कसैको कुभलो नगरी मर्न पाए हुन्थ्यो । म अहिले निस्फिक्री छु । फिक्री गर्ने मान्छे जोगी हुन सक्तैन । अहिले आनन्दैको जीवन बाँचेको छु ।

२४ साउन २०६०

दुई

बलेको आगो

झमक्क साँझ परिसकेको थियो । उमा घाँसको भारी बोकेर भारीमाथि छोरालाई राखेर आँगनमा पुगिन् । पपाँचोटा बच्चाकी आमा ! पेटमा जन्मने बेला भएको अर्को बच्चा थियो । बसौंटे छोराछोरी भोकले कोकोहलो मच्चाउँदै थिए । उमाले सुइय गरिन् । "हे भगवान् कुन जुनीको पापले गर्दा मलाई यो दुःख दिएका हौ ?" भन्दै भारी बिसाइन् र एक अँगालो दाउरा लिएर भित्र पसिन् । अँगेनामा मधुरो आगो बलेको थियो । "के पकाऊँ, खै आज ? आँटो पनि छैन ।" अँगेनामा दाउरा धकेल्दै उनले सोचिन् ।

जेठी छोरी सीमाले आमाका मुखतिर हेर्दै भनी- "बा खै त, यति बेला पनि आउनुभएन ?"

उनले झडङ्ग रिसाउँदै बोलिन्- "मलाई के थाहा त तेरा" बाउ जँड्याहा घरमा किरा परे जस्ता सन्तान छन् । कामको वास्ता पनि छैन । सधैं रक्सीले मातेर हुनमुनिदै रातिराति आउने हो । अझ नभएर कुटपिट गर्ने, जे मुखमा आयो त्यही बोल्ने, लाजसर्म नभएकाको के कुरा गर्ने ?" उमाका आँखा आँसुले भरिए । पछेउरीले आँसु पुछ्दै फेरि बोलिन्- "यस्ता पोइ हुनुभन्दा त नभए बरु जे गर्थें-गर्थें ।"

पुसको जाडो हुनाले सबै केटाकेटीले अँगेनाका वरिपरि झुम्मिएर आगो तापिरहेका थिए । "जा त सीमा, डालामा अलिकति आँटो छ लिएर आइज, ठूलो कसौंडीमा अलि धेरै पानी हालेर पकाएर खाम्" भनेर सीमालाई अराउँदै उनले ढोकातिर आँखा लगाइन् । अँधेरी रात चिसो सिरेटो यति रातिसम्म पनि नआउने कहाँ गएको होला ! भन्ने सोच्दै थिइन् ।

उमेश देखिए परैबाट मधुरो जूनको उज्यालोमा । उनको हातमा स्यानो कुटुरो थियो । उनी कुटुरो हल्लाउँदै आए र अँगेनाका डिलमा बस्दै भने- "ला सीमाकी आमा, अलिकति चामल ल्याएको छु, तँलाई सुत्केरीमा खान होला भनेर । अब तेरो पेटको पनि जन्मेपछि त हाम्रा पाँचोटा छोरा हुन्छन् । त्यसपछि हामी छोराका धनी । कसले के गर्न सक्छ हामीलाई ?" उनले गर्वले छाती पिट्दै चामल थालमा खन्याए ।

रातको करिब आठ बजेको थियो । अँगेनामा बसालेको ठूलो कसौंडीमा खोले फत्कँदै थियो । उमेशले ल्याएको दुई माना चामल त छोराछोरीले काँचै खाएर सके ।

उमेश जङ्गिदै बोले- "राक्षस ! आमाको माया अलिकति पनि छैन हैन ? जति घिचे पनि नहुने ।"

उनले लात्ताले ठोक्न थाले ।

उमाले अलि रातो अनुहार पारेर भनिन्- "बिहानदेखि केही खाएका छैनन् बिचरा । त्यति दुई माना चामल सुत्केरीमा खान भनेर राख्ने हो र ? तपाईंको चाल यस्तो छ । मलाई त कता मरौं कि के गरौं जस्तो हुन थाल्यो ।" अनि उनले आँटाको पातलो खोले र सुकाएको सागको झोल सबैलाई खान दिइन् । उमाले लोग्नेको मुखतिर फर्केर भनिन् - "आज भवानीकहाँ चामल माग्न गएका । बहिनीले छैन भनी । अलि हुनेखाने भए पो त सबैले माया गर्छन् । गरिबलाई कसले हेरोस् ? जसले पनि बलेकै आगो ताप्दा रहेछन् । आफ्नो त कर्मै खोटो । मेरै छोराछोरी धेरै, मेरै लोग्ने जाँडको घैंटो, यतिका नपाउने अपरेसन गरौं भन्दा नमान्ने । आफूलाई दुःख नहुने, छोराछोरीले पनि बाउसित खान नमाग्ने के भो र ? बसौंटे सन्तान जन्माउँदा शरीरमा रगत पनि छैन ।"

"छोराछोरी पाउनमात्रै पनि तँलाई दुःख भा'को ?" उमेशले रिसले कालोनीलो हुँदै भने-"दस भाइ छोरा नजन्माई छोड्दिन । म कमाउने छँदैछु । लाज नभएकी नकच्चरी ।" उमेश धड्धड् गर्दै उमाका नजिक पुगे र कपाल लुछेर चार थप्पड हाने । धड्धड् गर्दा थालको खोलेमा खुट्टा पऱ्यो । थाल उछिट्टिएर पर पुग्यो । आँटो यत्रतत्र भयो । कोही छोराछोरी सुतेका थिए भने कसैले बाबुको चाल हेर्दै आगो तापेका थिए ।

रातको दस बजिसकेको थियो । आकास बादलले डम्म ढाकेको थियो । अँधेरी रात हुनाले सबैतिर सुनसान थियो । उमेश जीउभरि जुठो आँटो लिएर ओछ्यानमा पल्टे । उमाले कान्छो छोरालाई काखमा लिँदै भनिन् - "माइत जाऊँ भने दुई जीउसित त्यहाँ पनि बास पाइँदैन ।" रुँदै उमाले भऱ्याङ मुनिबाट दाउरा निकालेर अँगेनामा जोरेर आगो तापिन् । "कसौंडीमा आँटो छैन । दुई जनालाई भनेर पस्केको सबै पोखिदिए ।"

भुईंमा लतरपतर भएको आँटो पनि उमाले उठाउन थालिन् । खाऊँ त माटैमाटो भएको छ, नखाऊँ भोकले सताएको छ । "नखाऊँ त दिनभरिको

सिकार, खाऊँ त कान्छाबाबुको अनुहार" भन्दै बटुलबाटुल गरेर नुनसित खाइन् । सबै केटाकेटी अँगेनाकै वरिपरि घुर्न थाले ।

एक छिनपछि उनलाई बेथा लाग्न थाल्यो । बल्लबल्ल सारा भाँडा बटुलेर माँझ्दै भनिन्- "हे दैव ! घरमा एक मुठी अन्न छैन । अब सुत्केरी हुँदा के खाने होला ? चार माना पकाउँदा पनि छाक पुग्दैन । लोग्नेको यो हालत छ ।" उमाका आँखाबाट आँसुका ढिका खस्न थाले । उनले आँसु पुछिन् र आफ्नो दुखेको पेट छाम्दै बाहिरतिर आँखा लगाइन् । बाहिर पानी दर्केको थियो । झ्याल ढोकाबाट चिसो स्याँठ भित्र पसिरहेको थियो । उमाले आफ्नो बेथाको पनि वास्ता नगरी खाने खर्चको खोजीमा लागिन् । कहिलेदेखि कुनामा फालिएका धान निफनिन् । धान एक पाथीजति भयो । धान कुट्दा उनको झन् दुखाइ बढ्न थाल्यो ।

गाउँमा सुनसान थियो । पानी परिरहेकै थियो । धान दलेर-पिसेर उनले निफनिन् । निफन्दा चामल त चार माना पनि भएन ।

उनी भित्र-बाहिर गर्दै छट्पटिएकी थिइन् । एकातिर के खाने भन्ने चिन्ता थियो भने अर्कातिर कसरी पाउने ? रात बित्दै थियो, सानु टुकी बलिरहेको थियो । अँगेनामा दाउरा बलिराखेका थिए । कताकता कुखुरा बासेको आवाज आयो ।

रात बित्दै गयो, तर उनलाई बच्चा भएन । फेरि सबै काम गर्न लागिन् । उज्यालो हुँदा सबै केटाकेटी उठेर रुन-कराउन थाले ।

उमेश उठेर उमातिर फर्केर जर्केर कराए- "पापिनी, हिज मलाई खान पनि दिइनस् होइन ? कुकुरले झैं छौंडा पाएकी छ, तिनैलाई घिचाउँदा ठिक्क । हेर त्यो अनुहार भूतको जस्तो छ । तँ नमरेसम्म मलाई कहिल्यै सुख हुँदैन । बर्सौंटे पाउँदै, खुट्टा पसारेर खाँदै कति आनन्द ! तेरो कमारो हुँ र म ? अलच्छिनी ।"

बिहानको आठ बजिसकेको थियो । जतातत्तै कुहिराले ढाकेको थियो अलिअलि फिस्फिस् पानी पनि परिरहेको थियो । उमा कम्मरमा लुङ्गी बेरेर फाटेको पछ्यौरा काँधमा राख्दै बहिनीका घरतिर लागिन् । आफ्नो सुत्केरी पीडालाई दबाउँदै बेलपाटा पुगिन् र सबै कुरा बताइन् ।

आफ्नो बेथा बताएपछि उनले विनम्र भएर अनुरोध गरिन्- "मैले पछि काम गरिदिउँला नानी" मलाई चार-छ पाथी धान दे । तेरो भेनाको चाल त्यही

हो । नसामा डुबेपछि होसै पाउँदैनन् । जति पकाए पनि पुग्दैन । बरु ठूली छोरीलाई काम गर्न राख्ने भए राख् ।"

अनिता अलि रिसाएको अनुहारले दिदीका मुखतिर हेर्दै भनिन्, "जति दिए पनि पुग्दैन तिम्लाई । खुरुक्क गएर छोरीलाई पठाइदेऊ । गाई चराउन लगाउँछु । महिना दिनपछि उसको जेला दिम्ला, हुँदैन ?"

"हुन्थ्यो हुन त, आजै छोराछोरी भोकै छन् र पो ।"

उतावाट उमाकी दिदी भुपा आइन् । उनले भनिन्- "आज उमा पनि कतावाट ? तेरो सुत्केरी हुने बेला भयो हैन ? ज्वाईंले जाँड खान छोडे ?"

उमाले अलि अँधेरो मुख पारेर भनिन्- "उस्तै हो । मलाई सन्चो छैन । घरमा खर्च पनि छैन । त्यसैले यहाँ आएकी दिदी ।"

भुपाले उसको अनुहारतिर कर्के आँखा लगाउँदै भनिन्- "कति पाउँछेस् है सन्तान पनि ? यसो सहरतिर उपाय खोज्न जा न । जसले पनि बलेकै आगो ताप्ने हुन् । मेरो त झन् सबै व्यवहार पनि सौताका हातमा छ । के गर्नु ! "आफैं त महादेउ उत्तानो परे कसलाई देलान् बर ।" तँलाई मैले केही सहयोग गर्न सक्दिन । सबैभन्दा धनी अनिता नै छ । उसले जति हेला गरे पनि उसैसित दुःख देखाउनु पर्छ । अनि उनले पटुकीको गाँठो फुकाएर पचास रुपियाँ निकालिन् र उमाका हातमा राखिदिइन् । "यसैले चामल किनेर खा" अहिले मोटा चामल दस रुपियाँ पाथी पाइन्छ । अनि उनी हातमा नाम्लो लिएर बारीतिर लागिन् ।

उमाले अनितासित भनिन्- "छोरीलाई गाई चराउन पठाइदिऊँ त नानी ?"

"फेरि छोरीलाई यहाँ राखेपछि जतिखेर पनि यो चाइयो, त्यो चाइयो भन्न आउने होइन नि । महिना नबित्दै कहिल्यै नआउनू । हेर उमा दिदी, तिमी कति लोभी छौ भन्ने कुरा मलाई थाहा छ । जाऊ छिटो घर, फेरि यहीं बच्चा जन्मेला ?"

उमा पछ्यौरीले आँसु पुछ्दै पसलतिर लागिन् । पुसको दस गतेको दिन थियो । सिमसिम पानी परेको थियो । उनका हातगोडा चिसा भएका थिए । आकास बादलले ढाकेको थियो । उनी पिपलपाटेको पसलमा पुगिन् र चामल भरेर भनिन् । अरू पनि चार पाथी हालिदिनुस् न, पछि काम गरेर कटाउँला हुँदैन ?"

पसलेले भने- "त्यो त नहुने होइन, पुरानो पनि त्यसै छ । फेरि उधारो दिने त कुरै भएन नि ।" उमा निरास भएर पटुकाको नाम्लोले बोरा बोकिन्- "कति बेला भयो दाइ ?" उनले अलिक नाक खुम्च्याउँदै भने- "बाह्र बज्यो, किन चाहिएको होला यस्तालाई बेला ?"

उमा सकीनसकी बेला-बेलामा दाँत टोक्दै खोलो तरेर पारी पुगी ढिकमा धोक्रो बिसाउँदै भनिन्- "हे भगवान् ! मलाई कुन जुनीको पापको सजाय दिँदैछौ ।"

उनी थुचुक्क बसिन् । त्यहीं उल्टो बच्चा जन्मन लाग्यो । उनले डाँको छोडिन् । "अब के गरूँ ? यो गैरामा कसले सुन्ला ? म दुःखीको विलाप मेरो रुवाइ कसले सुनिदिने ? अब न त उठेर जान सक्छु । न त यो खोलाको किनारमा बस्न सक्छु ।"

उनी आधा घन्टा जति त्यहीं बसिन् । पानी परिराखेको थियो । उनका हात गोडा बाउँडिएर बाङ्गा भएका थिए । माथि सिरानतिर पानी परेकाले खोलामा धमिलो पानी र लेदो बग्दै थियो ।

उमाको उल्टो बच्चा अड्किराखेको थियो । त्यो खोलाको बाढी देखेर गोडा निस्केको बच्चालाई हातले थाम्दै चामलको बोरा बोकेर माथि आफ्नो बारीको छेउमा बल्लबल्ल पुगिन् र भनिन्, "ए नानी छोरी यता आइज न । लौ न, यो चामल भिज्यो, लैजा घर भित्र लगेर राख् ।"

एक छिनपछि उल्टो बच्चा जन्म्यो । छोरी रहिछ ।

उतावाट उमाकी ठूली छोरी आएर भनी, "के भो आमा ।" उमा बेहोस थिइन् । छोरी कुदेर बाबुका नजिक पुगी । "बा, लौ न आमालाई के भो लौ न ।" उमेश भने जाँड खाएर मातेका थिए । ढल्पलाउँदै उमाका नजिक पुगेर भने- "छोरी मरिछ । यसले त मरेकी छोरी पो पाइछ । किन सुतेकी हँ ?" उमेश एकछिन त्यहीं वरिपरि घुमे । छोराछोरी रुँदै-कराउँदै छिमेकीका घरतिर लागे ।

साँझको करिब छ बजेको थियो । पानी परेकाले जतातते हिलैहिलो थियो । लाइटका सहाराले सबै गाउँटोलमा पुगेर आत्तिँदै भने- "लौ न लौ न जाऊँ, उमाको उद्धार गरौं ।" सबैले मिलेर उमालाई घरमा ल्याए । उमाको शरीर भिजेको र हातगोडा चिसाले बटारिएका थिए । गुन्द्रीमा सुताएर आगो दन्काए । उनी बेहोस थिइन् । धेरै बेर आगो बालेपछि उमाले हातगोडा

तन्काइन् । रगतले सबै शरीर र गुन्द्री भिजेको थियो । सबै जनाले उमालाई बोलाउन थाले । उमाले थाहा पाइछन् । उनले सानो स्वर निकालेर "भोक लाग्यो" भनिन् । उमेशले अलि खिज्याए जस्तो गरेर भने- "ऊ खान आत्तिएकी छे, खान दे छोरी । तेरी आमालाई मलाई दड्ल्याउन पाए हुन्छ । बिहान हिँडेकी मान्छे आएर बारीमा सुत्न क्या आनन्द भयो होला !"

उमेश लर्खराउँदै बिस्तरामा पुगे । उमालाई छोरीले भात खुवाई । भात खाएपछि र अलिक न्यानो भएपछि उमालाई पनि अलि सन्चो लागे जस्तो भयो । रात बित्दै गयो । बिहानीपख उमाले उमेशलाई बोलाउँदै भनिन्- "कति निदाएको, सबै छोराछोरी चिसो भुइँमा लडेका छन् । कस्तो माया नलागेको छोराछोरीको ?" आफूलाई एक परान मरेर पाउन र पाल्न परे माया लाग्छ । "सर्पले फूल पारे जस्तो, गरेपछि किन माया लागोस् ।

उमा बल्लबल्ल उठेर बाहिर दलानमा निस्किन् । असिना परेकाले जतातत्तै सेतै देखिन्थ्यो । आकास डम्म थियो । गोठमा एउटा गाई र एउटा भैंसी थियो । फेरि भित्र पसेर कराइन्- "अब त उज्यालो भो" उठ्नुस् । सीमाका बा, ए सीमाका बा !" उनले छोरीतिर फर्केर भनिन्- "सीमा, जान दाउरा ले, गोठमा के हुँदैछ, त्यो पनि हेरेस् ।" उनले अरू छोराछोरीलाई हेर्दै भनिन्- "रातभरि आगो नतापेको भए त मरिन्थ्यो । गोठमा असिना सेतै थिए । गाईभैंसी दुवै ठण्डीले मरेछन् । उमाले अलि आत्तिँदै र रिसाउँदै भनिन्- "उठ्नुस् न भनेको के, गोठका डिँगा पनि मरेछन् । ए सीमा, जा तेरा बालाई बोला । कति निदाउन सकेका यति अबेलासम्म ।"

सीमा बालाई उठाउन गई । "बा, ए बा, कति सुतेको ? आकाशमा बादल छ र हो नत्र घाममाथि आइसकेका छन् । बा, बा उठ्नुस् न आमालाई खान पनि दिनुपर्‍यो । हिजो जन्मेको बच्चा के हो आमालाई थाहा पनि छैन ।" उसले बाबुका कपडा फालिदिई, तर केही उत्तर आएन । बाबुका हातगोडा पनि दह्रा भइसकेका थिए । सीमा अलि आत्तिँदै कराई- "लौ न ! लौ न आमा, बालाई के भयो, बोल्दै बोल्नुहुन्न । जति हल्लाए पनि आँखाले हेर्नुहुन्न ।"

उमाले रिसाएको स्वरमा भनिन्- "जतनामन्त रक्सी खाएपछि किन आँखा खोलुन् त । सरम नभएको जात, अलिकति पनि दयामाया छैन । परिवार नियोजन गरौं भन्दा पनि सुन्दैनन् ।" आकाश अलि सफा भयो । जमिनमा

घामको हल्का तातो पर्न लाग्यो । बिहान छिप्पिइसकेको थियो । उमाले अलि रुन्चे मुहार पारेर भनिन्- "छिटो खाना पका नानी, मलाई सारै भोक लाग्यो । शरीर पनि काम्न थाल्यो ।"

अनि केही बेरपछि उनी उमेश सुतेका कोठामा पुगिन् र सकेको कराउन थालिन्- "ए के गरेको तपाईंले, अलिकति पनि लाज छैन ? परार साल रामु जन्मदा पनि यस्तै गर्नुभो ।" छोरीतिर फर्कंदै भनिन्- "आ त नानी त्यो झ्याल खोल ।"

सीमाले झ्याल खोली । उमेश कक्रक्क परेको देखी । सीमाले रूँदै-कराउँदै, पल्लो घर पुगेर दिनेश काकालाई बोलाई- "लौ न काका, अब के गर्ने ?"

काकाले अलि झर्के झैं गरी भने- "बदमासले सधैं त्यस्तै गर्छ । खै के भा'को हो कुन्नि ।"

अनि दिनेश गएर उमेशलाई हेरेर आत्तिए । आत्तिएर पनि के गर्ने र ? उनी गाउँमा गएर अरूलाई पनि बोलाए र सबै मिलेर उनलाई आँगनमा पुऱ्याए । शरीर कक्रक्क परेको थियो । मुखबाट फिँज निक्लेको थियो । सबैले मुखामुख गरे ।

उमाले टाउको ठोक्दै भनिन्- "ए भगवान् ! तँ कति निस्ठुर रहेछस् नि । म गरिबलाई यो केको सजाय दिएको ?"

सबै गाउँले मिलेर लास उठाएर लगे । खोलामा पुग्दा त हिजो जन्मेकी छोरीलाई कुकुरले तानातान गरेका । त्यो सुनेपछि उमा त्यहीं पल्टिन् । सबैले पानी छम्कन थाले ।

"कति एकैचोटि लागेको दशा पनि ।" सबैले भन्न थाले । गाई भैंसी, पनि मरेछन् । "जो होचो उसैको मुखमा घोचो" भन्दै उनलाई अलि होसमा ल्याएर खोलामा लगे र नुहाउन लगाए । पुसको महिना हुनाले घाम लागेको थिएन ।

बिचरी ! सीमा बाह्र वर्षकी केटीले छवटा भाइलाई कसरी सम्हाल्ने ?

उमेश बितेको पनि दस दिन भयो । बाह्र दिनका दिन बुधबार परेकाले तेह्रौं दिनमा गहुँत खाए ।

साना दुई छोरा सिकिस्त बिरामी थिए । निमोनियाले थलै परेका थिए । त्यो हुलमुलमा कसले तिनीहरूको वास्ता गरोस् ? एक दिन राति निकै

कराएको आबाज आयो । उमाले कान्छालाई काखमा लिएकी थिइन् । रातको करिब बाह्र बजेतिर कान्छाले आमाको काख र संसार छोडेर गयो । उमा रुँन-कराउन लागिन् । बिहान चार बजेतिर अर्को पनि गयो । घरमा कोलाहल मच्चियो । सारा गाउँ आएर सान्त्वना दिन थाले । उमाले आँसु बगाउन पनि छाडिन् । आँसु पनि सिद्धिसके छ ।

एक दिनको कुरा हो । असारको महिना थियो । त्यो दिन पानी निकै परेको थियो । फूलपाटे दधिराम आएर भने- "उमा दिदी, तपाईंका छोरालाई अलिअलि काम सघाउन पठाइदिनु न । आज हाम्रो रोपाईं छ ।"

उमाले अलि अनकन गर्दै भनिन्- "त्यति सानाले के काम गर्ला र ?"

"केही हुन्न, अब अलिअलि काम सिकाउनु पर्छ ।" दधिरामले भने ।

उमाले आकासतिर फर्किएर भनिन्- "उमेर सानै छ केटाहरूको । त्यत्रो खोलो कसरी तर्लान् । जेठो बल्ल दस पुगेको छ । राम्ररी लैजानु होला ।" दुवै भाइ खुसी हुँदै दधिराम पाण्डेका साथ लागेर गए । त्यो दिनभरि नै पानी रोकिएन ।

आकास खस्ला झैं गरी गर्जेको थियो । उमाका मनमा अनेक कुरा घुम्न थाले । मनमा छट्पटी थियो । चिसापानीको बन सुसाएको थियो । लगाएको पाटे लुङ्गी निचर्दै उनी बनतिर लागिन् । बनको बाटो खोलाको किनारमा पुगिन् ।

पारिबाट दधिरामका खेताला हाँस्दै कराउँदै खोलामा पसे । कति खोलापारि आइसकेका थिए । कति पारि नै कराउँदै थिए । जतातते भल बगिरहेको थियो । पारि पेउले डाँडातिर बाघ गुङ्केको आबाज आएको थियो । खोलामा कोलाहल मच्चियो- "ए लौ न ! हलो जुवासितै गोरु बगे ।"

अनि एउटाले चिच्यायो- "सबै आइयो कि आइएन, गन त ।"

अर्को चिच्यायो- "ए को कराएको सुन त । दुईजना केटा बगिसके ।" सबै आत्तिए, तर खोलाबाट उनीहरूलाई निकाल्न सकेनन् ।

लाहुरे कान्छाले भने- "म पारि जान्छु, अब त पानी बिसायो ।" दधिराम र विमल खोलो तरेर पारि पुगे ।

पारि पुगेर दुई बच्चा लिएर खोलो तर्दै गरेका दधिराम भद्राङ्गै पल्टे खोलामा । छोप्न खोज्दा खोज्दा दुवै जनालाई खोलाले बगायो । दधिराम बल्लबल्ल उठेर चिच्याउन थाले । "लौ न, गुहार गुहार ! केटाहरू कता गए ।" लाहुरे पौडिएर तलसम्म पुगे । सबैले गुहार ! भन्दै कराए, तर खोलाले कसैको गुहार सुनेन ।

सबैले राम ! राम !! भनेर कराउन थाले । खोलाको गड्गडाहटले गर्दा र नजिक गाउँ कतै नहुनाले कोही आएन ।

उमा बहुलाही झैं भएर कराउन लागिन्, अनेक विलाप गर्न लागिन् । सबैजना रातभरि खोलामै रोएर बसे । कतिले त राँको बालेर खोलामा बच्चा खोज्दै किनारैकिनार तलसम्म पुगे ।

"अरूले लडाउलान्, खोलामा भनेर मैले ल्याएको हुँ ! हे भगवान् ! के पऱ्यो नि यस्तो ?" दधिरामले विलाप गरे ।

उता उमाको घरमा अरू बच्चा पनि आत्तिएका थिए । अनिताको घरमा गाईगोठालो बस्न गएकी सीमा उतै आत्तिएकी थिई । उमा पागल जस्ती भइन् । उनी कहिले खोलाका किनारमा पुगेर कराउन थालिन् भने कहिले उमेश मरेको कोठामा पुगेर रुन थालिन् । यस्तो कुरा छोरी सीमाले थाहा पाई र आमासँगै बस्न थाली ।

एक दिनको कुरा हो अनिता आएर सीमालाई कपालमा समातेर लछारपछार गर्न थाली । उमाले दुःखी हुँदै भनिन्- "तेरो रिन कति छ, कागत लेखेर ले । बारी दिऊँला ।" अनितालाई 'के खोज्छेस् काँना, आँखो' भने झैं भयो र केके जोडेर थुप्रै बताई । उमाका जेयाले पनि नपुग्ने भयो । उमाको उठीबास लाग्यो ।

दधिरामले उमाको साइँलो छोरालाई धर्मपुत्रको रूपमा पाल्न थाले । सीमाको विवाह पनि दधिरामले नै गरिदिए । उमा मन्दिरमा बस्न लागिन् ।

शिवमन्दिरमा ठूलो मेला लागेको थियो । उमा पनि त्यही मन्दिरको पेटीमा बसेर माग्दै थिइन् । "त्यो माग्न बसेकी आइमाई तालुखुइले दधिरामकी स्वास्नी हो ।" एउटी आइमाईले प्याच्चै भनी, अनि यो हल्ला त्यहाँ वरिपरि फिँजियो । "दधिरामले छोरा पनि पालेको छ, यो वेश्यालाई रखौटी पनि बनाएको छ ।"

उमालाई देखेर पुजारी दङ्ग परे । उनले भने- "बिचरी उमालाई आपत्माथि विपत् पऱ्यो । सारा सम्पत्ति बहिनीले खाई । अब उनले के गरून् त ? तपाईंहरू यस्तो हल्ला नफिँजाउनुस् । दधिराम र उमा त्यस्ता मान्छे होइनन् । दधिरामले उमालाई सम्मान गरी सहयोग गरेर दिदी बनाएका छन् । जे मन लाग्यो त्यही भन्नुहुँदैन ।" उमा त्यहाँबाट पनि हिँडिन् । अहिले कहाँ छन् उमा ? त्यो कसैलाई थाहा छैन ।

तीन

बिराएको बाटो

झमक्कै साँझ परिसकेको थियो । औंसीको रात हुनाले जतातते अँध्यारो थियो । पूर्वतिरबाट सिरसिर हावा लागेकाले खोपामा राखेको सानो टुकीको बत्ती पिलपिल गर्दै थियो । गोठमा एउटा गाईको बाच्छी सायद भोकले होला बाँ-बाँ गरेर कराउँदै थियो । आँगनभरि गुर्धौली र सयपत्री फूल फुलेर मगमग बास्ना दिइरहेका थिए । थकित शरीर लिएर शीला पिँढीमा एक्लै बसेर टोलाइरहेकी थिइन् । आँगनमा फुलेका फूलहरूले तिहारको निम्तो दिएजस्तो उनलाई लाग्यो । उनले आफ्नो पीडा बिर्सिएर दाजुको बारेमा सोच्न लागिन्- "यति बेला दाजु कहाँ होलान् ? के गर्दै होलान् ? उनले हामीलाई चटक्कै माया मारे कि ! हिँड्ने बेलामा यसपालिको तिहारमा आउँछु भनेका थिए, तर कति दसैं गए, तिहार गए, तैपनि उनी आजसम्म फर्केका छैनन् ।" अनायास उनको मन भरिएर आयो र आँखा छचल्किए ।

बूढी आमा कराउँदै बाहिर निस्किन्- "नानी, कता छस्, यति बेला पनि अँगेनामा आगो बलेको छैन । फेरि दिनभरि कता नि ?"

"अब सबै काम गरिहाल्छु नि, तर आमा, आज मलाई निकै औडाहा भएको छ । तपाईंलाई के भनूँ र कसरी भनूँ ?" बोल्दाबोल्दै शीलाको स्वर अवरुद्ध भयो ।

आमाले शीलाको त्यो अवस्थालाई बुझ्न सकिनन् र अलि रिसाएर भनिन्- "के भो आज ? बिहानै भात पनि नपकाई गएकी छोरी यति बेला आइस् । गोठमा बाच्छी भोकले कराइरहेको छ । अब त जवानीले छोयो हैन तँलाई ? बिरामी आमाले के खाई होली पनि भनिनस् । छोरो पनि विदेश गएको उतै हरायो । मेरो कर्मै यस्तै रहेछ । अब उसलाई देख्नै नपाई मर्ने भएँ ।" उनले धोतीको छेउले आँसु पुछिन् ।

"आमा, म गाईलाई घाँस हालेर आउँछु । तपाईं भित्र जानुहोस् ।" मन बलियो पार्दै शीलाले भनिन् ।

गोठको काम सकी अँगालोमा दाउरा लिएर शीला भित्र पसिन् । केही छिनमा खाना पकाई आमालाई खुवाइन्, तर आफूले खाना खान सकिनन् ।

छोरीले खाना नखाएको र अँध्यारो अनुहार देखेर आमाले निकै डराउँदै सोधिन्- "के भो आज ? तेरा आँखाबाट आँसु पनि झरेको छ नि ! भन् त नानी के भो ? के दाजुको नराम्रो खबर आयो ?"

उनले टुकीको मधुरो उज्यालोमा छोरीलाई हेरिन् । शीलाका कपडा च्यातिएर धुजाधुजा भएका थिए । आँखाबाट आँसु झरिरहेका थिए । उनले एकतमासले अँगेनातिर हेरिरहेकी थिइन् ।

आमाले फेरि मायाले सोधिन्- "के भो छोरी ? मलाई भन न ।"

"म बरबाद भएँ आमा ! आज चिन्तामणि साहूको घरमा गएका बेला उसको छोरा धुवले मेरो इज्जत लुट्यो । अब म के गर्ने आमा ? म मर्न पनि सकिन !" भन्दै शीला डाँको छोडेर रुन थालिन् ।

शीलाको कुरा सुन्नासाथ आमा रिसले चूर भएर अगुल्टोले छोरीको टाउकोमा हान्दै हकारिन्- "तँलाई कसले जान भनेको थियो त्यो बदमासको घरमा ? बाह्र सन्तानमध्ये तिमीहरू दुई दाजुबहिनी मात्र बाँचेका छौ । तिमीहरूले पनि मलाई रुन पाऱ्यौ होइन ? छोराछोरीबाट पनि मलाई कहिल्यै सन्तोष भएन । त्यो सबै कसरी भयो ? मलाई बता । बहुलाहा कुकुरहरूको पेटमा धर्म छैन छोरी ! ए प्रभु ! म के गरूँ ?" उनी चिच्याएर रुन थालिन् ।

शीलाले हातमा लागेको घाउ देखाउँदै भनिन्- "त्यो पापीसित लड्दा काटेको । म त्यहाँ जाने थिइन । त्यो चिन्तेको छोरो धुवे पनि दिल्लीबाट आएको रहेछ । त्यसले मेरो दाजुलाई कतै भेटेको थियो कि भनेर सोध्न गएकी थिएँ । त्यहाँ पुगेर सोध्दा धुवेले आफूले नभेटेको कुरा बतायो । त्यसैबेला उसको बाबुले मलाई पाखामा गएर एक भारी घाँस काटेर ल्याउन भनेको थियो, तर मैले अहिले फुर्सद छैन भनेर मानिन । उसले आँखा सन्काउँदै छोरालाई भन्यो- "जा धुव यसलाई राम्रोसित मरम्मत गर ।" त्यसपछि म डराउँदै घरको बाटो लागें । अलि तल उसैका बारीनेर मात्र के आएकी थिएँ, धुव मलाई झम्टन आइपुग्यो । उसले मलाई घिसार्दै झिलङ्गी बारीमा लग्यो । लड्दालड्दै कपडा च्यातिए, तर मैले उसँग हार्नु नै पऱ्यो । त्यसपछि मलाई घरमा आउन मन लागेन । तल भीरमा गएर मर्छु भनी रूखमा पनि चढें, तर तपाईंको मायाले गर्दा मर्न पनि सकिन । दिनभरि त्यहीँ बसेर धेरै रोएँ, तर टुङ्गो लगाउन सकिन र तपाईंलाई रुवाउन आएँ आमा । म कहाँ जाऊँ आमा ! के गरूँ ?"

शीला आमाको काखमा घोप्टो परी ।

आमाले शीलाको कपाल मुसार्दै ठूलो सास फेरिन् । मलिनो अनुहार लगाएर खोपामा राखेको गणेशको मूर्तितिर हेर्दै भनिन्- "हे भगवान् ! कति आपत् आइलाग्यो मलाई यो बुढेसकालमा ? यस्तो कुरा कोसँग भनौं ? कसले के निसाफ गरिदेला हामी गरिबलाई ?"

अनि फेरि उनले छोरीको टाउको उठाएर उनको अनुहारमा हेर्दै बिलौना गर्न लागिन्- "भनौं भने छोरीको जीवन नै बरबाद, नभनौं भने यस्तो अचाक्ली कसरी सहने ? ती पापीहरूका गिद्धे आँखा पनि मेरै टुहुरी छोरी माथि परे ।"

"म त त्यसै छाड्दै छाड्दिन । इज्जत गए जाला । इज्जत गयो भने बिहे नहोला । के हुनेछ त त्यो भन्दा ?" शीलाले पटुकी कस्दै भनी ।

"त्यो पापी पऱ्यो धनी, हामी परियो गरिब । बोले जिब्रो काटिन्छ बाबै ! हुन दे जे भो, सो भो" । गरिबको कुरा कसले सुन्छ ?" बूढीले कामेका हातले पानी खाँदै भनिन् ।

शीलाले दाँत कट्कटाउँदै भनिन्, "जे होला होला । भोलि समाजमा कुरा राख्छु । त्यसै किन छाड्ने ? त्यस पापीलाई काँको काटे भैं नकाटी मेरो रिस मर्दैन । पख् ! चिन्तेका बाहान तँलाई नगिँडेसम्म मलाई निद्रा लाग्नेछैन ।"

आमाछोरी धेरै रातिसम्म के गर्ने कसो गर्ने भनेर कुरा गर्दै अँगेनाको छेउमा बसिरहे । बत्तीमा तेल सकिएर कतिबेला निभेछ, उनीहरूलाई पत्तै पाएन । बाहिर अँधेरी रात भए पनि तारा झकमक्क आकासमा देखिन्थे । रात निकै छिप्पिइसके पछि उनीहरू सुत्न भनेर ओछ्यानमा पल्टिए, तर शीला रातभरि निदाउन सकिनन् । के गरौं र कसो गरौंको छटपटीमै उनको रात बित्यो ।

उनले सोचिन्- "बिहान उठेर आमालाई खाने व्यवस्था मिलाइदिएर गाउँमा गई सबैलाई भन्छु । गए जाला इज्जत । त्यसलाई पनि दाग नलगाई छाड्दिन । त्यसले पनि त विवाह गरेको छैन ।"

बिहान उठेर अँगेनामा पानी बसाल्दै आमालाई बोलाएर भनिन्- "आमा, भात पकाएर राखिदिछु, आफैं निकालेर खानुहोला । म गाउँतिर मान्छे जम्मा गर्न जान्छु । जे त होला ।"

आमाले केही उत्तर नदिएपछि उनी आमालाई छाम्न पुगिन् । कपडा फाल्दै बोलाइन्, तर आमा सधैंका लागि छाडेर गइसकेकी थिइन् ।

शीलाले आफ्नो टाउको आमाको छातीमा राखेर धेरै बेर विलाप गरिन्, तर त्यो विलाप कसैले सुनेन । धेरै बेर कराएपछि उनले अब रोएर आफूलाई कमजोर नपार्ने निधो गरिन् । जसरी भए पनि त्यस पापीसँग बदला लिनु पर्छ भन्ने सोच्दै ढोका लगाएर काका यमबहादुरको घरतिर लागिन् । तिहारको धमाधम थियो, तर शीलालाई त्यसको वास्ता भएन । उनले काकालाई एकान्तमा बोलाएर कुरा भनिन् ।

काकाले पाखुरा निमोठ्दै भने- "लाज हराएको असत्ती । त्यसलाई जे गर्नु पर्छ, हामी गर्छौं, चिन्ता नगर्, छोरी । भाउजू बूढी हुनुभएको थियो, जानु भो । अब पीर गरेर केही फइदा छैन ।"

एकछिनमै गाउँलेहरू हातमा लाठा लिएर चिन्तामणिको घरतिर लागे । बाटोमा देख्नेहरू सबै छक्क परे । आफ्नो घरमा यसरी गाउँलेहरू आएको देखेर चिन्तामणि पनि आत्तिए ।

उनले सोधे- "के हो ? तिमीहरू केको लागि आका हँ ?"

उनले हातको हुक्का चिलिम छोरालाई दिँदै भने- "यो लैजा त ।"

यमबहादुरले शीलालाई भने- "शीला, ल हिजोको घटना भन ।"

शीलाले धुवतिर सङ्केत गर्दै भनिन्- "उहाँ मेरो लोग्ने, हिजोदेखि म तपाईंहरूकी बुहारी । बुझ्नु भो त ससुराज्यू ?"

चिन्तामणिले दलानको कुनामा राखेको लट्ठी लिएर शीलाको टाउकोमा हान्न लागे । शीलाले लट्ठी समात्दै भनिन्- "क्या हो ससुराज्यू, बुहारी पिट्न आउने ? हिजो तपाईंले नै छोरालाई अराएर पठाएको होइन ? यिनले मेरो इज्जत लुटे ।"

शीला धुवको कठालो समात्न पुगिन् । गाउँलेले जिब्रो टोके ।

चिन्तामणि रिसले आगो हुँदै शीलालाई समाउन पुगे- "तँलाई बेस्से, मेरो छोरालाई नभएको आरोप लगाउँछेस् । प्रमाण देखा ।"

शीलाले आफूलाई चिन्तामणिको हातबाट फुत्काउँदै भनिन्- "तिम्रो छोरालाई सोध । त्यही हो प्रमाण ।"

शीलाले फेरि धुवको नजिकै गएर भनिन्- "ए ! पापी गुन्डा, नकचरा, हो कि होइन भन् । नत्र पुलिस बोलाउँछु । कि त तँलाई मार्छु र म जेल जान्छु । भन् ।"

धुवले नजिकैको उदिनढुङ्गो उज्याउँदै भन्यो- "तँलाई लाजसरम छैन ? आइमाई भएर मलाई झुठै आरोप लगाउन । कतिखेर छोएँ भन् ? बडो नभएको दोष लगाउँदी रैछे ।"

"आफूले गरेको कुकर्म कसरी होइन भन्छस् ? डाँका, चोर, बदमास !" शीलाले गर्जेर भनिन् ।

"हो भने हो के भो'त ? तँ कङ्गाल ढुटेकी छोरी के गर्न सक्छेस् गर ।" धुवले अनुहार रातो पार्दै भने ।

"अब म तिम्रो घरमा आएर बस्छु । न मैले अन्त विवाह गर्छु न त तिमीलाई नै विवाह गर्न दिन्छु ।" शीलाले अड्डी कसी ।

उपस्थित सबैले शीलाको कुरामा सहमति जनाए ।

यस्तो देखेर चिन्तामणिलाई सहिसक्नु भएन । उनी माथि बारीको डिलमा गएर कराउन थाले- "थुक्क, मोरा हो ! अझ ताली बजाउने ? सरम छैन ? गैहाल यहाँबाट । बडो अझ "ठीक भनी छोरीले" भन्ने बदमासहरू ।"

एकजना बूढाले जङ्गिएर भने- "तिमीहरू गौतमका सन्तान निकै दुष्ट पापी रहेछौ । अरूको सम्पत्ति र छोरी बुहारीमाथि कुदृष्टि राख्ने फँसाउने जस्ता घटिया काम बाहेक अरू के नै गर्न जानेका छौ र ? के भो'त ? राम्रोसित बुहारी बनाए भैगो नि । केको झगडा टन्टा ?"

झगडा गर्दागर्दै बिहानको दस बजिसकेको थियो । कुराको केही टुङ्गो लागेन । शीलाले आमाको लास भित्रै रहेको र फेरि यसलाई यत्तिकै छोड्न भएन भन्ने सोचिन् । उनले काकालाई एकान्त बोलाई अब के गर्ने भन्ने विषयमा छलफल गरिन् । सल्लाह अनुसार काका र शीलासहित चारपाँचजना त्यहीं बसी एउटा कागज गराएर मात्र छोड्ने अरू गएर लासको दाहसंस्कार गर्ने सहमति भयो ।

शीलाहरू फेरि चिन्तामणिको आँगनमा आए । चिन्तामणिले निधार खुम्च्याउँदै लोटा लिएर दलानबाट भित्र जान लागेका थिए । त्यत्तिकैमा शीलाले भनिन्- "पल्नुस् ससुराज्यू । तपाईंसँग अझै कुरा गर्न बाँकी छ ।"

उनी हठ गरेर भित्र जान लागेका थिए । शीलाले अगाडि गएर बाटो छेकिन् । बूढाले "लौ यसले मलाई मार्न लागी" भनेर चिच्याए । घरका सदस्यले शीलालाई घेरे ।

शीलाले औंलो ठड्याउँदै भनिन्- "लौ मार, मलाई मारेर तिमीहरूको इज्जेत बच्छ भने मार । सारा दुनियाँले थाहा पाइसक्यो । अझै पनि आफ्नो

कसुर लुकाउन खोज्छौ ? अब त म केही गरेर मरें भने पनि तिमीहरूकै दशा लाग्छ बुझ्यौ ? अब खुरुक्क कागज गर ।"

आफ्ना च्यातिएका लुगा र हातको घाउ देखाउँदै शीलाले थपिन्- "तिमीहरूलाई कस्तो प्रमाण चाहियो ? लौ हेर ।"

चिन्तामणिले आँखा सन्काउँदै भने- "हुन्छ अबदेखि तँलाई यहीँ बस्न दिन्छु, भएन त ?"

"त्यतिले मात्र पुग्दैन । कागज गर यो मेरी स्वास्नी हो, बुहारी हो, देउरानी हो भनेर । ए, श्रीमान्ज्यू ! अंश दिने कि नदिने ?" उनले ध्रुवको पाखुरा समातेर तानिन् । ध्रुवले शीलाको हात झट्कादै उनको मुखमा थुकिदियो ।

बूढाले अलि नरम भएर भने- "गर गर कागज के भो त ? कमारी भएर बस्छे, भैगो ।"

कागज हातमा लिएर शीलाहरू घरतिर लागे । उनीहरू घरमा पुग्दा दिनको करिब तीन बजेको थियो । लास लमतन्न परेको थियो । शीलालाई खपिसक्नु भएन । उनी भक्कानो छोडेर रुन लागिन् । सबैले शीलालाई सम्झाउँदै लास उठाएर लगे । उनले आफैं किरिया गर्ने निर्णय गरिन् । कतिले सम्झाए, तर उनले मानिनन् । उनी किरिया बसेरै छाडिन् ।

समय बित्दै गयो, तेह्र दिन पुग्यो । अब शीलाको सहारा कोही रहेन । उनी एक्ली भइन् । उनलाई आमाको सम्झना र आफ्नो पीरले निकै सताउन थाल्यो। एक दिन उनी सानो टुकीको बत्ती बालेर रातिसम्म सोच्दै बसिरहिन् । उनको आँखामा निद्रा पटक्कै थिएन । उनले आमा सुतेको ठाउँतिर आँखा डुलाइन् । खाटको कुनामा आमाले बनाएर राखेको बिँडी देखिन् । एउटा बिँडी सल्काएर तान्न थालिन् । यत्तिकैमा बाहिर कताकता मान्छे बोलेको आवाज आयो । उनले झ्यालबाट बाहिर हेरिन् । त्यस बेला रातिको बाह्र बजेको थियो । आकासमा बादल लागेको भए पनि उजेली रात हुनाले बादलभित्रैबाट जूनको उज्यालो पृथ्वीसम्म आइपुगेको थियो । टुनी चौरको गाउँ सबै सुतिसकेको थियो । रात चकमन्न थियो । शीलाले केही नदेखेपछि ओछ्यानमा पल्टिइन् ।

एकछिन पछि फेरि ढोका टक्टक् पारेको आवाज आयो । शीलाले उठेर सन्दुकबाट खुकुरी निकालेर सिरानमा राख्दै भनिन्- "को हो हँ ? यति बेला के काम छ ?"

एकछिन केही आवाज आएन । फेरि झ्यालबाट एकजनाले आँखा देखाउँदै भन्यो- "शीला के गरेकी हँ यति बेलासम्म ? ढोका खोल न । किन डराएकी ? नडराऊ जे भो'भो" । आखिर हामी लोग्ने स्वास्नी भइहाल्यौं । खोल ढोका, म तिम्रो ध्रुव । अरू नराम्रो केही नसोच ।"

"के भनेको यति बेला ? जे गर्ने हो भोलि गरौंला । किन यो रातिमा आउनुभा'को ? को-को हुनुहुन्छ ? अघिदेखि नै सुनेकी थिएँ, खासखुस गरेको ।" शीलाले डराउँदै भनिन् ।

ध्रुवले लात्ताले ढोका हान्दै भन्यो- "छिटो ढोका खोल छिटो । धेरै कुरा होइन, बुझिस् ?"

शीला हातमा खुकुरी लिएर ढोकाका कुनामा बसी । ध्रुवले तीनचार लात हान्दा ढोका खुल्यो । ध्रुव र चिन्तामणि भित्र पसे । शीलाले ध्रुवको टाउकोमा खुकुरी प्रहार गरिन् । ध्रुव भुइँमा ढल्यो । चिन्तामणि छोराको अवस्था देखेर मुर्छा परे ।

शीलाले पुलिस चौकीमा गई घटना विवरण बताइन् । छानबिन भयो । जेसुकै भए पनि शीलालाई ज्यानमारा कानुनले समात्यो र उनी भैरहवा जेलमा परिन् । ध्रुवको मृत्यु भयो । समाजले चिन्तामणिलाई माफ गरेन । कालो मोसो दलेर जुत्ताको माला लगाइदिए । चिन्तामणिले माफ माग्दै भने- "के गर्ने काम गर्दा बाटो भुलिंदो रहेछ । मूल बाटो नहिँडेर अबाटो लागेछु । माफ गर्नुस् हजुर । बाटो बिराएछु । आइन्दा यस्तो हुन्न ।"

चार

रिमा

रिमा सोझी थिई । बाबुले अर्को बिहे गरेर छुट्टै बसेका थिए । रिमा आमा पालेर बसेकी थिई । ऊसँग लुगा सिलाउने राम्रो सीप थियो । ऊ पढाइमा पनि मेहनती थिई । उसको बाबु रामबहादुरलाई रिमाले राम्रो लुगा सिलाएको र चिटिक्क परेर हिँडेको, कतै गएको पटक्कै मन पर्दैनथ्यो । रामबहादुर रिमालाई जहिले पनि रुखो व्यवहार गर्थ्यो । रिमाका सौतेला भाइहरूले भने उसलाई बिछट्टै माया गर्थे । रिमाकी आमा दुवै आँखामा फुलो परेको हुनाले राम्रोसँग देख्न सक्दैनथिन् ।

रिमाले राम्रो अङ्क ल्याएर प्रवेशिका उत्तीर्ण गरी । रामबहादुरलाई यो कुरा पनि मन परेन । उसले छोरीको बिहे गरिदिनका लागि केटो खोज्न थालेको थियो ।

एक दिनको कुरा हो, झमक्क साँझ परेको थियो । कता-कता झै-झगडा भएको सुनियो । पुसको जाडोबाट बच्न गाउँलेहरू आगो तापेर बसेका थिए । म ओढ्ने ओढेर हल्ला भएको ठाउँतिर लागें । अलिक पर बरको रूखनिर पुग्दा रिमाको भाइ कमल आउँदै गरेको देखियो । मलाई देखेर कमलले रुन्चे स्वरमा भन्यो- "हेर्नुस् न दिदी ! आज हाम्रा बाले रक्सी धोकेर दिदीलाई बेस्सरी पिटे, लछार-पछार पारे । म तपाईंलाई नै बोलाउन आउँदै थिएँ । दिदी रोइरहेकी छन्, हिँड्नुस् न छिटो ।"

मैले उसलाई भनें- "ल जाऊ आउँला ।" म त्यतैतिर लागें । पुसको चिसो हावा सरसर लागिरहेको थियो । बादलभित्रको जून बेलाबेलामा देखिन्थ्यो । गाउँमा जताततै गोबरका गुइँठा बालेको धुवाँ-धुवाँ थियो । हामीलाई देखेर गाउँका कुकुरहरू भुक्न थाले । हामी रामबहादुरको घर नजिकै पुग्दा झगडा चलिरहेको सुनियो ।

मलाई देख्नेबित्तिकै रामबहादुरले भन्यो- "हेर्नुस् न हजुर !" यो मेरी छोरी भनाउँदी ! मैले एक अक्षर नपढेर पनि काम गरेकै छु, विष्टका कपडा सिलाएकै छु । यो राँडलाई भने दस पास गरेपछि पनि अझै पढ्नु पर्ने ! जति पढे पनि दमाईकी छोरी बाहुनी हुने हैन क्यारे ! यसले गर्दा मेरो रोजीरोटी

बन्द हुने भो । सारा समाज अथवा बिष्टले यसैले सिलाएको रुचाउँछन् । यसले भने आफ्नो बाबु सम्झेर यसो नास्तापानीलाई दुईचार रुप्पे पनि दिन्न । आफ्नो बाबुको लेखोपाखो छैन । आज दस रुप्पे मागेको त मुखभरिको बचन पो लगाई । यसलाई त किन पो छाडूँला र !"

रिमाले झन् ठूलो स्वरमा झकिँदै भनी- "तपाईंले बाबुको व्यवहार गर्नुभएको छ र मैले तपाईंलाई पैसा दिने ? आँखा नदेख्ने आमालाई तारा देखिने छाप्रोमा छोडेर अर्की आमा ल्याएर बस्नुभा'छ । तपाईंले आमालाई छाड्दा म पाँच वर्षकी मात्र थिएँ । गाउँभरि भिख मागेर आमालाई कसरी पालेर यहाँसम्म ल्याइपुऱ्याएँ भन्ने कुरो मलाई थाहा छ । सबै स्कुलका सरहरूले माया गरेका हुनाले पढ्न पाएँ । मैले तपाईंको के खाइदिएकी छु र जैले पनि ममाथि रिस पोख्नुहुन्छ ?"

रिमाले बोल्दै गर्दा रामबहादुर रिसले मुर्मुरिदै उसमाथि जाइलाग्यो र भन्यो- "बढ्ता ठूली हुन्छेस् ! पख् तँलाई सौतामाथि नदिई त किन पो छाडुँला र ?"

रामबहादुरको कुरा सुनेर मलाई पनि रिस उठ्यो । मैले पनि अलि चर्कै स्वरमा भनें- "के भो त ? छोरीले पढेर राम्रा कपडा सिलाएर ज्यान पाल्नु, आमाको स्याहार गर्नु के नराम्रो काम हो त ? खुरुक्क घर जाऊ, यो रातिमा तमासा नदेखाऊ ।" मैले यति भन्न के भ्याएकी थिएँ रामबहादुरले जेठी श्रीमतीमाथि झम्टिन पुग्यो । सबैले रोक्दारोक्दै छेक्दाछेक्दै उसले अँगेनाबाट अगुल्टो निकालेर टाउकैमा बजाऱ्यो । रिमाकी आमा फन्न घुम्दै पल्टिन् र हातगोडा तनक्क तन्काइन् । त्यहाँ कोलाहल मच्चियो ।

रिमाकी आमाले एकछिन यताउता आँखा घुमाइन् र एकछिन बर्बराएर चुप लागिन् । त्यति बेला रातको आठ बजेको थियो । आकासमा डम्म बादल थियो । सारा गाउँले जम्मा भए । रिमाकी आमाको मुखबाट फिँज निस्कियो । उनी रिमालाई सदाका लागि एक्ली पारेर गइछन् । रिमाले आमालाई झम्टिन पुगी र डाँको छोडेर रुन लागी । कमल पनि दिदीको नजिक बसेर रुन लाग्यो । यो देखेर रामबहादुरलाई रक्सीको नसाले एकाएक छोडेछ क्यार ! ऊ त्यहाँबाट भाग्न थाल्यो ।

एकजना पाका मानिसले उसलाई च्याप्प समाते । उसलाई लासको नजिक लगेर थेचार्दै भने- "भाग्लास् अब ! तेरो जाने ठाउँ त जेल हो ।"

जम्मा हुँदै गरेका गाउँलेहरूले भनिरहेका थिए- "हे राम ! के यस्तो अनर्थ भो ?" रामे पापीले मार्‍यो स्वास्नीलाई ।"

रिमा रुँदारुँदा बेहोस भई । गाउँलेहरूले उसलाई उठाएर झोपडीको पेटीमा सुताए ।

उठेपछि रिमाले भनी- "थुइय्य पापी ! मेरी आमालाई मारिस् । अब तँसितको मेरो नाता पनि सिद्धियो । तैंले मेरी आमाको लास छुन पनि पर्दैन । मेरी आमाको लास म आफैं पोल्छु कि कतै लगेर गाड्छु ।"

रामबहादुरले झोंक्किदै भन्यो- "मैले त तेरी आमालाई छोएको पनि छैन । तैंले नै मारिस् तेरी आमालाई । म जान्छु पुलिस बोलाउन ।"

रामबहादुर भाग्न खोजेको थियो । गाउँलेहरूले उसलाई समातेर राखे र भने- "ए पागल, अझ छोरीलाई नै दोष ?"

बिहानको चार बजेतिर प्रहरीको टोली आइपुग्यो । प्रहरीले मुचुल्का उठायो । "अब यो लासको पोस्टमार्टम गर्न जिल्ला सदरमुकाम लैजानु पर्छ । लास बोकेर लैजान गाउँले दाजुभाइहरूले मद्दत गरिदिनुपर्‍यो ।" प्रहरी हवल्दारले भन्यो ।

"यो गाउँमा यही एउटा दमै परिवार छ । दमैको लास कसले बोकिदिन्छ र हजुर ? यो ज्यानमारा रामबहादुरलाई समातेर लैजानुस्, बाँकी कागजपत्र यतै मिलाइदिनुस् ।" गाउँको एकजना पाको उमेरको मान्छेले भन्यो । धेरै बेरको छलफलपछि प्रहरीको टोलीले फेरि अर्को कागजमा के-के लेखेर दुईचार जनाको सही गरायो र रामबहादुरलाई हत्कडी लगाएर लग्यो ।

"दमेनीको लास" भनेर कसैले पनि उठाउन मानेन । पछि म अगाडि सरें । मेरो अनुरोधमा लास उठाउन गाउँका आठ-दसजना महिलाहरू तयार भए । हामीहरूले लास लगेर सेमरी खोलाको किनारमा गाड्यौं । त्यसपछि कसले किरियाकर्म गर्ने भन्ने समस्या उठ्यो ।

रिमाले भनी- "मेरो कपाल मुण्डन गरिदिनोस् । म गर्छु आमाको किरिया ।"

"केटीले किरिया गर्न हुँदैन ।" रामरतनले भन्यो ।

"छोरा र छोरीमा के फरक छ र मैले किरिया गर्न नहुने ? मेरी अन्धी आमालाई मैले पालेकी हुँ, म नै गर्छु किरिया ।"

नुहाएर आएपछि एक मुठा पराल ल्याएर झोपडीको पेटीमा बिछाएर रिमा किरिया बसी ।

"केटीले आमाको किरिया गरेको त कहीं देखिएको छैन । के कलियुग आयो यस्तो ?" रामरतनले भन्यो । उसको कुरा सुनेर मलाई भित्रभित्रै रिस उठिरहेको थियो ।

मैले भनें- "ए रामरतनजी ! के आमाले छोरालाई छुट्टै तरिकाले जन्माउँछन् र ? आखिर बेथा उस्तै हो ! यसले आमालाई पाली, सत्गत् पनि गरी क्रिया पनि गरोस् न त ! यसको सौतेलो भाइ पनि सानै छ ।" मेरो कुरा सुनेर सबैजना आआफ्नो घरतिर लागे ।

दिनको तीन बजिसकेको थियो । आकासमा सूर्य मधुरो थियो । टम्म बादल थियो । चिसो हावा चलिरहेको हुनाले मुटु छेड्ला जस्तो जाडो थियो । अघिल्लो दिनको हुरीले छानो उठाएका गाउँलेका झोपडीहरू अस्तव्यस्त थिए । म आफ्नो घर फर्किएँ । त्यस रात मलाई निद्रा लागेन । बिहान छिटो-छिटो घरधन्दा सकेर रिमाको घरतिर जाने सुरसार गर्दै थिएँ, रामरतन आएर बरन्डाको कुर्सीमा बस्यो र भन्यो- "कता जान लाग्नुभएको आमा, रिमाको घरतिर त होइन ?"

मैले भनें- "हो त्यतै जान लागेकी ! के काम पऱ्यो र ?"

"हजुरसँग एउटा सल्लाह गरौं भनेर आको । गए राति हामी गाउँलेहरूले सर-सल्लाह गऱ्यौं । अन्धी दमिनी मरिहाली । अब जे गरे पनि ऊ फर्केर आउने होइन । यो काण्ड कसरी मिलाउने हो, तपाईंको के राय छ ?"

"मरेको मान्छे फर्केर आउँदैन भन्ने त सबैलाई थाहा छ । तपाईंले के भन्न खोज्नुभएको हो ?"

"त्यही त भनेको हजुर ! दमिनी मरिहाली रामबहादुरलाई जेलमा सडाएर के फाइदा ? जे भो सो भो, दमिनी आफै मरेकी हो भन्ने कागज बनाई पुलिस थानामा बुझाउन पाए रामबहादुर छुट्ने थियो । यो कागजमा तपाईंले पनि सही गरिदिनु भएमा सजिलो हुने थियो ।"

"ए ! हत्यारालाई जोगाउनु पर्छ भन्न खोज्नुभएको ? तपाईंलाई अलिकति पनि लाज-सरम लाग्दैन यस्तो कुरा गर्न ? मैले तपाईंको कुरा बुझें । गैहाल्नुस् यहाँबाट ।" मेरो हप्काइ सुनेपछि रामरतन लुरुक्क परेर हिँड्यो ।

म रिमाको झोपडीमा पुग्दा ऊ भुल्लो च्यादर ओढेर आगो तापेर बसिरहेकी थिई । मलाई देखेर ऊ धुरुधुरु रुन लागी ।

आमा, मैले के गरौं ? गाउँका फटाहाहरूले आएर "मेरो बाबु निर्दोष छन्, मेरी आमा आफैं मरेकी हुन्" भनेर लेखेको कागजमा सही गर भनेका

छन् । मसित कहिल्यै सोभो मुखले नबोल्ने सौतेनी अमाले हिजो रातभरि खुबै माया गरे जस्तो गरेर फकाइन् । "तँलाई मैले आफ्नै छोरी जस्तो गरेर पाल्छु । जे हुने भैगयो, तेरो पनि आफ्नै बाबु हो, जेलमा सडाउने काम नगर" भनेर बिन्तीभाउ गरेर हैरान पारिन् । के गरौं हजुर मैले ?"

"जसले जे भने पनि हत्यारालाई जोगाउने काम नगरेस् है । अब तँ पनि ठूली भैसकेकी छस् । आफ्नो ज्यान आफै पाल्न सक्छेस्, कसैको सहारा लिनु पर्दैन । तैंले त अन्धी आमा समेत पालेर बसेकी थिइस् । एक्लो ज्यान पाल्नलाई तँलाई केही दुःख पर्ने छैन । तेरो हातमा सीप छ ।" यस्तै-यस्तै सम्झाएर म घर फर्कें ।

रिमाले "मेरा बा निर्दोष छन्" भनेर लेखेको कागजमा सही गरी रे भन्ने कुरा मैले थाहा पाउँदा मेरो मन खिन्न भयो । "कस्ती लबस्तरी केटी रैछ ।"

एक दिन रिमा मेरो घरमा आई । मलाई बोल्न मन लागेको थिएन । नदेखे जस्तो गरिरहेकी थिएँ । उसैले बोलाई- "आमा नमस्ते ! मसित रिसाउनुभएको छ कि क्या हो ?"

"म रिसाएर के हुन्छ र ? आफ्नै आमालाई मार्ने हत्यारालाई जोगाइहालिछौ क्यारे !"

मेरो कुरा सुनेर रिमा एकछिन केही बोलिन । उसको अनुहारमा विभिन्न खालका भावहरू देखापर्न थाले । धेरै बेरपछि उसलै मुख खोली- "के गरौं आमा ! अरू कसैले भनेर मेरो मन परिलने थिएन । एक दिन कमल भाइ आएर मसँग बिलौना गऱ्यो । "बा जेल परेपछि मेरो पढाइ बिग्रने भयो" भनेर रोयो । मैले रातभरि सोचें । मेरी आमा त मरिहालिन्, म त टुहुरी भएँ-भएँ ! भाइलाई पनि टुहुरो जस्तै किन बनाउने भन्ने लाग्यो । त्यही सोचेर रामरतनले ल्याएको कागजमा सही गरिदिएँ ।"

रिमालाई के भन्ने ? मसँग कुनै शब्द थिएन । उसले धेरै बेर आफ्नो दुखेसो सुनाइरही ।

अन्त्यमा मैले पनि भनें- "अब तिमी पनि ठूली भएकी छौ । बाँकी जिन्दगीको ख्याल गर । तिमीले जति दया देखाए पनि तिम्रो बाबु र गाउँका अरू फटाहाहरूले तिमीमाथि दया देखाउने छैनन् । झोपडी नै भए पनि तिम्रो घर भएको एक कठ्ठा जग्गा गाउँको चौबाटोमा छ । त्यही पनि खाइदेलान्, होस गरे ।"

"त्यो जग्गा त कसरी खान सक्लान् र आमा ? आमालाई तौलिहवा लगेर पोहोर साल आफ्नो नाममा गराइसकेकी छु ।" उसले अलि ढुक्क हुँदै भनी ।

दिनहरू बित्दै गए । सुरु सुरुका दिनमा रामबहादुर घरबाट बाहिर निस्किएन । पछिपछि रक्सी धोकेर रिमासँग झगडा गर्ने उसको बानी यथावत् सुरु भयो भन्ने सुनेकी थिएँ ।

एक दिन निन्याउरो मुख लगाएर रिमा आइपुगी । मैले "के भयो ?" भनेर सोधें । ऊ एकछिन डाँको छोडेर रोई । मैले उसलाई शान्त गराउने धेरै प्रयास गरें । धेरैबेर सम्झाएपछि ऊ शान्त भई ।

"असली पापीलाई जति गुन गरे पनि नहुने रैछ । भाइ र सौतेनी आमाको बिजोक नहोस् भनेर मैले कागजमा सही गरिदिएकी थिएँ । यस्ता पनि बाबु हुँदा रहेछन् । मैले जेलमा सङ्नबाट जोगाइदिएँ । अहिले आएर त्यही झोपडी भएको एक कठ्ठा जग्गा पनि खान खोज्दै छ । म त कति अभागिनी रैछु । के गरौं आमा ?"

"खुरुखुरु आफ्नो काम गर्ने, अरू के गर्ने ? सिलाइ पेसा चलेकै छ । आफ्नो अडान नछोड्ने, कसले के भन्छ वास्ता नगर्ने । आफू दह्रो भएपछि कसैले केही गर्न सक्तैन ।" मेरो कुरा सुनेपछि ऊ आश्वस्त भएर फर्किएकी थिई ।

धेरै दिनपछि एक दिन बिहान कमल स्वाँ स्वाँ गर्दै दौडेर आयो र सोध्यो- "रिमा दिदी यहाँ आएकी छ ?"

"छैन, कहाँ गई र ?"

"हिजो साँझसम्म त घरैमा थिई । अहिले देखिन्न ।" कमलले भन्यो ।

स्कुल खुल्ने बेला भइसकेको थियो । स्कुलमा पनि रिमा हराएको हल्ला चलेछ । रिमा चिरई खोलाको किनारमा पल्टेकी छ । एक विद्यार्थीले मलाई भन्यो । हामी त्यतै दौडियौं । चिरई खोलाको किनारमा रगतैरगतले लत्पतिएको रिमाको लास पल्टिएको थियो ।

पाँच

दुख्ने मन

जेठको महिना हुनाले सात बजेदेखि नै पसिनाले शरीर ढाकेको थियो । आकासमा बादलको छिर्को छिर्की केही थिएन । गर्मीले जीउ आलस-तालस पारेकोले म नजिकैको इनारतिर नुहाउन गएँ । इनारको चिसो पानीले नुहाउँदा निकै आनन्द आइरहेको थियो, तर गाउँभरिका गाईगोरुका हूल लिएर केही मानिस त्यतैतिर आए । आफूले मनभरि नुहाउन नपाएकोमा मलाई अलि दिक्क लाग्यो । म झटपट कपडा फेरेर त्यहाँबाट घर आएँ ।

नुहाइसकेपछि मैले केही राहत महसुस गरें र घरको कामकाजमा लाग्न थालें । म कुचो लिएर आँगन बढार्न थालें । हावाले रूखका पात आदि थुप्रै कसिङ्गर ल्याएर थुपारेको थियो । म तन्मयका साथ सफा गर्ने काममा लागेकी थिएँ । एक्कासि "डाक्टर्नी आमा, नमस्ते !" को स्वरले म झसङ्ग भएँ र फर्किएर हेरें, चमार टोलको बिसुना रहेछ । ऊ निकै आत्तिएको जस्तो देखिन्थ्यो ।

मैले सोधें- "के भो बाबु ?"

बिसुनाले आत्तिँदै भन्यो- "हेर्नुस् न आमा ! हिजो रातिदेखि हर्केकी श्रीमती सिकिस्त बिरामी छे । त्यसलाई औषधी गर्नुपर्ने । के तपाईंलाई बोलाउन आएका छैनन् ?"

"पख, म जान्छु । बिचरीलाई के भएको होला ? धेरै जहान भएपछि न राम्रो खान पुग्छ, न त अरू कुराको व्यवस्था नै । त्यसपछि त अनेक थरीका रोगले समात्छ ।" मैले भनें ।

एकछिन पछि हामी बाटो लाग्यौं र मैले सोधें- "के गरेका छन्, उसको उपचार ?"

उसले भन्यो- "हिजोदेखि बिहोस भएकी अहिलेसम्म जागेकी छैन । कति ठाउँलाई भाकल उठाइदिए । रातभरि लामालाई बोलाएर कति कुखुरा काटियो । परेवा उडाइदियो । बोक्सिनी पनि नचायो, लामाले । सेमरीको भूत लागेको छ भनेर त्यसलाई पनि कुखुराको कालो भाले बक्साइदिएको हो । लामाले अझै कालो बोको चाहियो नत्र सन्चो हुन्न भनेको छ । के गर्ने, के

नगर्ने । बिचरा ऊसँग पैसा त परै जाओस्, एक मुठी खाने खर्च छैन । अब कसरी उपचार गर्ने उसले ?"

केही बेरमा हामी हर्केको घर पुग्यौं । त्यहाँ ठूलो चमारटोल भएकाले सबै चमारहरू जुटेका थिए । आँगनको छेउमा जुठा भाँडाको रास थियो । बुधनीलाई दलानको एक छेउमा सुताएका थिए । हर्के बुधनीको कोखैमा बसेर उसलाई मुसारिरहेको थियो । सानी छोरी बुधनीको लाम्टो चुसिरहेकी थिई । बिरामीका वरिपरि झिँगा भन्किइरहेका थिए । कुकुर ओहोरदोहोर गर्दै थियो ।

मैले गएर बुधनीका नाडी समातें । निकै कमजोर थिए । उसलाई साह्रै ज्वरो आएको थियो । शरीर सबै पहेंलो भइसकेको थियो । लगाएका कपडा र ओछ्याएका कपडा सबै पहेंलै थिए । दलानका अर्को कुनामा लामासहित दुईचारजना बसेर झारफुक गर्दै थिए । मैले हर्केतिर हेर्दै भनें- "बिरामीको यस्तो हाल भइसकेको छ, अझै केको कुखुरा र बोका गर्दैछौ ? यिनलाई जन्डिस भएछ । ल अब उठाएर भित्र लैजानु पऱ्यो । यहाँ घामले पोलिरहेको छ । यस्तोमा राख्नु हुँदैन बिरामीलाई । जमाना कति अगाडि बढिसक्यो, अझै पनि लामा र झाँक्रीको उपचारले हुन्छ कहीं ?"

मैले त्यसो भनेपछि दुईतीनजना मिलेर गुन्द्री सहित उठाएर उसलाई अलि भित्रतिर सारे । छ सातोटा छोराछोरी सबै आमाकै वरिपरि झुम्मिए । उनीहरू सबै भोकले आत्तिएका जस्ता टिठलाग्दा देखिन्थे । सबैभन्दा जेठो छोराले कहिलेको भातको डल्लो हातमा लिएर खान थाल्यो । सबै केटाकेटी त्यही भातमा झुम्मिए ।

बुधनीको होस आउने पत्तै थिएन । हर्केले सानी छोरीलाई काखमा लिएर आँखाभरि आँसु लिएर स्वास्नीतिर हेरिरहेको थियो । त्यहाँ बसेकाले बेलाबेलमा बुधनीलाई पानी खुवाउन खोज्थे । अलिअलि निल्थी केही पोखिएर बाहिर जान्थ्यो । यस्तो अवस्था देखेर मेरो मन पिरोलिन थाल्यो । सोचें- "यो अब बाँच्दिन । जन्डिसले निकै गालिसकेको छ । आमा मरेपछि यी दसदसवटा केटाकेटीको के हाल होला ? सबै सानै छन् । सम्पत्ति केही छैन । एक्लै हर्केले मात्र काम गरेर यिनीहरूको पेट कसरी भर्न सक्छ ? फेरि हाम्रो समाजमा स्वास्नी मरेपछि जस्तो स्थितिमा पनि लोग्नेले बिहे गर्ने छुट छ । हर्केले अर्को बिहे गऱ्यो भने यी लालाबाला त्यसै मर्छन् । दैवले पनि किन यस्तो दुःख दिएको होला ?" बिरामीको अन्तिम अवस्था र त्यो परिवारको सम्भावित बिचल्लीका बारेमा सोच्दासोच्दै अनायास मेरो मुटुमा गाँठो पऱ्यो र आँखा भरिए ।

घडी हेर्दा एघार बजिसकेको थियो । बसेर पनि केही गर्न नसक्ने देखेर म घर जान उठें । हर्केले एक्कासि मेरा खुट्टा समालेर रुँदै भन्न थाल्यो- "आमा, यसलाई जसरी हुन्छ सन्चो गराउनु पर्‍यो । लागेको पैसा म पछि तिर्नेछु । के औषधी खुवाउनु पर्छ दिनुस् आमा औषधी ।"

"के गर्ने बाबु, तिमीहरूले पहिले ख्याल गरेनछौ । उनलाई जन्डिसले कहिलेदेखि समातेको हो । एकैपटक यस्तो हुँदैन, तैपनि सकेको गरौंला, चिन्ता नगर ।" मैले ढाडस दिँदै भनें ।

मैले सानोतिनो औषधी पसल राखेकी थिएँ । सामान्य ज्वरो, रुघाखोकी, झाडापखाला आदिको औषधी मात्र मेरो पसलमा उपलब्ध थियो । त्यस बाहेक मैले घरायसी जडीबुटीहरू पनि औषधीको रूपमा प्रयोग गर्थें । त्यस गाउँमा हुने साना तिना रोगहरूको उपचार म नै गर्थें । त्यसैले मलाई गाउँका सानाठूला र बूढापाका सबैले "डाक्टर्नी आमा" भन्थे ।

घर आउँदा बिसुनालाई सँगै लिएर आएँ र उनीहरूको मन बुझाउनका लागि चार गोली सिटामोल मात्र दिएर पठाएँ । किनकि उसलाई सन्चो हुने सम्भावना नै थिएन ।

बिसुनाले औषधी लिएर गयो । मेरो मन एकतमासको भो । खान पनि मन लागेन । दिनभरि केही काम गर्न जाँगर पनि चलेन । मात्र बुधनीको मृत्युपछि उसको लोग्ने र छोराछोरीले पाउने दुःखको कल्पना गर्दै बसिरहें ।

जेठको महिना हुनाले दिनभरि गर्मी अति नै थियो । साँझ पख फेरि हुरी चल्न थाल्यो । तराईको देहातका घर सबै खरका झुसझासले छाएका थिए । गाउँका धेरैजसो घरका छाना हुरीले उडाएर लग्यो । हाम्रो घरको छानो पनि एक पाखो स्वात्तै पार्‍यो । बगैंचाका आँपका हाँगा पनि केही भाँचिए । यस्तैमा मैले सम्झिएँ- "हर्केलाई घरमा कति आपत् पर्‍यो होला । सबै आआफ्नो घर गए होलान् । केटाकेटी र बिरामी हर्केले कसरी स्याहार्‍यो होला ?"

केही छिनमा हुरी रोकियो । म छानाबाट उडाएको खर जम्मा गर्दै थिएँ । यत्तिकैमा बहादुरगञ्जमा आगो लाग्यो भन्दै गाउँका केही मानिसहरू उतै कुदे । तराईको ठाउँ, वैशाख-जेठमा उत्पातै गर्मी हुन्छ । साथै समय-समयमा चल्ने यस्तो विध्वंसकारी हुरीले थप सास्ती दिन्छ । गाउँमा जोडेर बनाएका झुसका घर, केही गरी एउटामा आगोले छोयो भने गाउँ नै स्वाहा हुन्छ । यस क्षेत्रमा गरिबी पनि अति नै छ । हुनेको सयौं बिगाहा जमिन

पनि छ । नहुनेको चाहिँ केही छैन । त्यसमाथि बेलाबेलामा हुने आगलागी र महामारी आदिले त झन् रुवाबासी नै ल्याइदिन्छ । यस्तै कुराहरू सम्झेर मेरो मन जिरिङ्ग भयो ।

अर्को दिन साँझ नौ बजेतिर खानपिन सकेर सुत्न भनेर ढोका मात्र के लगाएकी थिएँ । एउटा पुरुष आबाज सुनियो- "लौ न ! डाक्टर्नी आमा ढोका खोल्नुस् ।"

मैले ढोका खोलेर हेरें । जोखु आएको रहेछ ।

"किन यतिबेला आयौ जोखु ? के भो र ?" मैले हातको टुकी टाँडमा राख्दै सोधें ।

उसले एकै सासमा भन्यो- "हर्केकी स्वास्नी त पागल भई ! नराम्रो फोहोर बोल्छे सुनिसक्नु छैन । दिउँसोसम्म बिहोस थिई । अहिले उठेर मन परी फलाकिरहेकी छे । उठेर दौड्न खोज्छे । के गर्ने, कता लैजाने सबै आत्तिएका छन् । म त तपाईंलाई बोलाउन आएको । केटाकेटी सबै भोकै छन् । घरमा एक गेडो अन्न छैन ।"

म अलिकति चामल पछ्यौरामा बाँधेर ऊसँगै गएँ । चामल लगेर हर्केको जेठो छोरालाई दिँदै भनें- "ल बाबु, भात पकाएर भाइबहिनी र बाबालाई पनि खान देऊ ।" उसले खुसी हुँदै चामल लगेर पकाउन थाल्यो ।

यता बुधनीको हालत खराब थियो । उसलाई लुगा ओढाएर सुताएका थिए । हर्के लगायत तीनचारजना उसको छेउमा बसेका थिए । म पनि त्यहीं नजिकै गएर बसें ।

"उसलाई केही खुवायौ त ?"- मैले हर्केतिर हेर्दै सोधें ।

"के नै खान्छे र यसले ? आज तीन दिन भयो यसको मुखमा केही परेको छैन । दुई दिनदेखि बिहोस भएकी बल्ल अघि भरखर जागी, तर झन् बेहालतमा । जागेपछि बेतोडले बहुलाई, थाम्नै सकिएन । त्यसैले हातखुट्टा बाँधेर राखेका छौं ।" भन्दै उसले बरर्र आँसु झार्‍यो ।

मैले ओढाइराखेको लुगा निकालेर हेरें । हातखुट्टा बाँधेर मुखमा समेत कपडा कोचिदिएका थिए । मैले ती सबै खोल्न पठाएँ । मुखबाट कपडा निकाल्नासाथ उसले फेरि के-के फलाक्न थाली । उसको अनुहार निकै पहेंलो थियो । आँखाको कोसबाट पिप बगेको थियो । शरीर सुन्निएर सबै ठाउँबाट पानी चुहुने जस्तो थियो । शरीरबाट साह्रै नराम्रो दुर्गन्ध आएको थियो । ऊ कति बेला भाग्न खोज्थी । अरूले समातेर सुताउँथे ।

मैले उसको हात समातेर भनें- "सुत् बुधनी, बिरामी यसरी उठेर हिँड्ने, कराउने गर्नु हुँदैन । आराम गर्नु पर्छ ।" उसले मलाई पनि तथानाम गाली गरी । मैले उसलाई बलैले सुताएँ । म अलमलमा परें- "के औषधी दिने आखिरी समय भएको छ ।"

सुताएपछि ऊ एकछिन चुपचाप लागेर पल्टिरही । रात छिप्पिसकेको थियो । म पनि बुधनीकै छेउमा बसेकी थिएँ । उसले एकपटक जीउ तनक्क तानी र उसका आँखा घुम्न थाले । मैले उसको नाडी छामें । नाडीको गति कुहिनाबाट माथि लागेको थियो । उसको मुखबाट पिप बगेको थियो ।

मैले भनें- "अब उसलाई अलिकति पानी खुवाउनु पर्‍यो ।" हर्केले कचौराबाट निकालेर चम्चाले पानी खुवाउन थाल्यो, तर उसको मुखबाट पानी निलिएन । तीनचारपटक हिक्का आयो र उसका घुमेका आँखा स्थिर भए । हर्के बुधनीको छातीमाथि घोप्टिएर रुन लाग्यो । केही बेर रोएपछि ऊ बेहोस भएर पल्टियो । दुईचारजना मिलेर लासलाई आँगनमा लगे ।

केही बेर पछि हर्केको जेठो छोरो पनि रुन थाल्यो । हर्केको पनि होश आयो ऊ उठेर रुदै विलाप गर्न थाल्यो- "ए ! बुधनी किन मलाई छोडेर गयौ ? अब म के गरेर बाँचु । तिमी बिरामी हुँदा मैले औषधी गर्न सकिन । सानैमा आमा मरेर टुहुरो भएको मलाई तिमीले जीवन दिएकी थियौ । यतिका सन्तान तिमीले नै दुःख गरेर पालेकी थियौ । अब मैले के गरेर यी छोराछोरीको पेट पालौँ ?"

म गएर उसको हात समात्दै भनें- "न रोऊ बा ! अब रोएर हुँदैन । लिनेदिने उनै हुन् । एक दिन हामी सबैले मर्नु पर्छ । ढिलो चाँडो त भइहाल्छ । ती छोराछोरीको मुख हेरेर चित्त बुझाउनु पर्छ ।"

जति सम्झाउँदा पनि ऊ छाती पिटिपिटी रुन छोडेन । मेरो पनि मनको बाँध भत्कियो र आँसु बग्न थाले । यसरी नै रात छर्लङ्ग बित्यो । बिहान सबै केटाकेटी उठेर आमाको नजिक जान लागेका थिए ।

नजिकै बसेको एउटी बूढीले रोक्दै भनी- "उता नजाऊ । अब आमा यस संसारमा छैन, छुनु हुँदैन ।"

केटाकेटीले पहिला त केही पनि नबुझेर जिल्ल परे, तर पछि बाबु र दाजु रोएको देखेर रुन थाले । यस्तो दृश्य देखेर नरुने कोही थिएन । बिहान घामको झुल्कोसँगै चमारटोल पूरै रोयो ।

म आफ्नो घरतिर लागें । घरको कामकाज सिद्ध्याएर फेरि दिउँसो बाह्र बजेतिर त्यहीं गएँ । त्यति बेलासम्म उसका आफन्ती जति सबै मुख हेर्न आइसकेका थिए ।

मैले हर्केको भाइलाई बोलाएर भनें -"अब यो लास सत्गत गर्न लैजानु पर्‍यो । ढिलो किन गर्ने ?" त्यहाँ भएका सबैले भने- "हो अब छिट्टै लैजानु पर्छ ।"

दिउँसोको एक बजेतिर लोग्नेमान्छे जतिले लास लिएर गए । आइमाई र केटीकेटी सबै त्यहीं थुप्रिएका थिए । हर्के आँगनको छेउमा घाममै लडिरहेको थियो । उसको होस आयो । हर्के उठेर एक छिन एकोहोरो टोलाइरह्यो र फेरि त्यहीं पल्टियो । त्यहाँ भएका सबैले उसलाई भित्र गएर सुत्न भने, तर उसले मानेन । साँझतिर म घर फर्किए । अर्को दिन जान मन लागे पनि म त्यता भ्याइन । तेस्रो दिन बिहान सात बजेतिर म हर्केको घर गएँ । त्यहाँ मान्छेको भीडभाड थियो । हर्केकी काकीले उसकी सानी छोरीलाई उचालेर डुलाउँदै थिइन् । मलाई देखेर उनले भनिन्- "हेर्नुस् न यसले त बस्नखान दिइन । रुँदारुँदा घाँटी सुकिसक्यो । कसैसित पनि मान्दिन । आमा मरेर यति सानो बच्चो त कसैलाई पनि पाल्न नपरोस् ।"

दलानतिर हेरें । एक कुनामा हर्केको जेठो छोरो किरिया बसेको रहेछ । सबै केटाकेटी निन्याउरो मुख लगाएर यताउति गरिरहेका थिए । हर्के आँगनको छेउमा एक्लै एकोहोरिएर बसेको थियो ।

मैले उसको नजिकै गएर भनें- "बाबु हर्के के छ ?"

उसले सानो स्वरमा भन्यो- "के हुनु छ र आमा म अभागीको । शोकैशोकले मर्ने भएँ । ऊ मर्नुभन्दा बरु मै मरेको भए हुनेथियो । छोरी रोएर घाँटी सुकाएकी छ । आमा जस्तो कोही पनि नहुने रहेछ । आमासित सबै छोराछोरी टाँसिएर बस्थे, तर मसँग कोही नजिक पर्दैनन् । भोक लाग्यो पनि भन्दैनन् ।" उसले लुङ्गीले आँखा पुछ्यो ।

ऊ फेरि डाँको छोडेर रुँदै भन्न थाल्यो- "हे भगवान् ! किन मेरी बुधनीलाई लगेर मलाई त्यसै छाड्यौ ? किन यी लालाबालाको बिचल्ली पार्‍यौ । हे दैव, अब हामीलाई पनि लैजा आइज ।" उसले आफ्नै मुड्कीले छातीमा हान्न थाल्यो ।

मैले उसलाई सम्झाउँदै भनें- "के गरेको हर्के तिमीले ? तिमी त पुरुष हौ, अर्को बिहे गरेर बसौला । बिचल्ली त यी सन्तानको पो हुन्छ । के गर्ने

यिनी पनि दिनदिन ठूला होलान् । अब नरोऊ । आफ्नो मनलाई सम्हाल जति रोए पनि तिम्रो रुवाइ सुन्दैनन् भगवान्ले । भगवान् निष्ठुर छ ।"

उसले भन्यो- "आमा तपाईंले अर्को बिहेको कुरा गर्नुभयो, तर म त्यो पक्षमा छैन । मैले बिहे गरें भने यी छोराछोरीहरू झन् टुहुरा हुन्छन् । सौतेनी आमा झड्केला देखिसहँदैनन् । छोराछोरीलाई पनि सौतेनी आमाले जति माया गरे पनि हुँदैन । मैले धेरै देखेको छु ।" पसिना पुछ्दै उसले फेरि भन्यो- "मैले अर्को बिहे गरें भने बुधनीको आत्माले सराप्नेछ । उसको आत्माको शान्तिको लागि पनि अर्को बिहे गर्न सक्दिन । बरु दुईतीन वर्षपछि यही छोराको बिहे गरिदिनुपर्ला । तातो बनाएर खान देली । अब त मेरो जुनी रोएर बित्छ । स्वास्नी मरेपछि लोग्नेले केही गरे पनि सुख पाउँदैन । मेरो त भाग्यमा नै आगो लाग्यो । बेलैमाथि आफ्नी बुधनीलाई गुमाएँ ।" एक्कासि ऊ घोप्टो परेर रुन थाल्यो ।

उसको रुवाइ थामिएन । मन एकतमासले दुखिरह्यो । दिनको दोपहर भएपछि म दुखेको मन लिएर घरतिर लागें ।

छ

चेलीको चिठी

असारको बेला थियो । छोटो रात हुनाले र गर्मीका कारण सबैजना हाई गर्दै यताउता घुमेका देखिन्थे । पानी परिराखेको थियो । भैरहवा बजारबाट अलि टाढाको बसाइ हुनाले हतार-हतार गरेर पसल खोल्न जाँदै थिएँ । एकजना पचास बर्से दिदी त्यसै बेला आएर भन्नुभयो- "ए नानी ! धेरै दिनदेखि यतै घुमेको देख्छु, घर कता नि हँ ।" मैले जबाफ फर्काएँ- "यतै बर्मेली टोल, पसल खोल्न जाँदै छु । तपाईं चाहिँ कता दिदी ? कति लुछुप्पै भिज्नु भाको ?" उनले रुन्चे पाराले भनिन्- "तिमी त मेरी छोरी जस्तै हौ । मलाई आमा भन है नानी । ... ?" उनले आँखाबाट आँसु झारिन्, यताउति हेरेर पुछिन् अनि आफूले हातमा समातेको खामभित्रको कागज निकालेर देखाउँदै भनिन्- "यो चिठी मेरी छोरीले पठाएकी रैछ । कतिले पढे, छोरालाई पढ्न पठाएँ । ... नानी, तिमी त कति मायालु । मेरी छोरी यहाँ भएदेखि तिमीसित सैना लगाइदिने थिएँ ।"

मैले भनें- "ठिक छ । म आमा भन्छु नि त । मेरी पनि आमा हुनुहुन्न । आमा, चिया पिउने कि ?"

उनले मलिनो अनुहार पारेर भनिन्- "भैगो । नानी, मेरी छोरी मुना यतिबेला भारतको बम्बैमा छ रे । ऊ हराएको छ वर्ष भो ।" फोटो हेर त कति राम्री छ । सलक्क परेकी छ । मेरो बेथा कसले सुनिदेओस् ? चार भाइमुनिकी एउटी बहिनी बनेकी छोरीलाई कति माया गरेर पालें । स्कुल पढ्दा पिकनिक जान भनी लुम्बिनी हिँडेकी- पचास जनाको टोलीमा, तर ऊ फर्केर आइन । म उसका सबै साथीका घरमा गएँ, सोधें, तर थाहा लागेन । सँगै गएका एकजना मास्टरले सबै सँगै फर्केको बताए । पुलिसमा रिपोर्ट गर्दा केही लागेन । दिनहरू बित्दै गए । त्यसैका पीरले बूढा खसे । नानी, सधैं सपनामा रोएको मात्रै देख्छु । यस्तैमा गएको जेठ आठ गते एउटा अपरिचित मानिसले यी यो चिठी दिएर गयो । ल, पढ त ।"

मैले चिठी पढेर सुनाएँ –

माननीय बाबा, आमा र दाजुहरू, सबैलाई ढोग नमस्कार छ । मलाई गाली गर्नुभा'को होला, तर मलाई रमेशले झुक्याएर बर्बाद गरिदिएको

हो । कति पढुँला भनेकी थिएँ । सबैभन्दा कान्छी मलाई तपाईंहरूले कति माया गर्नुहुन्थ्यो । म मातेर यस ठाउँमा आएको होइन । यस्तो भोग्नुपर्ला भनेर कहिल्यै सोचेकी पनि थिइन । के गरूँ ! रुँदारुँदा आँसु पनि सकिए । तपाईंहरूले पिकनिक नजा त भन्नुभएको थियो, मलाई त्यो दिन त्यति ठूलो दशा होला भनेर के थाहा ? कति अभागी रैछु । आमा ! मलाई सराप नदिनुहोला । अब त म त्यो ठाउँमा आउन सक्दिन होला । कुन साइतमा जन्म लिएकी रैछु र आज यो गति भयो ।...

आमा, त्यो दिन म पिकनिक गएँ । दिनभरि खाने र नाचगान गर्ने गरियो । साँझको छ बजेतिर लुम्बिनीबाट सबै जना गीत गाउँदै र नाच्दै फर्क्यौं । बाटोमा गाडी बिग्रिएर आधा घन्टा जति ढिलो भो" । त्यसले गर्दा साँझ आठ बजे बल्ल भैरहवा बर्मेली टोलमा पुग्यौं । सबैजना आआफ्नो घरतिर लागे । म पनि घरतिर जान एउटा रिक्सामा चढेकी मात्र के थिएँ, उताबाट रमेश थारूले ट्याक्सी भित्रबाट बोलाउँदै भन्यो- "मुना, आऊ ट्याक्सीमा जाऊँ, आखिर म पनि त उतै जाने हो । तिमीलाई घर पुऱ्याएर म जाँउला, हुँदैन र ?" मलाई पनि रातिराति एक्लै रिक्सामा जानुभन्दा यसकै गाडीमा जानु ठीक होला भन्ने लाग्यो र रिक्साबाट ओर्लेर त्यसैको ट्याक्सीमा गएर बसें । ट्याक्सीमा उसले रातो गुलाफको तीनचार थुँगा फूल मेरो हातमा दिँदै भन्यो- "लौ यो तिमीलाई, पानी भएको गिलासमा राखे, धेरै दिनसम्म ताजा रहन्छ ।" मलाई पनि एकजना साथीले सिकाएको थियो । त्यो फूल हातमा लिएर सुँघेपछि मलाई बिस्तारै निद्रा लाग्न थाल्यो । निदाएँछु होसै भएन ।

भोलिपल्ट बिहान म रेलमा थिएँ । त्यो रमेश थारू त्यहाँ थिएन । एकजना काली अधबैंसे महिलाले भनिन्- "नानी मुना, कति सुतेकी, भोक लागेन, के खाने ?" म अलमल्ल परेर उसको अनुहारमा हेरिराखें र भनें- "तपाई को हो ? मलाई यहाँ किन ? कता लैजान ल्याएको हो ?" उसले अलि मायालु स्वरमा भनी- "हेर नानी, म पनि त्यही ट्याक्सीमा बसेकी त कताकताबाट त्यो थारूले रेलमा ल्याएछ । म पनि निदाएछु । थाहै पाइन । अहिले फर्केर घर जाँदैछौं । न आत्यौ, हामी धेरै टाढा छौ । मलाई पनि भोक लागेको छ । खाना ल्याउँछु, दुवैले खाऊँ ल ? धन्न यी भाइहरू भेटिए । नत्र कता पुगिन्थो होला ?"

मलाई त्यसपछि रमेश थारूलाई सम्झेर रिसको ज्वाला छुट्यो । "पख्लास्, घर मात्रै पुगौं । तलाईं के गर्छु" भन्दै मैले गाली गरिरहँदा उसले भन्यो- यो भारत हो, नबोल । यहाँका पुलिसले थाहा पाए भने हामीलाई समस्या आइपर्न सक्छ । पीर नमान, एकै छिनमा नौतुना पुगिन्छ । यति भनेपछि म चुप लागें । रेल चलि नै रह्यो । म अर्को दिनसम्म फेरि निदाएँछु । ब्युझँदा त कता हो कता माथि कोठामा सुतेको जस्तो लाग्यो । जुरुक्क उठेर यताउता आँखा लगाउँदा चारपाँचजना केटीहरूले सिंगारपटार गरिरहेको देखें । मलाई पानी खान दिनुस् न, घाँटी सुकेको छ भन्दा एकजना नेपाली केटीले पानी ल्याएर दिँदै भनी- बिचरी ! कतिमा पढ्ध्यौ, हेर अब नरकमा आयौ । यति सुनेपछि मलाई निसास्सिए जस्तो भयो । भित्रैदेखि रुन आयो र परान जाला जस्तो भयो । त्यही बेलामा उताबाट एउटी मोटी न मोटी काली आइमाई आएर भनी- ए केटी, किन रोएकी ? अब तँलाई म कतै जान दिन्न । जति रोए पनि हामीसँगै बस्ने हो । उसले हिन्दीमा अरू यस्तै केके भनेकी थिई । मैले सबै बुझिन । म झन् कहालिएर रोएँ । मलाई एक्लै छाडेर सबैजना कतै गए । म टाउको ठोक्दै रोइरहें- ए आमा, ए बाबा, ए दाजुहरू, लौ न मलाई कता लग्यो ? म अब कताबाट जाऊँ ...। झ्यालबाट बाहिर हेर्दा त्यो घर अति ठूलो र अग्लो थियो । तल त कता हो कता देखिन्थ्यो । म त्यहाँबाट हाम फाल्न पनि सकिन । त्यो दिन रुँदारुँदै बित्यो । साँझको सात बजेतिर एउटी इन्डियन आइमाईले रोटी र आलुको तरकारी ल्याएर मलाई दिँदै भनी- खा रे, क्युं रोती हो ? साह्रै भोक लागेकोले त्यो खाना खाएँ र त्यहीं सुतें ।

भोलिपल्ट मलाई एक नम्बर कोठामा पठाए । आमा, रातदिन गिद्धहरूले लुछेर, बेइज्जती गरे । सहन नसकेर कतै पासो लगाएर मर्न पाए पनि हुँदो हो भनी सोच्ने गर्थें । त्यस्तैमा एक वर्ष बितेछ । रातदिन जहिले पनि रोएर गयो त्यो वर्ष ।

एक दिनको कुरा हो । एकजना त्यहीं आउने मारवाडीसित मैले यो ठाउँबाट निकालेर मलाई घर पुऱ्याइदेऊ, तिमीलाई ठूलो पुन्य होला भनें । भोलिपल्ट राति साँच्चै नै उसले मलाई त्यहाँबाट भगायो । एउटा ठूलो घरमा पुऱ्याएर भन्यो- यो मेरो घर हो, यहीं बस भोलि जाउँला । पछि थाहा भयो- त्यो पनि त्यस्तै वेश्यालय रहेछ । उसले मलाई त्यहाँ बेचेको रहेछ । त्यहाँ फेरि त्यस्तै धन्दामा लगाए । के गर्नु, यहाँ त म जस्तै साठी जना नेपाली

केटीहरू रहेछन् । सबैले म जस्तै रोएर रातदिन बिताउनु परेको रहेछ । अब त त्यहाँ आउँदा पनि मलाई सबैले घृणा गर्छन् होला ।

बुबा, तपाईंहरूले पढाएर बढाएर ठूली बनाएर कति राम्रो घरमा बिहे गरिदिउँला भन्ने सपना देख्नुभा'थ्यो होला । आज कुन दशाले मलाई यो गतिमा पुऱ्यायो । अब त यस्तो लाग्न थालिसक्यो, तपाईंहरूको अनुहार पनि हेर्न नपाई मर्छु होला । दसैं तिहार आएको थाहा पाउँछु, दाजुहरूलाई सम्झेर पानीको तिर्खा लागे जस्तै छट्पटाउँछु । त्यहाँका चाडबाड, रहनसहन, खुसियाली, खुला बाटाघाटा, खै कहिले देख्न पाउँला र ? यहाँ त दिनका दिन नेपाली केटीहरू ल्याउँछन् । भेडाबाखाको जस्तो मोलतोल हुन्छ । अझ बाह्र वर्षदेखिका केटीलाई काममा लगाउँछन् । तिनको रोदन र चीत्कार कानमा पर्दा छाती फुट्ला जस्तो हुन्छ । जति साना हुन्छन्, चौधपन्ध्र वर्षमुनिकालाई झन् बढी काममा लगाउँछन् । रुँदारुँदा पनि कोर्रा लगाएर सकी नसकी गिद्धको बथानको सेवामा लाग्ने बनाउँछन् ।

एक दिनको कुरा हो । साँझ परिसकेको थियो । वैशाख महिना हुनाले बम्बैमा खपी नसक्नु गर्मी चढेको थियो । जताततै घरैघरले भरिएको ठाउँ, जता हेऱ्यो उकुसमुकुस मात्रै । पङ्खाको हावा पनि तातै, शरीर तातोले बाफिए जस्तो । त्यसमाथि आउनेजाने स्याल र ब्वाँसाहरूको सेवा गर्नुपर्ने । हाम्रो तल दसौं तलामा चारजना नेपाली आएका छन् भन्ने खासखुस चलेपछि सोधेर मात्रै जाने भन्यो, तर सोधेपछि साहेबनीले पठाउने त कुरै थिएन । हामी चुप लागेर यताउता गरिरह्यौं । अलि बेरमा मालिक्नी तल झरी र काम्रेकी कुन्ता लिम्बू भन्नेसित सँगै गई । त्यो कुन्ता भन्ने त दलाल रहिछ । यताउता पनि हिँड्ने र कहिलेकाहीं नेपालतिर गएर केटीहरू ल्याउने गर्दी रहिछ । ल्याएका केटीहरूलाई तह लगाउने काम पनि उसैको जिम्मा रहेछ । तल गएर तिनीहरूले पाल्पा भुजुङबाट ल्याएका दुईवटी केटीको मोलतोल मिलाएछन् र सत्तरी हजारका दरले किनेर माथि ल्याएछन् । जति कम उमेर त्यति बढी दाम पर्दोरहेछ । माथि आएपछि तिनी केटीहरूले भने- "मामा आउन्जेल यहाँ बस्ने हो, मामा बजारतिर जानु भएको छ ।" मैले कताबाट कसरी आयौ भनेर सोध्दा उनीहरूले भने- मामाघर जाने भनेर आएका थियौं, मामाले रेल हेर्न र रेल चढाउन ल्याउनु भएको हो । यस्तो अवस्थामा मलाई कतैबाट भगाइदिऊँ भन्ने विचार त आएको हो, तर सकिन । आफैं पनि जालमा परेकीले कसरी

उद्धार गर्न सक्नु र ? त्यस्तैमा चार दिन बिते । ती बालिकाहरू लुछिन थाले । कोठामा कोलाहल भइरह्यो ।

त्यहाँकी नाइकेले कोठामा पसेर ती केटीहरूलाई पिटेको देखेर हामीलाई सहिनसक्नु हुन्थ्यो । ती केटीहरूका शरीर पाकेर रुने-कराउने गर्थे, तर मालिक्नीले डाक्टर बोलाएर सुई लगाएर लठ्याएर काममा लगाइराख्थी । ती केटीहरू क्रमशः आजभन्दा भोलि गल्दै जान थाले । शरीर पहेंलै भयो र तिनीहरू थला परे । त्यसपछि त मालिक्नीले मेरो रकम घाटामा पऱ्यो भनेर खान पनि समयमा नदिने र जुत्ताले हान्ने गर्न थाली । दुईजनाको एक हप्ताको अन्तरमा मृत्यु भयो ।

यहाँ त यस्तो जेमपुरी छ । मेरो यो चिठी नेपालका अधिकांश महिलाले पढ्न पाऊन् र मलाई जस्तो जेमपुरीमा अरू नेपाली चेलीलाई दुष्टहरूले फसाउन नपाऊन् । सबै छिमेकी र मेरा साथीहरूलाई म जिउँदै भएर पनि मरे तुल्य भएको खबर सुनाइदिनुहोला । के गर्नु आमा, दैवले नराम्रो खाडलमा हाल्यो । लौ त बाबा, आमा, दाजुहरू म मरेकी चेलीको खबर सुनेर नरुनु होला । बिदा ।

म मरेकी

मुना

अनि ती आमा चेलीको चिठी सुनेर रुँदै बाटो लागिन् ।

सात

सङ्घर्षशील आमा

बिहान स्वयम्भू पुगेर आउनु मेरो नित्यकर्म जस्तै भइसकेको थियो । त्यस दिन पनि म उठेर स्वयम्भूतिर हिँडें । स्वयम्भूबाट फर्कने क्रममा तल सडकमा आइसकेकी थिएँ । मेरा पछिपछि एउटी युवती ब्याग बोकेर आइरहेकी थिई । उसको उमेर त्यस्तै अठार वर्ष जति हुँदो हो । उसले सेता लुगा लगाएकी थिई । चुरा, टिका र पोते केही थिएन । ऊ गर्भवती जस्ती पनि थिई । गोरो अनुहार, लामो कपाल, ठूलाठूला आँखा र सर्लक्क अग्ली । निकै मिलेको जीउ थियो । ऊ मेरा अगिपछि गर्दै हिँडिरही । म घरभित्र पसें । ऊ होटेलमा पसी । आफ्नै घरको तल होटेल भएकोले वास्ता गरिन । त्यहाँ आउने र जाने मानिसको लेखा थिएन । तीनचार दिनदेखि नै त्यो त्यहीं होटेलमा बस्थी । ऊ बिहान खाना खाएर बाहिर कता निस्कन्थी र साँझ आएर त्यहीं बस्थी । उसलाई देखेर मलाई दया लागेर आउँथ्यो । उसको उमेर र त्यस अवस्थाले गर्दा मेरो शरीरमा काँढा उम्रिन्थे ।

एक दिन म खाना खाएर आराम गर्ने उद्देश्यले तल फुलबारीमा झरेकी थिएँ । ऊ पनि त्यहीं भुइँमा एक्लै टोलाएर बसिरहेकी थिई । मेरा मनमा निकै खुल्दुली लागिरहेको थियो । म ऊ बसेको नजिकै गएँ र उसको घर सोधें । उसले आफू घरबारविहीन भएको बताई । मलाई झन् उसका बारेमा जान्ने इच्छा जगायो ।

मैले सोधें- "नानी, कहाँबाट आउनुभएको हो ? अप्ठेरो हुँदैन भने भन्नुस् ।" "त्यस्तो खासै अप्ठेरो पर्ने त होइन, तर ... ।" आँखा आँसुले भरिए ।

उसले आफ्नो सेतो साडीको सप्कोले आँसु पुछ्दै भनी, "तपाईंले म दुःखीको जीवनकथा जान्न खोज्नुभयो । धन्य भएँ । ल सुन्नुस् ! एउटै मान्छेलाई दैवले कतिसम्म सजाय दिन्छ ? "म पाल्पा छहराका एक सारुकी छोरी हुँ अरे । म सानै छँदा मेरा बाबा पल्टनमा गएर उतै मर्नुभएछ । गाउँमा सौतेनी आमा र दाइहरूले मेरी आमालाई बस्नखान नदिएपछि आमाले मलाई लिएर पाल्पाकै सदरमुकाम तानसेन आउनुभएछ । त्यहाँ ज्यालादारी काम गरेर आफ्नो सामान्य गुजारा गर्न थाल्नु भएछ । म जान्ने हुँदा हामी शीतलपाटीको

एउटा घरमा कोठा लिएर बसेका थियौं । आमाले ज्यालादारी काम गर्ने हुँदा हामीलाई सबैले अलि हेप्थे । आमाले सधैं घरबेटीको भाँडा माझ्ने, कपडा धुने आदि सबै काम गरिदिए पनि हामीले भाडा तिर्नुपर्थ्यो । आमाले आफूले दुःख पाएर भए पनि मलाई पढाउन थाल्नुभयो । मैले पनि राम्रो नम्बर ल्याएर कक्षा चढ्दै गएँ ।"

आमा भन्ने गर्नुहुन्थ्यो, "उमा, राम्ररी पढ । जसरी भए पनि म तिमीलाई बि.ए.सम्म पढाउँछु । तिम्रो बाबा नभए पनि तिम्रो लागि म छँदैछु । एक दिन मैले मेरी छोरीलाई ठूली बनाउनु छ ।" त्यस बेला आमाका आँखामा अनौठो चमक देखिन्थ्यो । मानौं मैले त्यति बेलै निकै ठूलो काम गर्दैछु । दुःख गरेर भए पनि हामी आमाछोरी सन्तोषसँग बसेका थियौं । ...

मैले एस.एल.सी. दिएँ । खाली समयमा मैले पनि सानोतिनो काम गर्न थालें । छोरीलाई क्याम्पस पढाउनु पर्छ भनेर आमाले पनि अलि धेरै काम गर्न थाल्नुभयो । हामी मेरो रिजल्टको प्रतीक्षामा थियौं । म प्रथम श्रेणीमा पास भएँ । आमा त्यस दिनदेखि नै बिरामी हुनु भो । मैले साथीहरूको सहयोगले मिसन अस्पताल लगेर भर्ना गरें । धेरै दिनसम्म त्यहाँ राख्दा पनि आमालाई निको भएन । एक दिन डाक्टरले मलाई बोलाएर भने, "बहिनी ! अब आमालाई कतै लैजानु पर्दैन । पाठेघरको क्यान्सर भएको रहेछ । पूरै सडिसकेको छ । तिमी जस्ती बुझेकी मानिसले धैर्य गर्नु पर्छ । चिन्ता नगर । आमालाई घरमै लगेर स्याहार गर ।"

डाक्टरको कुराले म छाँगाबाट खसे जस्ती भएँ । आमालाई कोठामा लगें । आमा दिनप्रतिदिन गल्दै जानुभो । घरबेटीले आफ्नो काम गरिदिन छोडेपछि झर्किन थाले । हामीलाई खाना खान पनि समस्या हुन थाल्यो । मैले अलि राम्रो काम खोज्न थालें, तर कतै कसैले दया देखाएन । कोठा भाडा पनि समयमा तिर्न नसकेपछि घरबेटीले कोठा छोड्न भन्न थाले ।

एक दिन आमालाई भेट्न भनेर शङ्कर दाइ आए । नजिकै भएकाले उनलाई हाम्रो बारेमा सबै थाहा थियो । उनी सहानुभूति राख्थे । पहिले ढाका कारखानामा काम गरे पनि एक वर्ष अगाडि उनले शाही सेनामा नाम निकालेका थिए । त्यति बेला उनी तालिम सकेर छोटो बिदामा आएका रहेछन् । मैले उनलाई त्यही ढाका कारखानामा जागिर मिलाइदिन अनुरोध गरें । उनले कता-कता भनेर मलाई जागिर मिलाइदिए । उनी चारपाँच दिनमै फेरि बुटवल ब्यारेक गए ।

म काम गर्न जान थालें । आमा दिनभरि एक्लै सुतिरहनु हुन्थ्यो । हाम्रो सहारा मेरा एकदुईजना साथी बाहेक कोही थिएन । बिरामी आमालाई त्यसरी एक्लै कोठामा छोडेर दिनभरि काममा जाँदा मेरो मुटुमा गाँठो पर्थ्यो, तर नगएसम्म आमाको स्याहार गर्न र आफ्नो पनि पेट पाल्न सकिँदैनथ्यो । क्याम्पस पढ्नुपर्ने बेलामा छोरीले यस्तो दुःख गर्नु पऱ्यो भनेर आमा रोइरहनुहुन्थ्यो । समय बित्दै गयो आमा ओछ्यानमा परेको पनि आठ महिना भएछ ।

एक दिन कामबाट आएर सधैँ झैँ मैले आमालाई बोलाएँ । आमा बोल्नु भएन । म नजिकै गएर आमाले ओढेको कपडा खोल्नुको साथै शरीर छामे, चिसो भएको थियो । आमा सधैँको निम्ति निदाउनुभएछ । म आमाको छातीमाथि घोप्टिएर रुन थालें । कति बेला अचेत भएछु । थाहा भएन । ब्युँझँदा रातको नौ बजेको थियो । घरबेटीलाई भन्न गएँ ।

घरबेटी बूढा र बूढीले भने, "हेर यो अलच्छिनी ! पहिले नै कोठा खाली गर भन्दा टेरिन र आज यो दशा देख्न पऱ्यो । हाम्रो घरमा भित्रै लास पऱ्यो । लौ न ! अब बरबाद भयो । थुक्क यो दशा, मान्छे बोलाएर लास बाहिर निकाल !"

मान्छे खोज्दा नपाएपछि म रातभरि आमाको प्राणविहीन शरीरसँगै बसेर रोएँ । अर्को दिन साथी मीनाको घरमा गएर रुँदै सबै कुरा बताएँ । मीनाकी आमाले मान्छे खोजेर आमाको सत्गत गर्न लगाउनु भयो । मीनाले मसँगै बसेर मेरो हेरविचार गरी । किरिया म आफैँले गर्ने भएँ ।

अर्को दिन साँझ म बैरागिँदै एक्लै कोठामा बसिरहेकी थिएँ । कोठाको ढोका घऱ्याक्क उघ्रियो । हातमा केही सामान लिएर शङ्कर भित्र पसे । मलाई देवता आए जस्तो लाग्यो । म भुइँमै घोप्टिएर रुन थालें । एकछिनसम्म उनी केही बोल्न सकेनन् । पछि उनले मेरो टाउको उठाउँदै भने, "उमा नरोऊ ! के गर्ने जे हुने भइहाल्यो । अब रोएर केही फइदा छैन । जति रोए पनि आमा फर्किनुहुन्न ।"

मेरो मनको बाँध झन् भत्किएर आयो । म उनको हात समातेर रोएँ । उनले धेरै बेर बसेर सम्झाए । उनले एउटा कम्मल, चामल, घ्यू र कागती ल्याएका रहेछन् । उनले आफू दुई महिनाका लागि बिदामा आएको पनि बताए । उनी त्यति समय तानसेनमै रहने कुरा बताएपछि म केही ढुक्क भएँ । रातको दस बजेतिर उनी घर गए ।

उनले मलाई धेरै सहयोग गरे । त्यहाँ मलाई सहयोग गर्ने मीनाका आमाछोरी र उनै थिए । शङ्कर आएको देखेर घरबेटीले नाठो ल्याएर राखिस् भन्दै कराउन थाल्यो । यस्तै दुःख र पीडाका साथ आमाको तेह्र दिनको काम सकियो । घरमा रङ गर्नु पर्छ भन्दै घरबेटीले मलाई घरका सबै कोठा लिप्न लगायो । मैले घर सबै सफा गरिदिएँ ।

शङ्करको सहायतामा म बसपार्कतिर कोठा सरें । त्यसपछि ढुक्क भएर काममा जान थालें । मेरो इमानदारिता देखेर कारखानाको मालिकले तलब पनि बढाइदिए । मलाई पनि अब सजिलै बाँच्न सक्छु जस्तो लाग्यो । शङ्कर समय-समयमा मसँग आएर मेरो बेसहारा र एक्लो पनलाई हटाइदिन थाले । उनले मेरो पूरै रेखदेख गर्न थाले ।

घरमा शङ्करको बिहे गर्ने कुरा चल्न थालेछ । उनले मसँग बिहे गर्ने प्रस्ताव बाबाआमासँग राखेछन्, तर उनीहरू बाहुन र म मगर भएकाले प्रस्ताव स्वीकार्य भएनछ । बाबाआमाले अरू केटी खोज्दा शङ्करले यसपालि बिहे गर्दिन भनेछन् ।

लगभग सधैंजसो कोठामा आउने शङ्कर तीनचार दिनसम्म आएनन् । मलाई त्यसै न्यास्रो लाग्यो । उनलाई भेट्ने आतुरताले व्याकुल भएँ म । के हराए झैं के गुमाए झैं भइरह्यो । एक दिन कामबाट आएर त्यसै अल्छी मानेर बिछ्यौनामा पल्टिइरहें । मलाई खाना बनाउने र खाने जाँगर पनि लागेन । राति दस बजेतिर अलिअलि झकाउन लागेकी थिएँ । टक्टक् ढोका हानेको आबाज आयो । उठेर ढोका खोलें । शङ्कर रहेछन् । मैले आत्तिएर सोधें, "किन यति बेला ?" उनको हातमा एउटा ठूलो झोला थियो ।

"पख, सबै कुरा भन्छु" उनी बिछ्यौनामा बसे । म अलमल पर्दै उनलाई हेरिरहें । "यतिका दिनसम्म कता बेपत्ता नि ! आफूलाई यहाँ कस्तो ।" मैले अलि रिसाए जस्तो गरी भनें । "नरिसाऊ न ! सबै कुरा भनिहाल्छु नि । मलाई पनि मन नलागेर नआएको हो त ! म त चाहन्छु, तिमीसँग नछुट्टिऊँ । मलाई पनि त कस्तो ।" उनले मलाई तानेर आफूसँग बसाल्दै भने ।

उनले फेरि भने, "सुन उमा, म तिमीलाई सधैंभरिलाई आफ्नी बनाउनका लागि नै यति दिनसम्म बेपत्ता भएँ । म तिमीलाई छोड्न सक्दिन । अब मेरो बिदा जम्मा पच्चीस दिनमात्र बाँकी छ । यदि तिमी मान्छ्यौ भने भोलि नै सिद्धबाबामा गएर बिहे गरौं । घरबाट अन्त बिहे गरिदिने भनेर

लागिपरेका छन् । यो झोलामा त्यसैको लागि सामान लिएर आएको छु । भोलि बिहानै गएर तिमीले तीनचार दिनको बिदा मागेर आऊ । यदि तिमीलाई यो कुरा मन्जुर छैन भने पनि भन ।"

म एकछिन केही बोल्न सकिन । म दोधारमा परें । हुन्छ भनौं कि हुन्न भनौं । त्यसमाथि उनका बाआमाले मानेका छैनन् । हुन्न भनौं भने मेरो आफ्नो भन्ने यो संसारमा कोही थिएन ।

मैले उनको आग्रह र मायालाई लत्याउन सकिन । भोलिपल्ट आठ बजे तयार भएर बस्न भन्दै उनी घर गए ।

अर्को दिन भनेकै समयमा उनी आए र हामी बुटवलतिर लाग्यौं । सिद्धबाबा मन्दिरमा गई पण्डित राखेर विधिपूर्वक बिहे गऱ्यौं र फोटो पनि खिचायौं । तीनचार दिन बुटवलको सिन्दुर होटलमा बिताएपछि हामी तानसेन फर्कियौं । हामी दुवै त्यही कोठामा बसेर उनका बाँकी बिदाका दिनहरू बिताउन थाल्यौं । उनका बाबा आमाले थाहा पाएपछि उनलाई निकै गाली गरेछन् । कसरी हाम्रा तेइसचौबीस दिन बिते हामीलाई पत्तै भएन । शङ्करको जागिरमा जाने दिन आयो । त्यतिबेला उनलाई रुकुम खटाएको थियो ।

जानुभन्दा अघिल्लो दिन उनले मलाई सम्झाउँदै भने- "हेर सानू ! म भोलि जाँदैछु । यस्तो युद्धको बेला छ के हुने हो थाहा छैन । हामी सबै भगवान्को भरोसामा बाँच्नु पर्दछ । धैर्य गर्नु पर्छ । भाग्यमा जे लेखेको त्यही हुन्छ । हुन त तिमी आफैं समझदार छौ । तिमीलाई केही सम्झाउनु व्यर्थ छ, तैपनि केही अप्ठ्यारो पऱ्यो भने मेरा साथीहरू विमल र अरुणलाई भन्नु, उनीहरूले सक्दो सहयोग गर्नेछन् । म छ महिनापछि आउनेछु । यदि केही गरी मलाई केही भयो भने तिमी नरुनु । मेरो किरिया हाम्रो घरमै गएर गर्नु । अंशियार भएर तिमी त्यहीं बस्नु । प्रमाण बिहेको फोटो छँदैछ । बोल्दाबोल्दै उनको गला अवरुद्ध भयो र आँखा रसाए ।

उनको कुरा सुन्दा मलाई पनि खपिनसक्नु भएको थियो तर मैले आफूलाई सम्हाल्दै भने- "छ्या ! के भनेको राजा तिमीले ? अहिलेको स्थितिमा को सुरक्षित छ र ? कसैलाई पनि कुनै पनि बेला जे पनि त हुन सक्छ । यस्तै यस्तै दुःख सुखका कुरा गर्दै हामीले त्यो रात बिताइयो ।

अर्को दिन बिहान हामी छिट्टै उठेर उनको झोला ठीक पाऱ्यौं । आफ्ना प्रिय मान्छेलाई कालसँगै लड्नको लागि पठाउनु परेकोमा मेरो जीउ

सेलाएर आएको थियो । उनी लुगा लगाएर तयार भइसकेका थिए, एक्कासि मलाई भक्कानो छुटेर आयो । म उनलाई अँगालेर रुन थालें । उनले मलाई अँगालोमा कस्दै भने- "सानू । तिमी किन यति कमजोर हुन खोज्दैछौ । मलाई पनि तिमीलाई छोडेर जान सजिलो छ र ? साइतको बेलामा रुनुहुँदैन नरोऊ ।" तर म उनको अँगालोमा बाँधिएर धेरै बेरसम्म रोएँ । जति रोए पनि उनी जानु नै पर्थ्यो ।

धमिलो मन लिएर उनी त्यहाँबाट निस्किए । म पनि झोला लिएर उनलाई बससम्म पुऱ्याउन गएँ । बस हिँड्ने तयारीमा थियो । उनी गाडीमा चढे, मैले झोला उनको हातमा दिँदै भनें- "आफ्नो ख्याल गरेर काम गर्नू ।" उनले मलाई हेरेर मलिन अनुहारमा मुस्कुराउने प्रयास गर्दै थिए । मेरा आँखा भरिएर आए । मैले केही देखिन । गाडीले गति लियो ।

म लर्खराउँदै कोठामा पुगी शक्तिहीन भएर बिछ्यौनामा पल्टिएँ । दस बजेतिर उठेर कारखानामा गएँ ।

बिहान उठ्नु खानपिन गरेर कारखानामा जानु साँझ आउनु र शङ्करको यादसँगै रात बिताउनु मेरो दिनचर्या नै बनिसकेको थियो । समय बित्दै गयो । उनले बेलाबेलामा फोन गर्थे । मैले उनलाई बाबा बन्न लागेको खबर सुनाएँ । उनी निकै खुसी भए । हामीले बधाईको आदान-प्रदान पनि गऱ्यौं । उनी गएको छ महिना पुगिसकेको थियो । उनले अब एक महिनापछि आउने कुरा गरेका थिए ।

एक दिनको कुरा हो । म कारखानाबाट आएर कपडा धुँदै थिएँ । विमल मेरो कोठामा आए । उनको अनुहार निभेको थियो । उनले मेरो अनुहारमा हेर्न सकेका थिएनन् ।

मैले उनलाई सोधें- "के छ बाबु तपाईंको नयाँ हालखबर ?"

"के हुनु छ र भाउजू ?" उनले आँसु झार्दै भने ।

मैले अलि डराएर सोधें- "के भो र बाबु त्यस्तो ? तपाईंका आँखामा आँसु कसरी ?"

"साह्रै अनिष्ट भयो भाउजू । सबै सत्यानाश भयो । भर्खरै रेडियोबाट सुनें, माओवादीसँगको मुठभेडमा शङ्करको...।" उनी डाँको छोडेर रुन थाले ।

मलाई भाउन्न भयो । मेरो वरिपरि सबै संसार घुम्न थाल्यो । म भुइँमा ढलें ।

म जाग्दा घरबेटी लगायत केही मान्छेहरू जम्मा भएका थिए । विमलले नजिकै बसेर मेरो निधारमा पानी लगाइरहेका थिए । पहिले त म कहाँ छु, कसरी यस्ती भएँ होस भएन । बिस्तारै मैले सम्झिएँ- "मेरो जीवनमा तुषारापात भएको छ ।" म विमललाई झम्टिएर रुन थालें । सबैले सम्झाउन थाले, तर जसले जति सम्झाए पनि मेरो आँसु रोकिएन । धेरै बेरसम्म रोइरहें ।

विमलले सम्झाउँदै भने- "भाउजू जे हुनु भइहाल्यो । आफूलाई सम्हाल्नु पर्छ । रोएर हामीले केही गर्न सकिँदैन । यहाँ बसेर केही गर्न मिल्दैन । हिँड्नुस् अब तपाईंको घर जाऊँ । आखिर शङ्करको इच्छा पनि तपाईंलाई घरमा स्थापित गराउनु नै थियो ।"

मैले रुँदै भनें - "झिको नै ढलिसकेपछि म मात्र त्यहाँ के भन्न जाऊँ बाबु ! त्यहाँ मलाई कसले स्वीकार्छ र ? त्यो घरमा मेरो स्थान छैन, बाबु ।"

"हिँड्नुस् भाउजू, सब कुरा म भनिदिन्छु । आफ्ना छोराले बिहे गरेपछि नस्वीकारेर हुन्छ र ?" उनले मलाई ढाडस दिँदै भने ।

विमल र म घर जान हिँड्यौं । हामी घर पुग्दा त्यहाँ पनि रुवाबासी थियो । म पनि पिँढीमा बसेर रुन थालें । विमलले एकछिन बाआमालाई सम्झाउन थाले । उनीहरू अलि मत्थर भएपछि विमलले मेरो बारेमा बसै कुरा बताए, तर उनीहरूले मलाई स्वीकार्नुको सट्टा नानाथरी गाली गर्न थाले । त्यहाँ उपस्थित सबै मान्छेले छोराले बिहे गरेपछि बुहारी भनेर राख्नु पर्छ भने, तर उनीहरूले बुहारी मान्न तयार भएनन् । केही महिलाहरूले भने- बुहारी दुई जीउकी रहिछ । छोरा नरहे पनि तपाईंहरूलाई छोराको सन्तान देख्ने भाग्य रहेछ । फेरि यो निकै लगनशील केटी हो, केही फरक पर्दैन ।

छिमेकीहरूको सहयोग पाएपछि म तेह्र दिनसम्म त्यहीँ बसेर किरिया गरें । उनीहरूले पनि छिमेकीहरूले दबाब दिएपछि त्यो अवधिभरि किरिया बस्न दिए, तर तेह्र दिनको काम सकिए पछि एक दिन पनि बस्न दिएनन् ।

म फर्किएर कोठामा आएँ । जसोतसो कारखानामा पनि जान थालें । शङ्करको ब्यारेक बुटवल भएकोले म त्यहाँ गएर मैले पाउनुपर्ने क्षतिपूर्तिको कुरा गरें, तर सुसुरा बूढा पहिले नै गएर मेरी बुहारी होइन भनेर विरोध गरेका रहेछन् । त्यहाँका केही अफिसरहरूले मेरो दयनीय अवस्था देखेर मलाई शङ्करको पेन्सनको लागि गर्नुपर्ने प्रक्रिया र उपायसमेत बताइदिए । त्यसैले

म अहिले सेनाको हेड क्वाटरमा आएकी हुँ । काम बनाउने केही दिन लाग्ने भएकोले म यसै होटलमा आएर बसेकी छु ।"

यति भनेर सिध्याउँदासम्म ऊ निकै थकित भएकी थिई । उसको अनुहार निकै दयनीय देखिन्थ्यो ।

मैले भनें- "नानी" तपाईंले यति सानै उमेरमा धेरै दुःख भोगिसक्नु भएको रहेछ । के गर्ने आआफ्नो तक्दिर ! आशा गरौं तपाईंको गर्भमा भएको सन्तान निकै असल हुनेछ । यस्ती सङ्घर्षशील आमाको सन्तान अवश्य पनि एक ठूलो व्यक्ति हुनेछ ।"

मैले उसलाई त्यहाँ काम नसकुन्जेल होटेलमा होइन, हामीसँगै बस्न आग्रह गरें । घडी हेर्दा दिउँसोको दुई बजिसकेको थियो । उसलाई लिएर म माथि निस्किएँ ।

आठ

धर्मपुत्री

म स्वयम्भू जाँदै थिएँ । असारको महिना भएकोले आकासमा बादल भरिएको थियो । काठमाडौंको खोँचखाँचमा किसानहरूले कोदालोले खनेर खेत रोप्दै थिए । खेत रोपेको देख्दा मलाई हाम्रो गाउँको गैरीखेतमा रोपाइँ हुँदा हुने रमाइलोको सम्झना भयो । सम्झनाले मात्र पनि मलाई निकै आनन्दित तुल्याएको थियो । म आनन्द मानेर त्यतै हेरेर माथि निस्कन थालेँ । बाटामा आउने जाने मान्छेहरूको भिड थियो । त्यहाँ भएका बाँदरहरू मान्छेले ल्याएका सामान कसरी हत्याउने भनेर रूखमा बसेर जुक्ति सोचिरहेका थिए ।

यी सबै दृश्य हेर्दै अलि माथि नै पुगिसकेकी थिएँ । तीनचारवटा बाँदर आएर एक्कासि मलाई झम्टिएर मैले समातेको प्लास्टिकको झोला खोसेर लगे । म डरले चिच्याउँदै त्यहीं नजिकै पाल टाँगेर बसेकी बूढीको छेउमा गएर बसेँ । म डरले थरथर काँपेकी थिएँ । म बाँदरदेखि तर्सिएको देखेर मेरो अनुहारमा हेर्दै भनिन्- "नानी, बाँदरसँग त्यस्तो साह्रै डर लाग्छ ?"

बूढीको कुराले मलाई झनक्क रिस उठ्यो र भने तपाईले देख्नु भएन, त्यतिका बाँदरहरू आएर कसरी झम्टिए मलाई ! अनि त कसलाई डर लाग्दैन ? झन्डै मारेनन् मलाई ।

"त्यसरी आत्तिनु पर्दैन, तिनीहरूलाई नचलाएपछि केही गर्दैनन् । तिमीलाई केही नगरी झोला मात्र त खोसेर लगे नि तिनीहरूले । त्यति त तिनीहरूले पेट पाल्नको लागि गरेका हुन् ।" उनले मलाई हेर्दै भनिन् । उनले फेरि आफ्ना सुन्निएका खुट्टा मुसार्दै भनिन्- "मलाई त यिनीहरूसित केही डर लाग्दैन । हुन त डराएर पनि के गर्नू र ! यस्तोमा बस्नु पऱ्या छ । खान नपुगेपछि केही डर लाग्दो रहेनछ । आफ्नो भाग्य नै यस्तै भएपछि डराएर पनि भएन, रोएर पनि भएन ।"

बूढीको कुरा सुनेपछि बल्ल मैले उनलाई हेरेँ, उनका लुगा सबै मैलिएका थिए । कपाल फुलेर तिलचामल भएको, हातखुटा सुन्निएका र अनुहार चाउरिएर मुजामुजा परेको थियो । त्यहाँ एक छेउमा उनका ओढ्ने ओछ्याउने लुगाको पोको थियो भने अर्को छेउमा पकाउने खाने केही भाँडाहरू थिए । उनका अगाडि अलिकति चामलको थुप्रो र केही खुद्रा पैसा थिए ।

मैले उनलाई हेरेर दङ्ग पर्दै सोधें- "तपाईं राति पनि यहीं बस्नुहुन्छ आमा ? हुन त केही पनि डर लाग्दैन भन्नुहुन्छ के भो र !" मैले अलि ठट्टा गर्न खोजें ।

उनले उदास अनुहार लगाउँदै भनिन्- "पहिले त मलाई पनि डर लाग्थ्यो । गाउँमा हुँदा आफ्नो बारीमा आएका बाँदर लखेट्न पनि सक्दिनथें । अहिले त सबै बानी भइसक्यो । जे पनि पुग्दासम्म मात्र रहेछ । आफूलाई यसरी रूखमुनि बसेर माग्दै खानु परेको छ । कसैको दया जागे खाने हो नत्र भोकै पनि बस्नु पर्छ । आफ्नो भाग्य नै यस्तै भएपछि जे पनि सहन सक्नु पर्छ ।"

उनी आउने जाने मान्छेहरूतिर हेर्दै बड्बडाउन थालिन्- "हुन त पाप कुर्लिएको हो । मलाई त्यसका आँसुले सरापेको हो । उसको चित्त साह्रै दुखाएँ मैले । उसमाथि मैले ठूलो आघात गरें ।"

उनले कसको सरापको कुरा गरेकी हुन् मैले केही नबुझेर अलमल पर्दै उनलाई हेरिरहें ।

"किन जिल्ल परेर हेरेकी ? मैले भनेको कुरा पत्यार लागेन ?" उनले झोंक्किदै भनिन् ।

"होइन आमा ! कसलाई सराप दिएको कुरा गर्नुभएको हो, मैले बुझिन ।"

"त्यही क्या त । मैले मेरी धर्मपुत्रीको कुरा गरेको तिमीले बुझिनौ ?"

उनका कुराले मलाई मनमनै हाँसो उठ्यो र झन् दङ्ग परें । अहिलेम्म उनको मेरो भेटघाट र चिनजान केही पनि भएको छैन । उनले भने निकै नजिकको मान्छेलाई जस्तै गरी हप्काउँदै छिन् । मलाई लाग्यो- "बूढीको दिमाग अलिअलि खुस्किएको छ ।" मैले आफ्नो हाँसोलाई दबाएर भनें- "मैले कसरी बुझूँ त आमा ! मैले न त तपाईंलाई चिनेकी छु न तपाईंकी धर्मपुत्रीलाई नै । बरु भन्नुहोस् न, तपाईंको घर कहाँ हो ? कसरी यहाँसम्म आइपुग्नुभयो ? तपाईंकी धर्मपुत्री कहाँ गइन् ? यी सबै कुरा बताउनुहोस् अनि मात्र म तपाईंको कुरा बुझुँला ।"

"खै के भन्नु नानी ! तिमीलाई भनेर मेरी छोरीसँग भेट हुने होइन क्यारे !" उनले उपेक्षा भाव देखाउँदै भनिन् ।

"पहिले भन्न त भन्नुहोस्, के कसो भएको हो ?" मैले ढिपी गर्दै भनें ।

उनले अलि विश्वास गर्दै भनिन्- "हुन त म यहाँ बसेको पाँच वर्ष भइसक्यो, अहिलेसम्म यसरी चासो लिएर कसैले पनि सोधेको थिएन ।

सबै आउँथे जान्थे । कसैले मेरो वास्ता गर्दैनथ्यो । उनीहरूले छड्के नजर लगाउँथे, मानौं म एक असामान्य वस्तु हुँ । कसैलाई दया लागे एकदुई रुपैयाँ फालिदिन्थे । तिमीले मात्र हो यसरी चासो राखेर सोधेको र म यहाँ बस्न थालेदखि आमा भनेर सम्बोधन गरेको । तिमीलाई मेरो माया लागेर नै जान्न खोजेकी हौली, ल सुन ! त्यसो भए म कसरी यहाँसम्म आएँ ।"

अनि उनले धर्मपुत्रीको कुरा सुनाइन्–

"मेरो घर रामेछाप हो । म चौध वर्षकी हुँदा मेरो बिहे निकै धनी मान्छेसँग भएको थियो । घरमा काम गर्ने नोकरचाकर सबै थिए । काम केही छुन पर्दैनथ्यो । सासूससुराले असाध्यै माया गर्नुहुन्थ्यो । उहाँहरूका हामी एउटै छोराबुहारी थियौं । यसरी विवाहपछि मेरो जीवन सुखसँग बितेको थियो, तर एउटा मात्र दुःखको कुरा म बीस वर्षकी हुँदासम्म पनि हामीलाई सन्तान भएनन् । मैले श्रीमान्लाई अर्की बिहे गर्नुहोस् भनेर सल्लाह दिएँ, तर उहाँले मान्नुभएन । बरु उहाँले धर्मसन्तान पालौं भनेर यताउति खोज्न थाल्नुभयो । सासूससुराले पनि छोरालाई विवाह गर्न कर गर्नुभएन ।

हाम्रो इच्छा धर्मसन्तान पाल्ने थाहा भएपछि एक दिन हाम्रा एकजना देवर पर्नेले कताबाट हो जुम्ल्याहा सन्तानमध्ये एउटी छोरी ल्याइदिए । उनले छोरी ल्याएर मेरो काखमा राखिदिँदै भने- "लिनोस् भाउजू" तपाईंकी धर्मपुत्री । छोरी भनेकी लक्ष्मी हुन्, अब तपाईंको घर उज्यालो हुन्छ ।" म निकै खुसी हुँदै उसलाई काखमा राखेर लुगाले बेरिदिएँ । त्यतिबेला ऊ तीन महिनाकी थिई । श्रीमान् पनि खुसी भएर हर्षका आँसु झार्नु भयो । सासूससुराले भने छोरी भएकोमा त्यति राम्रो मान्नुभएन । एउटै मात्र छोराको सन्तान छोरा नै भइदिएको भए हुन्थ्यो । यत्रो सम्पत्ति कसले खाने भन्ने उहाँहरूको धारणा थियो । तैपनि सन्तान नै नभएका बेलामा छोरी भए पनि ठीकै छ । भनेको सबै कुरा पाईंदैन भनेर चित्त बुझाउन थाल्नुभयो । छोरीलाई सबैले अलि माया गर्दै हुर्काइयो । ऊ सबैका आँखाकी नानी थिई ।

छोरी पाँच वर्षकी भएपछि मलाई पनि छोरा जन्मियो । छोरा जन्मिएपछि मलाई बिस्तारै त्यसको माया लाग्न छाड्यो । यसैगरी मलाई लगातार पाँच भाइ छोरा जन्मिए । घरका सबैले उसलाई अति नै माया गर्थे, तर मलाई भने उसको अनुहार देख्दा पनि रिस उठ्न थाल्यो । उसले पनि मलाई र भाइहरूलाई साह्रै माया गर्थी । भाइहरूले पनि उसलाई निकै पछ्याउँथे ।

यसरी नै समय बित्दै गयो । सासूससुरा पनि स्वर्गे हुनुभयो । उसले भाइहरूको रेखदेख गर्दै अरू काममा सघाउन थाली र राम्रोसँग पढ्दै पनि गई ।

एक दिनको कुरा हो । छोरीको एस.एल.सी.को परीक्षा नजिकै आइरहेको थियो । उसले निकै मिहिनेत गरेर पढ्न थालेकी थिई । छोराहरूलाई स्कुल पठाउने बेला भएको थियो । उसले भनी- "आमा, आज तपाईंले नै भाइहरूलाई कपडा लगाएर स्कुल पठाउनुहोस् न है । परीक्षा आइसक्यो, मलाईं निकै डर लागिरहेको छ, पढेर सिध्याएकी छैन । मलाई खाना खाने मन पनि छैन । म साथीकोमा गएर पढ्छु । यहाँ भाइहरूले पढ्न पनि दिन्नन् ।"

उसको कुरा सुनेर मलाई साह्रै रिस उठेर आयो र मैले उसलाई गाली गर्न थालें- "तँलाई यी भाइहरू पनि घाँडो भयो होइन अब ? तँ कोसित पल्केकी छेस् र घरमा बस्न मन लाग्न छोड्यो हँ ? तेरो चाला ठीक छैन, बाउले बढी फुर्क्याएर पनि तैंले भुइँमा टेक्न छोडेकी होस् । जान्छेस् भने जा । यता नफर्किएस् ।"

यति गाली गरेपछि उसले मलिन अनुहार पार्दै भनी- "आमा नरिसाउनु न ! मैले त्यस्तो नराम्रो के गरें र ? परीक्षा नजिक आएर पो पढ्न खोजेकी हुँ । फेरि म कहाँ जान थालेकी छु र ! त्यहीं सरिताको घरमा त हो नि ! साथीसँग बसेर पढ्दा अलि छिटो बुझिन्छ । तपाईं रिसाए पनि म त जान्छु । परीक्षा भनेको परीक्षा हो । यतिबेला पढ्न सकिएन भने पास नै भइँदैन ।" ढिपी गर्दै ऊ पढ्न गई । साँझ फर्किएपछि पनि मैले उसलाई निकै गाली गरें । ऊ चुपचाप बसेर रोई ।

ऊ एस.एल.सी.मा राम्रो नम्बर ल्याएर पास भई । पास भएको दिन ऊ खुसी हुँदै आएर मलाई भनी- "आमा म त फस्ट डिभिजनमा पास भएँ ।" तर मलाई भने पटक्कै खुसी लागेन । बरु डाहा लागेर आयो र मैले भनें- "भयो-भयो बढी फुर्किनुपर्दैन, पढेपछि पास नभएर के भइन्छ त !" ऊ जिल्ल परी, खुसीले बलेको उसको अनुहार तुरुन्तै निभिहाल्यो ।

साँझ उसको बाबा आएर सोध्नुभयो । उसले जाँगर नगरेरै भनी- "पास भएँ फस्ट डिभिजनमा ।" उसको अनुहारमा कुनै खुसी र उत्साह थिएन ।

छोरीको उत्तरले उहाँ निकै खुसी भएर भन्नुभयो- "स्याबास, मेरी छोरी ! तिमीले आज मेरो निकै ठूलो चाहना पूरा गरिदियौ ।"

अनि उहाँले छोरीको मलिन अनुहार देखेर छोरीलाई हातमा समातेर काखमा राख्दै भन्नुभयो- "यता आऊ न छोरी ! यस्तो खुसीको क्षणमा पनि तिमी चाहिँ निकै निन्याउरी भएर बसेकी नि ? कि पास भएँ पछि अब घर छोडेर पढ्न जानु पर्छ भनेर चिन्ता गरेकी ?" बाबाले यति भन्नासाथ उसको अनुहारमा खुसीका रेखा दौड्न थाले । उसले "त्यस्तो केही होइन" भनेर उत्तर दिई । दिदी पास भई भनेर भाइहरू पनि निकै खुसी भएका थिए ।

वैशाखको महिना भएकोले वनपाखामा रूखबिरुवाले नयाँ पालुवा फेर्न लागेका थिए । पारि वनमा कोइलीले को हो ! को हो ! गीत गाइरहेको थियो । एक दिन बिहान हामी आँगनमा बसेर घर-व्यवहारका कुरा गर्दै थियौं । उहाँले भन्नुभयो- "ए साँच्ची छोरीले राम्रो नम्बर ल्याएर पास गरी । अब उसलाई कहाँ पढाउने हो ? सकेसम्म राम्रो क्याम्पसमा भर्ना गरिदिनु पर्छ । फेरि एउटी मात्र छोरी त्यसमाथि हाम्री पहिली सन्तान र घरकी लक्ष्मी ।"

उहाँको कुरा मलाई चित्त बुझेन र भनें- "आ ! त्यसलाई कति पढाउने दस पास भइहाली, अब एउटा केटो खोजेर दिइहाल्नु पर्छ । आखिर हाम्री सन्तान पनि त होइन नि ! अर्काको सन्तानलाई बढ्ता माया गर्न हुँदैन । पछि थाहा पाई भने हामीलाई वास्ता गर्नेछैन । हाम्रा पनि यतिका छोरा भइहाले, त्यसको बढी ख्याल गर्नु पर्दैन ।"

उहाँले रिसाउँदै भन्नुभयो- "के कुरा गरेकी तिमीले ! हामीले पालेपछि कसरी अर्काकी सन्तान भई ? फेरि हामीले पनि त छोराछोरी नभएर ल्याएका हौं उसलाई । तिमी एकपटक सम्झ त, त्यो छोरी आउँदाका दिन हाम्रो घर कस्तो उल्लासमय बनेको थियो ? हामी दुवै कति खुसी भएका थियौं ? जुन दिनदेखि त्यो छोरीको उपस्थिति हाम्रो घरमा भयो त्यस दिनदेखि नै राम्रो हुँदै आयो । वहाँले यताउति हेर्दै फेरि भन्न थाल्नुभयो- "उसको पढाइ पनि राम्रो छ ! अर्काको घरमा जानुपर्ने जात राम्रोसँग पढायौं भने भोलि आफ्नो जीवन सुखसँग बिताउली । कसैको आसमा बस्नुपर्ने छैन उसलाई । यो छोरी ठूली मान्छे भई भने हामीलाई सन्तोष होला । के थाहा ? भोलि यी छोराहरूले वास्ता गरेनन् भने हामीलाई त्यो छोरीले पनि पाल्न सक्छे । छोराभन्दा छोरीले नै बाउआमालाई बढी माया गर्छन् । त्यसैले छोरीलाई जसरी पनि पढाउनु पर्छ ।" उहाँले आफ्नो दृढता व्यक्त गर्नुभयो ।

उसले भित्र बसेर सबै कुरा सुनेकी रहिछ । एक्कासि हामी भएका ठाउँमा आई र रुँदै भन्न थाली- "के म तपाईहरूकी छोरी होइन ? होइन भने

खोइ मेरा बाआमा कहाँ छन् ? बताइदिनुहोस् । तपाईंहरूकी बोझ भएर म बस्तिन । तपाईंहरूलाई दुःख पनि दिन चाहन्न ।"

उहाँले छोरीलाई समातेर काखमा राखेर आँसु पुछिदिँदै भन्नुभयो- "कसले भन्यो बा ! तिमीलाई हाम्री छोरी होइनौ भनेर ? त्यसो भए हामीलाई बाबा आमा भन्दिनौ तिमीले ?"

बाबाको कुरा सुन्नासाथ उसले भनी- "मैले सबै कुरा सुनिसकेकी छु । अब मलाई तपाईंहरूले ढाँट्ने केसिस गर्नु पर्दैन । मेरा बाउआमा कतै भए बताइदिनुहोस् । म त्यहीँ जाउँला । नभए पनि म जहाँ जान्छु-जान्छु । अर्काकी छोरीलाई दुःख गरेर पढाउनुपर्ने बाध्यता छैन तपाईंहरूलाई ।" ऊ डाँको छोडेर रुन थाली ।

छोरी रोएपछि बाबाले पनि रुँदै भन्न थाल्नुभयो- "छोरी किन तिमीले यति चित्त दुखाउँछ्यौ ? तिम्रा बाबाआमा हामी नै हौं । हामी बाहेक तिम्रो अरू कोही छैन र तिमी बाहेक हाम्रो छोरी पनि कोही छैन । तिम्रा यी भाइहरूकी दिदी पनि तिमी मात्रै हौ र यिनीहरू मात्र तिम्रा भाइहरू हुन् । तिमीले नै त्यसो भनेपछि हामी कसरी बस्ने, के तिमीलाई हाम्रो माया लाग्दैन ?

बाबुको प्रश्नपछि उसले "लाग्छ"को टाउको हल्लाई र भनी- "त्यसो भए किन आमाले होइन भन्नुभयो त ?"

"तिम्री आमा बहुलाएर त्यसो भनेकी हो, यसका कुरा नसुन । यसको अब स्वर उड्न लागेको छ ।" उहाँले मतिर हेरेर रिसाउँदै भन्नुभयो ।

बाबाले त्यसो भनेपछि ऊ अलि शान्त भई र सामान्य स्थितिमा काम गर्न थाली । त्यसपछि मैले बाबा भएको बेलामा केही भन्दिनथें । नभएको मौका पारेर निकै घोचपेच गरेर उसलाई रुवाउँथें । छोराहरूले पनि मैले उसलाई गाली गरेको सहँदैनथे र मलाई नै गाली गर्थे, तर उसले भने मलाई उत्तिकै माया गर्थी र भाइहरूप्रतिको माया पनि उसमा झन् बढ्ता हुन थालेको थियो ।

एक दिनको कुरा हो, उहाँ घरमा हुनुहुन्नथ्यो । ऊ सधैं झैं बिहान उठेर सबै काम सिध्याएर भाइहरूसँग बसेर रमाइलो मान्दै गफ गरिरहेकी थिई । मैले भनें- "गफ चुट्न त कसैले भेटाउँदैन यहाँलाई, काम गर्नु कता हो कता !" ऊ चुप लागेर काम गर्न थाली । केही छिनपछि उसले भाइहरूलाई तयार गरेर स्कुल पठाई । आफूले पनि लुगा लगाई । हातमा आफ्नो स्कुल जाने झोला लिएर बाहिर निस्की र मेरो छेउमा आएर रुँदै भनी- "आमा, अब

म यो घरमा बस्दिन । मलाई तपाईंहरूले आजसम्म पाल्नुभयो । त्यसको लागि म तपाईंहरूप्रति आजीवन ऋणी छु । म यहाँबाट गए पनि तपाईंहरूप्रतिको मेरो माया कत्ति पनि कमी हुनेछैन । जहाँ गए पनि मैले यी भाइहरूको मायालाई मुटुमा राख्नेछु । बाबा आएर सोध्नुहोला, स्वेच्छाले हिँडी भनिदिनु होला । अब म कहाँ जान्छु मलाई थाहा छैन ।" उसले मेरो काखमा भएको सानो छोराको म्वाइँ खाँदै बरर्र आँसु झारी र झोला लिएर सरासर बाटो लागी । मैले उसलाई रोक्ने छेक्ने कुनै प्रयास गरिन । म चुपचाप बसेर हेरिरहें ।

साँझ छोराहरू आएर "दिदी खोइ ?" भनेर सोधे । मैले उनीहरूसँग साथीकोमा गएकी छ भनेर जबाफ दिएँ । अर्को दिन उहाँ पनि आउनुभयो । आएको केही बेरसम्म छोरीलाई नदेखेपछि उहाँले छोरीको खोजी गर्नु भयो । मैले उहाँसँग ढाँट्न सकिन र सबै कुरा बताएँ । मेरो कुराले उहाँ रिसले आगो हुनुभयो र मलाई गाली गर्दै यताउति खोज्न थाल्नुभयो । बाबा र छोराहरू मिलेर सारा गाउँ चाले, तर उसको पत्तो लागेन । अर्को दिन मान्छे लगाएर टाढाटाढासम्म खोजे, तर पनि केही थाहा भएन । धेरै दिनसम्म खोज्दा पनि पत्ता नलागेपछि उहाँले माया मार्नुभयो । छोरीको पीरले बिरामी हुनुभयो र शोकैशोकले वर्षदिन पछि उहाँको मृत्यु भयो ।

छोराहरूले पनि दिदी नभएपछि पढ्नलेख्न जाँगर गरेनन् । उनीहरूले मलाई तपाईंले गर्दा दिदी बेपत्ता भई भनेर गाली गरिरहन्थ्ये । घरमा डाँका परेर केही सम्पति लुटेर लग्यो भने केही सम्पति स्याहार्ने कोही नभएपछि अलिअलि गर्दै सकिन थाल्यो । ठूला दुई छोराहरू इन्डियातिर गएका फर्किएनन् । सानालाई मैले पढाउन सकिन र ज्यालादारी काममा लागे । उनीहरूले मेरो पटक्कै वास्ता गरेनन् । हाम्रो खानदानी रवाफ सकियो । यस्तै दुःखमा हामीहरू चलिरहेका थियौं । सबै छिन्नभिन्न भएपछि मलाई त्यो छोरीको याद आउन थाल्यो । ऊ कहाँ होली, कसरी खाइहोली भन्ने पीरले रातिदिन सताउन थाल्यो र म उसैलाई सम्झिएर रुन थालें ।

एक दिन पारि गाउँको सन्तेले छोरी सीताको चिठी दिएर गयो । चिठी काठमाडौंबाट पठाएकी रहिछ । चिठी पाउँदा मलाई उसलाई देखेजत्तिकै भयो । मैले अक्षर नचिनेकोले छोराहरूको बाटो हेर्न थालें । साँझ साँहिलो छोराले चिठी पढेर सुनायो–

"आदरणीय बाबा आमा नमस्ते ! मेरा प्यारा भाइहरूमा धेरै-धेरै सम्झनाका साथमा मुटुभरिको माया । तपाईंहरू त्यहाँ सन्चैराम्रै हुनुहोला भन्दै भगवान्सँग प्रार्थना गरी बसेकी छु । भाइहरूले पनि राम्रोसँग पढ्दै होलान् भन्ने विश्वास गरेकी छु । बाबा ! तपाईंलाई दमको रोग थियो । अहिले कस्तो छ ? आमा ! तपाईंलाई अलिकति चिसो हुँदा पनि हातखुट्टा सुन्निन्थे, सन्चो भयो कि भएको छैन । तपाईहरू र भाइहरूको सम्झनाले मलाई सधैं सताइरहन्छ । म हिँड्दा कान्छो भाइ दुई वर्षको मात्र थियो, अहिले निकै ठूलो भइसक्यो होला । अरू सबै भाइहरू पनि नचिनिने भएहोलान् । मलाई कतिखेर त्यहाँ आएर सबैलाई भेटौं जस्तो भएको छ । सरिताको के हालखबर छ, धेरै सम्झिएकी छ भनेर सुनाइदिनु होला ।

आमाबाबा ! मलाई माफ गर्नुहोला । मैले आवेशमा आएर घर छोडेर हिँडे । त्यसपछि तपाईहरूको यतिका वर्षसम्म वास्ता नगरे जस्तो भयो, तर त्यसो होइन । म सधैं तपाईंहरूको आशीर्वादलाई शिरोपर गरेर बसेकी छु । घरबाट हिँडेपछि मैले धेरै दुःख पाएर यहाँसम्म आउन सकें । संयोगले एउटा धनी मान्छेको घरमा काम पाएँ । यहाँ मलाई सबै राम्रो छ । काम गरेर भए पनि मैले पढ्न पाएँ । भर्खरै म बी.ए.पास भएँ अब एम्.ए. पढ्ने विचारमा छु । म सँगसँगै पढ्ने एउटा मध्यम परिवारको केटाले मसँग विवाहको प्रस्ताव राखेको छ । उसको बानी व्यवहार राम्रो छ । त्यसैले मैले पनि ऊसँग विवाह गर्ने विचार गरेकी छु । मैले तपाईहरूको उपस्थितिमा तपाईहरूको आशीर्वाद लिएर मात्र विवाह गर्ने विचार गरेकी छु । चिठी पाउनासाथ तपाईंहरू दुवैजना आउनुहोला । फोन नम्बर र ठेगाना सबै यसै चिठीमा लेखेकी छु ।

विवाहपछि म पनि ज्वाइँलाई सँगै लिएर त्यहाँ घरमा आउनेछु । अरू सबै भेटमा विस्तार गरौंला । तपाईहरूकी प्यारी छोरी - सीता

छोराले चिठी पढिसक्दा मलाई खपिनसक्नु भयो र म डाँको छोडेर रुन थालें । छोराहरू पनि रोए । मलाई साह्रै पछुतो भयो र आफैंदेखि घृणा लागेर आयो । मैले आफैंलाई धिक्कार्न थालें । त्यस दिन मलाई खान मन लागेन र त्यसै सुतें । रातभरि उसलाई सम्झेर रोइरहें, निद्रा लागेन । अर्को दिन बिहान गाउँमा पैसा खोज्न गएँ, तर कतै पाइन । पैसा नपाएपछि छोराले फेरि जाउँला भन्यो, तर मेरो मनले मानेन । उसलाई कतिखेर भेटेर रोऊँ जस्तो भयो । मैले ऊसँग रोएर गल्ती पखाल्ने निर्णय गरें र बीस रुपैयाँ लिएर बाटो लागें ।

म काठमाडौं जाने गाडीमा चढें । बाटोमा कन्डक्टरले पैसा माग्दा हात जोडेर रुँदै भनें- "बाबु मसँग पैसा छैन । म काठमाडौं जान हिँडेकी हुँ । मलाई साह्रै आपत् परेको छ बाबु ।" उसले पनि ल ठीकै छ त्यसो भए भनेर छोडिदियो । बसपार्कमा आएर म उत्रिएँ ।

एउटा पसलमा गएर छोरीलाई फोन गर्न भनी पटुकीमा राखेको चिठी र फोन नम्बर खोज्दा भेटिएन । बाटोमाझ पटुका खोलेकोले कहाँ खसेछ थाहै भएन । यो भवसागरमा म त्यसै अलमलमा परें, ठेगानाबिना कता जाने केही निधो गर्न सकिन । छोरीलाई भेट्ने चाहनामा बज्रपात पऱ्यो । तैपनि सोधेर भए पनि पत्ता लाग्छ कि भनेर केही दिनसम्म यताउता सोध्दै र खोज्दै हिँडें, तर कतै पत्तो लागेन ।

मलाई छोरी नभेटीकन घर जान मन लागेन । उसलाई जसरी भए पनि भेट्छु भनेर केही समय यतैतिर भाँडा माझेर बस्न थालें । पछि रोग र चिसोले गर्दा मैले काम गर्न सकिन । जे-जसो भए पनि म त्यो छोरीलाई भेट्ने तृष्णाले गर्दा घर फर्किन सकिन । उता पनि ती छोराहरू सानै थिए । कसैको पनि बिहे भएको थिएन, उनीहरूको सहारा पनि कोही थिएन, तर मलाई ती छोराहरूको पीरले भन्दा आफूले छोरीमाथि गरेको व्यवहारले सधैंभरि पोल्न थाल्यो र म त्यसैको प्रायश्चित्त गर्दै यसै मन्दिरमा आएर माग्दै खान थालें । यहाँ कसैको दया जागे खाने हो नत्र कहिले भोकै पनि बस्नु पर्छ । यो खुला ठाउँमा जाडो, गर्मी र वर्षा नभनी बस्दा हातखुट्टा सुन्निएर यस्ता भएका छन् ।"

उनले आफ्ना हातखुट्टा देखाइन् र अनुहार अँध्यारो पार्दै थपिन्- "उसलाई भेट्ने चाहना मेरो अझै पनि मरेको छैन । अझै पनि कतै आइहाल्छे कि भनेर यहाँ आउने-जानेलाई नियालेर हेर्ने गर्छु, तर उसलाई अहिलेसम्म देखेकी छैन । यतिका मान्छे मन्दिरमा आउँदा ऊमात्र यहाँ किन आउँदिन होली । उसलाई सम्झिँदा मेरो मुटु त्यसै गाँठो परेर आउँछ । मलाई बहुलाएर हिँड्न मन लाग्छ ।"

उनी बेस्सरी रुन थालिन् । मैले उनलाई एकछिन सम्झाएँ र केही रुपैयाँ दिँदै उनकी छोरीलाई सकेसम्म खोज्छु भनेर म घर फर्किएँ ।

नौ

अचम्मको बच्चा

तराईको ठाउँ, गर्मीमा निकै गर्मी र जाडोमा निकै जाडो हुने । माघको महिना हुनाले जाडो निकै बढिरहेको थियो । त्यस दिन पनि सधैं झैं मैले छोराछोरीलाई खाना खुवाएर धन्दा गरुन्जेलमा उनीहरू निदाइसकेका थिए । मैले उनीहरूलाई व्यवस्थित गराएँ । चिसोले गर्दा मेरा हातगोडा साह्रै कठ्याङ्ग्रिएका थिए । मैले आगो बालेर ताप्न थालें । केही बेर आगो तापिसकेपछि मेरा आँखा लोलाउन थाले । घडी हेर्दा रातको एघार बजिसकेको रहेछ । सुत्ने विचार गर्दै बाहिर निस्किएँ । जताततै निस्पट्ट अँध्यारो थियो, जाडोले होला, सायद कतै कोही बोलेको कराएको आबाज आएको थिएन, डम्म हुस्सु लागेको थियो । रूखका पातहरूमा तपतप शीत खसेको आवाजले रातको चकमन्नतालाई अलि बिथोल्न खोज्दै थियो । मुटु छेड्ने चिसो रहेछ, मैले छिटोछिटो भित्र पसेर ढोका थुनें ।

छोराछोरी सबै मझेरीमा लहरै सुतेका थिए । लाग्थ्यो निकै गहिरो निद्रामा छन् । मलाई हतपत निद्रा नआउने भएकोले यसरी मस्त निदाएको देख्दा पनि रहर लाग्थ्यो । उनीहरूको निस्फिक्री अवस्थालाई देखेर सोचें, कति आनन्दको उमेर छ यिनीहरूको, मज्जाले खेल्यो, घुम्यो, खायो र सुत्यो । अनि मन लागेको कुरा रोएर कराएर घुर्क्याएर जसरी भए पनि प्राप्त गऱ्यो । शोक न सन्ताप भोक न भकारी ! उनीहरूको सिरक मिलाई दिएर म पनि उनीहरूको छेउमा पल्टिएँ । मनमा नाना थरीका कुरा आएकोले धेरै बेरसम्म निदाउन सकिन । कोल्टे फेर्दाफेर्दै रातको बाह्र बजिसकेको थियो ।

अचानक ढोकाको ढ्याक्कढ्याक्क आवाजसँगै कसैले बोलाएको पुरुष स्वर सुनियो, साथै उनीहरू एक आपसमा गुनगुन कुरा गरेको पनि । घरमा लोग्नेमान्छे नभएकोले म डराएँ, अब केके हुने हो भनेर मेरो मुटु ढुकढुक गर्न थाले तापनि साहस गर्दै सोधें- "को हो तपाईंहरू ? यति बेला किन आउनुभएको ?"

झ्यालतिरबाट उत्तर आयो- "लौन हजुर ! ढोका खोल्नुहोस् न, साह्रै आपत् पऱ्यो । मेरी श्रीमती त बच्चा पाउन नसकेर मर्न थाली, तपाईं जानुपऱ्यो ! हामी तपाईलाई लिन आएका हौं । लौ न उद्धार गर्नु पऱ्यो हजुर ।"

आबाज अलि चिने जस्तो लाग्यो । मेरो डर अलि मत्थर भयो र ढोका खोलें । बाहिर हेर्दा सहवीर रहेछ । उसँग अर्को छिमेकी केटो पनि आएको थियो । उसको नाम मलाई याद भएन ।

"यति बेला कसरी जानु र खोई ! घरमा केटाकेटी मात्र छन्, उनीहरूलाई एक्लै छोड्न मिल्दैन । फेरि रात पनि निकै छिपिसक्यो । दिउँसो भए त अर्कै कुरा !" मैले असजिलो जनाएँ ।

"लौ न हजुर ! त्यसो न भनिदिनुहोस्, यो गरिबको उद्धार गरे गुन सम्झिउँला, तपाईंलाई पनि धर्म होला हजुर ! के गर्ने उसको प्राण जान थालिसक्यो ।" उसले हात जोडेर अनुनय गर्दै भन्यो । उसका ओठमुख सुकेका थिए, हात थरथरी काँपिका थिए ।

उसको कुराले म आपत्मा परें, जाऊँ भने ती भन्ट्याङ्भुन्टुङ्को बिचल्ली हुने डर नजाऊँ भने पनि धर्म नष्ट हुने डर । एकछिन अलमल परे पनि मैले जाने निर्णय गरें र केही सामानहरू लिएर उनीहरूसँग बाटो लागें । बाटो सुनसान थियो । सारा गाउँ निद्रामा मस्त थियो । मलाई अति नै डर लागिरहेको थियो । छोराछोरीलाई एक्लै घरमा छोडेर दुईजना लोग्नेमान्छेको साथमा एक्ली आइमाई मध्यरातमा हिँडिरहेकी छु, चिसो सिरेटोसँगै मेरो मन पनि चिसो भयो । हामी चुप लागेर हिँडिरह्यौं । करिब बीस मिनेट जति हिँडेपछि हामी उसको घर पुग्यौं ।

उसकी श्रीमती साह्रै आत्तिएकी थिई । ऊ बोल्न पनि नसक्ने अवस्थामा पुगेकी थिई । उसको पेट असाधारण ठूलो थियो । एउटी सुँडेनीले उसको नजिकै परालको आगो बालेर तेल लगाउँदै थिई । मलाई बिरामीको अवस्था देखेपछि निकै डर लाग्यो र सोचें- "के जाने छोइपासो पो हुने हो कि ! फेरि मुसलमान निकै इखालु हुन्छन् भन्छन् र रिसाहा पनि ।"

मैले बरैबाट सोधें- "कहिलेदेखि हो तिमीलाई बेथा लागेको, सास फेर्न कति गाह्रो भएको छ ।" ऊ बोल्न सक्ने अवस्थामा थिइन ।

"पेटमा बच्चा चल्छ कि चल्दैन त ?" मैले सुँडेनीतिर फर्किएर सोधें ।

सुँडेनीले ठूलाठूला आँखा पारेर भन्न थाली- "मैले अहिलेसम्म कति सुत्केरी गराएँ, तर यस्तो जानेकी थिइन । दस दिन भयो उसलाई बिमार लागेको लाग्यै छ । त्यसै होलाजस्तो लाग्दैन । अस्पताल लैजान पर्ने तर घरका मान्छे ताते पो !" उसले फेरि पेट देखाउँदै भनी, "हेर्नुस् न पेट कत्रो छ, यहाँ त बच्चा भए जस्तो पनि छैन ।"

सुँडेनीले यसो हल्लाएपछि उसका आँखा खुले र उसले मतिर हेर्दै भनी- "दस दिन भयो मलाई यस्तो भएको न त परान जान्छ नत बच्चा हुन्छ । मलाई कहाँ गएर फाल हालेर मरुँ जस्तो भएको छ । हे भगवान् ! म मरिसकें, के दशा लागेर मलाई यो गर्भ रह्यो ? यो भन्दा अगाडि एघारवटा बच्चा पाएँ, तर यस्तो कहिलै भएको थिएन । हे प्रभु ! मलाई कति कष्ट भयो, अब त सहन पनि नसक्ने भएँ, हे बाउ ! हे आमा ।" उसले सुँडेनीलाई बेस्सरी समालेर दाह्रा किटी ।

उसले फेरि मतिर हेर्दै भनी, "ए दिदी लौ न मलाई बचाउनुस् ! म त मरिसकें । अझै किन हेरिरहनुहुन्छ मात्र ?" ऊ छट्पटाउन थाली ।

यस्तो बिलौना गर्दै अनुरोध गरेपछि मेरो मनले मानेन र म उसको नजिकै गएर उलाई छामछुम पार्न थालें । यत्तिकैमा उसकी सासू भित्रबाट आएर कड्किन थाली –

"हामीले पनि पाएका हौं चौधोटा छोराछोरी, न त अस्पताल चाहियो न त सुँडेनी ! आजकलका नकचरीलाई अनेक गर्नुपर्छ । स्वाङ पारेर हो नत्र के हुन्छ र ? अलिकति लाज पनि मान्नु पर्छ ।"

ऊ एकछिन चुप लागेर मतिर हेरी र हातको भाउ लाउँदै फलाक्न थाली- "आज दस-दस दिन भयो त्यस्तै सुतेको सुत्यै छ, काम गर्नु त कता हो कता अझ उल्टै उसकै स्याहार-सुसार ! सरम नभएपछि त जे गरे पनि हुँदोरैछ । लोग्ने चाहिँले रातिरातिमा गएर तपाईलाई दुःख दिएछ । मैले त नजा भनेकी हुँ, माने पो ! कति माया लागेको हो बाबै स्वास्नीको छ्या ।"

मैले बिरामीको अवस्थाको जाँच गर्दै थिएँ । बूढी फेरि बुहारीको नजिक आएर उसको अनुहार हेर्दै पड्किई- "हेर त अझ त्यो अनुहार ! बिहान एक पाउ दूध ल्याएर घिचाएको हो, जति गर्दा पनि नहुने । त्यसमाथि यसका बसौंटे सन्तानले रातभरि सुत्न पनि दिँदैनन् ।" बूढीको अनुहार रिसले खुम्चियो ।

बूढीले त्यसरी गाली गरेपछि बुहारीलाई खपिसक्नु भएनछ र आफ्नो ढलेको टाउको उठाउँदै मुर्मुरिएर भनी- "कति अचाक्ली गरेको हो तिमीले ममाथि ? के मेरामात्र सन्तान हुन् र ?" ऊ अरू बोल्न खोज्दै थिई, तर व्यथाले साह्रै च्यापेकोले ऊ भुइँमा पल्टिई ।

मलाई पनि यस्तो अवस्थाकी बुहारीमाथि त्यसरी खनिएको देख्दा बूढीसँग साह्रै रिस उठेको थियो, तर आफ्नो रिसलाई काबुमा राख्दै मैले भने-

"हेर्नुस् दिदी । यस्तो बेलामा ख्याल गर्नुपर्छ । यिनलाई साह्रै भइसकेको छ, पहिले नै अस्पताल लैजानुपर्ने थियो, तर तपाईंले त घरमै राखेर तथानाम गाली गर्नुहुन्छ । के व्यथा लागेको दस दिनसम्म पनि बच्चा नजन्माएको तपाईंलाई सताउनकै लागि हो त ? हेर्नुस् त यिनी कस्ती भइसकेकी छन् । यत्रो दिनसम्म यो हालतमा बस्न यिनलाई पनि त सजिलो भएको छैन । तपाईं त आइमाई मान्छे, त्यस्तो पीडा त बुझ्नु पर्छ नि तपाईंले ।"

मेरो कुराले भुतुक्कै भएर केके गनगन गर्दै बूढी भित्र पसी । उसको छोरो पनि भित्र गयो । सुँडेनी र म दुईजना मिलेर उसको उपचार गर्न लाग्यौं । उसलाई भुइँमा सुताएर केही गर्न नमिल्ने भएकोले सुँडेनी भित्रतिर खाट खोज्न गई । बूढीले खाट लान थालेको चाल पाएर भित्रैबाट केके फलाक्न थाली । तैपनि सुँडेनीले एउटा सानो खटिया लिएर आई । हामीले उसलाई खाटमा सुतायौं र मैले खाट तल बाँटा थापेर लाइटले हेर्दै उसको गुप्ताङ्गमा हात घुसाएर यताउता चलाएँ । एकछिन चलाएपछि उसको योनीबाट पानीको खोलो बग्यो । थापेको बाँटा भरिएर जताततै छ्याल्ल-ब्याल्ल भयो । केही बेर पानी बगेपछि उसको पेट बिस्तारै घट्दै गयो । ऊ बिहोस भई । निकै जाडो भएकोले मेरा हात कठ्याङ्ग्रिएर काम गर्न सकिन । बालेको आगो सबै निभिसकेको थियो । भित्र गएर हेर्दा बूढी र छोरो दुवै निदाइसकेका थिए । मैले उसलाई बोलाउँदै भनें- ए सहवीर, तिम्रो यो के चाला हो यस्तो ? श्रीमतीलाई त्यस्तो हालतमा छोडेर तिमी भित्र आएर सुत्ने, माया छैन हैन, विचार पनि गर्नुपर्छ ।"

मेरो बोली सुनेर ऊ आत्तिदै उठ्यो र भन्यो हेर्नुस् न, नसुतेको कति दिन भइसक्यो । यसो पल्टिएको त भुसुक्कै निदाएँछु । के भयो दिदी, उसलाई बच्चा जन्मियो र ?"

"कहाँ बच्चा जन्मनु ? कति कोसिस गर्दा बल्ल उसको पेटमा भएको १५/१६ लिटर पानी बाहिर निस्क्यो । त्यही अनावश्यक पानीले गर्दा नै उसको पेट त्यत्रो ठूलो भएको रहेछ । हेर ऊ अहिले बिहोस छे, बच्चा अझै निकाल्न सकिएको छैन । जाडोले मेरा हात कठाङ्ग्रिए, जाऊ छिटो आगो बाल, हात सेकाएपछि बच्चा निकाल्ने कोसिस गर्छु, नसके तुरुन्तै अस्पताल लैजानु पर्छ ।" मैले उसलाई अराउँदै भनें ।

उसले आगो बाल्यो । मैले हात सेकाएँ । त्यसपछि फेरि सुँडेनी र म बच्चा निकाल्न निकाल्न तिर लाग्यौं । बाहिरबाट पेट छाम्दा एउटा

डल्लोजस्तो भेटियो । उसको होस अझै खुलेको थिएन, मैले फेरि हात राखेर छाम्न थालें । बच्चा उल्टो परेको रहेछ, उसका खुट्टा पहिले भेटिए । मैले बच्चालाई ओल्टाईपल्टाई गरेर छामें। उसको टाउको ठूलो, आँखाको ठाउँमा नाक, कानको ठाउमा आँखा, पछाडि कान, हातको ठाउँमा हात नभएर अलि पछाडि थिए, हातमा बाँदरको जस्तो कपाल थियो । यस्तो देखेपछि पहिला त म पनि तर्सिएर सुँडेनीलाई देखाउँदै भनें, "हेर त बहिनी यो बच्चा त यस्तो अचम्मको छ । मान्छेको बच्चो पनि हो कि होइन जस्तो !"

सुँडेनीले बच्चा देखेपछि एक्कासि चिच्याई र भन्न थाली- "ए लौन ! यो के हो यस्तो ? यो मान्छे नै होइन, राक्षस जस्तो छ । यस्तो अचम्मको बच्चा त मैले अहिलेसम्म देखेकी थिइन । आज यो के अनौठो देख्नु पर्‍यो ।"

हामीले हल्ला गरेपछि सहवीर पनि आएर हेर्‍यो र डराउँदै भन्यो- "यो त राक्षस हो, मान्छे होइन । यस्तो कसरी भयो ? यससित बाह्रवटा जन्माई अब खाने हो यसले ।" ऊ हड्बडाउँदै भित्र गएर आमालाई बोलायो । बूढी पनि एक छिनमा आई र कराई, "हे भगवान् ! यो के देख्नु पर्‍यो यस्तो ।" उसले माथि हेर्दै हात जोर्न थाली । त्यहाँ सबै जना डराए । मैले सहवीरलाई सम्झाउँदै भने- हेर सहवीर अहिले परिवार नियोजनका साधन स्थायी-अस्थायी जति पनि बनेका छन्, तर तिमीहरूको चेतना कहिले आउने हो र यस्तो खतराबाट मुक्त हुनेहौ । बेलैमा बुद्धि नपुर्‍याउनाले तिमीहरूलाई यतिका सन्तान भए । धेरै सन्तान जन्माउनाले यो बिचरीले आज यस्तो दुख झेल्नु पर्‍यो । गर्भवती अवस्थामा पौष्टिक आहार नपाएर उसको पेटमा यति धेरै पानी जम्मा भयो र बच्चाको पूर्ण रूपले विकास हुन पाएन । राम्रोसँग खाना नपाएर नै यसको पेटमा यस्तो विचित्रको बच्चा भयो । उसको झन्डै ज्यान गएन, साह्रै दुःख पाएर बाँची ।

मैले सहवीरलाई हेर्दै भनें- "अब तिमीले तुरुन्तै स्थायी नियोजन गर, फेरि उसको गर्भ रह्यो भने ज्यान जाने खतरा हुन्छ ।"

उसले अलि अनकन गर्दै भन्यो- "हाम्रो जातमा परिवार नियोजन गर्नु हुँदैन भन्छन्, तर म भोलि नै गएर परिवार नियोजन गर्छु । जसले जे भन्ने हो भनोस् । यही अन्धविश्वासले गर्दा आज मेरी श्रीमतीले यति दुःख पाई ।" उसले आफ्नो दृढता व्यक्त गर्‍यो र आफ्नी श्रीमतीलाई त्यहाँबाट अन्त सारेर सुतायो । त्यस बेलासम्म उज्यालो भइसकेको थियो, म घरतिर लागें ।

पल्लो पसल

मेरो किराना पसलको पारिपट्टि भाँडा पसल थियो । त्यहाँ बिक्री हुने भाँडाकुँडाहरू त्यसै घरमा भएको कारखानामा बनाइन्थे । गिल्टीका भाँडा बनाउँदाको टाङटुङ-टाङटुङले जतिखेर पनि कान थाक्थ्यो । भाँडा पसलेको जेठो छोरो बि.ए.मा पढ्दै थियो, माइलो आई.ए.मा । कान्छो छोरा भने सानै थियो । भाँडा पसलेको परिवारले आवश्यक सामानहरू हाम्रै पसलबाट किन्थ्यो । मलाई भाँडा पसलेको जेठो छोरो असाध्यै मिजासिलो लाग्थ्यो । बाहिरबाट झट्ट हेर्दा ऊ कालो मुसले डरलाग्दो थियो, अझ त्यसमाथि कानमा लगाएको मुन्द्रोले ऊ कुनै गुण्डा हो कि जस्तो देखिन्थ्यो । ऊ बोल्न थालेपछि भने उसको डरलाग्दो रूपलाई मिजासिलो प्यारो बनाइदिन्थ्यो । उसको बाहिरी रूपसँग नमिल्ने उसको नाम थियो- भोला चौबे ।

एक दिन भोला हातमा केही फलफूल लिएर हाम्रो पसलमा आयो र उसले भन्यो- "काकी यो प्रसाद लिनुहोस् । आमाले पठाइदिनुभएको ।" ऊ मुढा तानेर बस्यो । ऊ सधैं जस्तो हँसिलो थिएन । उसको मुख निन्याउरो थियो ।

"के भएर भोला ? किन निन्याउरो देखिएका छौ ? आज पनि बासँग झगडा पऱ्यो कि क्या हो ? हेर आमाबासँग मुखमुखै लाग्नु हुँदैन है । आफूभन्दा ठूलाले भनेको त अलिकति सहनु पनि पर्छ ।" सधैं जस्तो उसको घरमा झगडा परेको हो कि भन्ने लख काट्दै मैले भनें ।

"काकीले पनि मेरै दोष देख्नुहुन्छ ।" उसले रुन्चे मुख लगाएर भन्यो ।

"भन त के भयो ?"

"हेर्नुस् न काकी, मेरो त बिहे गरिदिन लागेका छन् । मलाई अहिले बिहे गर्न मन छैन । बासित कुरा गरेर केही फाइदा छैन, मेरो कुरै सुन्नु हुन्न । यो कुरामा आमा पनि बातिरै नै लाग्नुभएको छ । एम्. ए. सम्मको पढाइ नसकी मलाई बिवाह गर्न मनै छैन । म के गरौं कता जाऊँ ।" उसले गहभरि आँसु पाऱ्यो ।

उसका बाआमा भने आफ्नो जिद्दीका पक्का थिए । मैले सम्झाएर सम्झिने खालका थिएनन् । विवाह गराइदिछाडे छोराको ।

भोलाको बिहेको प्रीतिभोज थियो । म भोलाकी आमाको नजिक गएर बसें । उनी त्यति खुसी देखिएकी थिइनन् । भोलाकी आमा त्यसै टोलाएर बसेकी हुँदा मैले नै मुख फोरें- "बधाई छ दिदी ! छोराको बिहे गरेपछि त हँसिली पो हुनुपर्छ । के निन्याउरो मुख लगाएर बस्नु भएको छ त ?"

"केको खुसी मनाउनु छ र बहिनी ! धनी घर छ भनेर छोराको बिहे गरियो । भित्रभित्रै रिनले डुबेका रहेछन् । खाली हात फर्कनुपर्‍यो । दुईचारवटा भाँडाकुँडा र एउटा दराज, सोफा सेट र पलङ बाहेक दाइजोमा केही दिएनन् । हाम्रो त कुलको इज्जत गयो ।" तपाईं पहाडीहरूको जस्तो कहाँ हुन्छ र हाम्रो ? दाइजो कम ल्याउने बुहारी भित्र्याएपछि त हाम्रो इज्जतै रहन्न । छोराले बिहे गर्नै मानेको थिएन । दाइजोमा कार दिन्छन् रे भनी मैले फकाएर बिहे गर्न राजी गराएकी थिएँ । यस्तो हालत गराउँछन् भन्ने जानेकी भए छोरालाई बिहे गर्न किन कर गर्थें र ?"

"पहाडियाहरूमा पनि हिजोआज दाइजोको लोभ धेरै बढ्दै छ । यो कुरा त नराम्रो हो दिदी ! जे भयो भयो, अब चित्त बुझाउनु पर्दछ । अब यो कुरा झिकेर के फाइदा छ र दिदी ? बुहारी साट्न मिल्दैन क्यारे ।"

"त्यसो भनेर कहाँ हुन्छ र ? मैले भनिदिएकी छु, गौना फर्काउन आउँदा अरु केही नभए पनि एउटा कार लिएर आउनु, नत्र यो घरमा ठाउँ छैन भनेर ।"

भोलाकी आमा जुरुक्क उठेर भित्र गइन् । उनको त्यस्तो व्यवहारले मेरो मन ज्यादै दुख्यो । म केही नखाई फर्किएँ ।

भोलाको बिहे भएको पन्ध्र दिन जति बितेका थिए । साँझको छ बज्दै थियो । मङ्सिरको महिना हुनाले झमक्क रात परिसकेको थियो । हातमा एउटा पोको बोकेर भोला आइपुग्यो ।

"के छ त भोला हालखबर ? बिहे गरेपछि त देखिनै छाड्यौ । नयाँ दुलही घरमा कत्तिको रमाएकी छन् ?"

"के हाल खबर हुनु र काकी ? पहिलेपहिले मैले बिहे गर्न नमान्दा झगडा हुन्थ्यो, अहिले दाइजोको बारेमा झगडा हुन्छ । मैले ससुराल गएर लाजै नमानी कार मागेर ल्याउनु रे । ससुरालीहरू व्यापार बिग्रिएर ऋणमा डुबेका छन् । कसरी माग्नु मैले कार ? आमाले त साह्रै गर्नु थाल्नुभएको छ । कहिले त झगडा चर्केर भातै खान पाइन । आज पनि दिउँसैदेखि ठाकठुक

भइराखेको छ । के थाहा, आज पनि भोकै सुत्नु पर्ने हो कि ? मैले त होटलबाट खाना लिएर आएको छु यी ?" उसले हातको पोको देखाउँदै भन्यो ।

त्यतिखेरै भोलाकी आमा आइपुगिन् । "ए के गफ गरेर बसेको छस् यहाँ ? जा खाना खान तेरी स्वास्नी कुरेर बसेकी छ ।" छोराको अनुहारतिर राता आँखा देखाउँदै उनले भनिन् । भोला लुरुक्क पर्दै आफ्नो घरतिर लाग्यो । उसकी आमा हाम्रो पसल अगाडि उभिएर उही चिरपरिचित दाइजोको विषयमा फत्फताउन थालिन् । मलाई उनको फतफत सुन्नुभन्दा अलि छिटो सटर बन्द गरेर डेरातिर जानु ठीक लाग्यो । भोलाकी आमाले पसल बन्द गर्ने बेला भइसक्यो र बैनी यति चाँडै ? भन्दै थिइन् । मैले आज छिटै जानु छ दिदी भन्दै सटर तानें ।

पल्लो पसल भएको घरभित्र दिनदिनै झगडा हुन थाल्यो । छरछिमेकीहरू त्यस झगडाबाट वाक्क भइसकेका थियौं । यसैले सुरुसुरुमा जस्तो त्यस घरको झगडाबारे चासो लिन छाडिसकेका थियौं ।

माघको महिना थियो । जतातत्तै कुहिरो लागेर उताको मानिस यताबाट देखिदैन्थ्यो । हामीले त्यस ठाउँबाट पसल सार्ने निधो गरिसकेका थियौं । सामान ओसार्ने ट्याक्टर अगाडि आइसकेको थियो । हामीहरूले धमाधम ट्याक्टरमा सामान राख्न थाल्यौं । पल्लो पसल भएको घरबाट मानिसहरू रुँदै चिच्याएको सुनियो । मलाई लाग्यो- उही दाइजोको झगडा होला ।

यता-उताका मानिसहरू कुदाकुद गर्दै भाँडा पसलतिर जान थाले । झगडा अलि बढ्दै गएछ कि भन्ने सोचेर म पनि त्यतै लागें ।

भोलाकी आमा छाती पिटीपिटी रोइरहेकी थिइन्- "मेरो बाबु, तिम्रो हत्या गर्ने मै हुँ । लौ न, मलाई पनि सँगै लैजा । त्यस नकच्चरीलाई खुवाउन भनेर पो मैले, मिठाईमा विष हालिदिएकी थिएँ । तिमीले त पहिले नै मिठाई खाइसकेका थियौ । त्यस नकच्चरीको साथमा फेरि पनि मिठाई खाउला भन्ने मलाई के थाहा ?"

आँगनमा भोला र उसकी श्रीमतीका लासहरू राखिएका थिए । भोलाकी आमाको बिलौना जारी थियो । एक हुल प्रहरीको टोली भित्र पस्यो । आँसु पुछ्दै म बाहिर निस्किएँ ।

झड्केलो

बिहानको चार बजेको थियो । उज्यालो भइसकेको थिएन । जताततै सुनसान थियो । आकासमा बादल डम्म थियो । गाउँमा पानीको दुःख भएकाले टाढा पँधेरामा राति नै उठेर पानी लिन जानुपर्दथ्यो । त्यसैले हामी सिउसिउ गर्दै पानी लिन हिँड्यौं । हातगोडा चिसोले कक्रक्क भएका थिए । पँधेरो नजिकै पुग्दा कसैले पानी भरिरहेको आवाज आयो । तुरुन्तै फेरि माथितिरबाट कसैले कसैलाई गाली गरेको पनि सुनियो । पँधेरोमा पुग्दा एउटा बाह्र/तेह्र वर्षको केटाले पानी भर्दै रहेछ । उसले डराउँदै भन्यो- "अब मलाई मार्छिन् आमाले ! पानी भर्ने पालो बल्ल आयो । के गरूँ म अभागीले ! बेलैमा आमालाई पठाएपछि कोबाट मायादयाको आस गर्ने ?" उसले सकी नसकी भरेका सातवटा गाग्री कुवाबाहिर निकाल्यो ।

त्यति बेलै एउटी आइमाई आएर त्यस केटोलाई लट्ठीले कुट्दै भन्न थाली- "ए गधा ! यतिखेरसम्म के गरेको थिइस् ? घरमा कति काम बितेको छ । यो भने यतै निदाएछ । आज तेरा खुट्टा नभाँची छाड्दिन ।"

"बिन्ती, नकुट्नुहोस् । यहाँ पालो नपाएर हो, म त्यसै बसेको होइन ।" केटाले रुँदै हात जोडेर भन्यो ।

आइमाईले केटाको पुकार सुनिन । लट्ठी भाँजुन्जेल कुटी र एउटा गाग्री बोकेर जाँदै भनी- "अबदेखि जता जाने हो जा ! मेरा घरमा पाइला राख्न पाउँदैनस् ।"

आइमाई गएपछि त्यो केटा एकछिन यताउता हेरेर अलमल पऱ्यो र रुँदै भन्न थाल्यो- "ए आमा, तिमी कहाँ गयौ र मलाई किन लगिनौ ! मेरो काल पनि आएन, जाऊँ भने कता जाऊँ, नजाऊँ भने के गरी बसौं, सौतेनी आमा ल्याएपछि त बाउ पनि सौते नै हुँदो रहेछ । ममाथि दया गर्ने कोही छैन ।" उसले थरथर काँप्दै एउटा गाग्री डोकोमा राख्यो र मुन्टो बाङ्गो गराउँदै बाटो लाग्यो ।

केटोको अवस्था र आइमाईको व्यवहार देख्दा मलाई दुःख लाग्यो र मैले मसँगै पानी लिन गएकी मेरी देउरानीसँग त्यस केटाका बारेमा सोधें ।

उनले भनिन्- "त्यही तल्लो टोलाको साहिँलो दमाई अमरेको छोरा हो क्या । आमा मरेकोले बाबुले अर्को बिहे गऱ्यो । सौतेनी आमाले यसलाई देखी सहन्न, जहिले पनि कुट्छे । कामजति सबै यसले नै गर्नु पर्छ, त्यसमाथि पेटभरि खान पनि दिँदैनन् । आमा मरेपछि त सन्तान कसैको पनि नबाँचोस् ।"

हाम्रो पानी भर्ने पालो आएकाले हामी पानी भरेर घरतिर लाग्यौं । त्यसपछि धेरै दिनसम्म त्यस केटोलाई देखिन । मेरो मनमा त्यस केटोप्रति दया लागिरहेको थियो । मेरा आँखा उसलाई देख्न आतुर थिए भने मेरो मन उसलाई भेट्न खेजिरहेको थियो ।

एक दिन साँझ बेंसीबाट आउँदा बाटोमा सकी नसकी भारी बोकेको एउटा केटोलाई भेटें । उसका लुगा फाटेका थिए भने अनुहार निन्याउरो थियो । उसले आफ्नो गरुङ्गो घाँसको भारी बाटोको कुनातिर ढिस्कोमा बिसाउँदै भन्यो- "पसिना पनि कति आए म अभागीका !"

उसले टोपी निकालेर पसिना पुछ्दै सुइय्य गऱ्यो र अर्को ढिस्कोमा बस्यो ।

म पनि त्यही नजिकैको ढिस्कोमा बसेकी थिएँ । मैले उसलाई नियालेर हेरें, कता कता देखे जस्तो लाग्यो र सोधें- "तेरो नाम के हो बाबु ?"

"सन्तोष, तर नाम सन्तोष भएर के गर्नु, जीवन भने सधैं असन्तोष छ ।" उसले भन्यो ।

मैले उसलाई ठम्याएँ । ऊ पँधेरोमा सौतेनी आमाको हातबाट कुटाइ खाने त्यही केटो रहेछ । उसका हातमा जतातते चिथोरेको रगत आएको थियो । मलाई निकै माया लागेर आयो उसको । मैले नजिकै गएर मायालु भावले उसलाई सोधें- "कान्छा ! तिम्रो हातमा कसरी रगत आयो ?" घाँस काट्दा काँडाले कोतारेर यस्तो घाउ बनाएको" उसले बररर आँसु झार्दै बतायो ।

ऊ रोएको देखेर मलाई नराम्रो लाग्यो । मैले उसको टाउको मुसार्दै सम्झाएँ- "नरोऊ बाबु, जीवन भनेको यस्तै हो । कहिले दुःख हुन्छ त कहिले सुख हुन्छ । दुःख पऱ्यो भन्दैमा यसरी हरेस खानु हुँदैन । मन बलियो पार्नु पर्छ । ल हिँड अब जाऊ रात हुन थालिसक्यो । भोलि तिमी र म सँगै घाँस काट्न जाऊँला र कुरा गरौंला । ल अब बोक भारी । मैले उसलाई भारी बोक्न सघाएँ र मैले पनि बोकें ।

घरमा पुगेपछि मलाई उसैको याद आइरह्यो । रातभर निदाउन सकिन । भोलिपल्ट बिहानै म बेसीतिर लागें । त्यहाँ पुग्दा अँधेरी खोलाको

ढुँगामा बसेर उसले मलाई पर्खिरहेको थियो । मैले उसलाई बसिरहेको देखेपछि सोधें -"कति बेला आइपुगिस् त बाबु ?"

"धेरै बेर भइसक्यो दिदी ।" उसले छोटो उत्तर दियो ।

उसले धेरै ठाउँ टालेको ठुटे भोटो र एउटा त्यस्तै फाटेको जाँगे लगाएको थियो । बिहानको आठ बजिसकेको भए पनि जाडो महिना हुनाले घाम मधुरो थियो भने कतैकतै सेतै तुसारो परेको देखिन्थ्यो । खोलाको बगर हुनाले चिसो स्याँठ चलेको थियो । त्यो जाडोमा उसको जीउ पूरै कठ्याङ्ग्रिएको जस्तो थियो । उसका ओंठ नीला भएका थिए भने हातखुट्टा काँपिरहेका थिए । गोडा फुटेर रगत चुहिएला जस्ता थिए । हामी दुवै घाँस काट्न भनेर बाक्ली खोलाको किनारमा पुग्यौं । त्यहाँ दुवैले घाँस काटी भारी बाँधेर ठूलो पिपलको रूखमुनि ल्याएर बिसायौं ।

मैले सोधें- "सन्तोष, तिम्रो घरमा को को छन् ?"

"मेरी आमा होइनन्, बाले अर्की आमा बिहे गरेका हुन् ।" उसले परतिर हेर्दै टोलाएर उत्तर दियो । मैले फेरि सोधें, "किन तिम्रा बाले आमा ल्याएका ? के तेरी आमा पोइला गएर हो ?"

"कहाँ पोइल जानु नि ! मेरी आमा बहिनी पाउन नसकेर मरेकी हुन्, म सानै थिएँ ।" उसले नरमाइलो मान्दै भन्यो । मैले उसका बारेमा जान्ने उत्सुकताले भरिएर भने, "बाबु, के-के भयो ? बताऊ त मलाई ।"

उसले भन्न थाल्यो- "म चार वर्षको थिएँ । मलाई अलिअलि याद छ । त्यति बेला आमाले मलाई काखमा राखेर कोदो पिस्दै थिइन्, उनको पेट ठूलो थियो । पछि त आमाले बच्चा पाउन नसकेपछि उनको मृत्यु भयो । गाउँका सबै दमाई जम्मा भएर आमाको लास लान थाल्दा मैले सबैलाई रुँदै दुक्काले हानें । म धेरै दिनसम्म आमालाई खोज्दै रोइरहें । हरेक दिन जति साँझ पर्छ त्यति म रुँदै जान्थें । एक दिन सपनामा आमालाई देखेछु, जागेपछि बालाई पिट्दै भनें- "खोई मेरी आमा, भर्खरै आउनुभएको थियो, मलाई काखमा राखेर भात पनि खुवाउनु भएको हो न पत्याए मेरो मुखमा अझै जुठो छ छाम्नुहोस् ।"

मेरो कुराले बा उठेर बत्ती बालेर मलाई देखाउँदै भन्नुभयो- "खै बा ! तिम्री आमा त यहाँ आएकी छैनन् । ऊ र बहिनी भएर भगवान्का घरमा गए । अब उनीहरू कहिल्यै फर्कंदैनन् बाबु । मलाई धेरै क्लेश नगरा छोरा !" उहाँले मलाई रुँदै काँखमा राख्नुभयो । बाले मलाई मुसार्दै फेरि भन्न

थाल्नुभयो-"अब मैले कसरी जीवन बिताऊँ भगवान् ! मैले अब कसरी व्यवहार सम्हालुँ ? बिस्टका कपडा नसिलाऊँ भने पनि के खानुँ, सिलाऊँ भने यो बालक छोरोलाई कसले सेहारिदिन्छ र गोठको भैंसीलाई कसले घाँस हालिदिन्छ । हे दैव, पुतलीलाई किन लगिस्, बरु मलाई नै लगेको भए यो बालक छोराको बिजोग हुने थिएन, यस्तै के-के भन्दै बा धेरै बेरसम्म रोइरहनु भएको थियो । त्यसपछि के भयो मलाई थाहा भएन । ...

यस्तैमा दिन बितिरहेका थिए, आमा बितेको तीन महिनापछि बाले मलाई भन्नुभो- "बाबु तेरी आमा गए पनि तलाईं अब अर्की आमा ल्याइदिन्छु । तैंले पनि बेलामा खाना पाइनस्, के गर्नु लोग्नेमानिसको जात आइमाईको भरमा बाच्नु पर्ने । आइमाई बिना घर सम्हाल्न गाह्रो भयो । पहिले नै आइमाईको दुःख बुझेर सहयोग गरेको भए सायद आज यो गति हुने थिएन होला ।" उहाँले फेरि मेरो अनुहारतिर हेर्दै भन्न थाल्नुभयो- "म के गरूँ ! सौतेनी आमाले झड्केलो भनेपछि देखिसहँदैनन् । यति सानो उमेरमा मैले यसलाई कसरी सौतेनी आमा ल्याइदिऊँ फेरि नल्याऊँ भने पनि यसलाई मैले स्याहार गर्न पनि सकेको छैन ।" बाले अन्कनाउँदै फेरि भन्नुभो- "हुन त मैले कबुल नगराई कहाँ ल्याउँछु र ? फेरि सबै आइमाई त्यस्ता कहाँ हुन्छन् र कतिले त अति नै माया गर्छन्, उहाँको अनुहार अलि उज्यालो देखियो ।

त्यसको भोलिपल्ट नै बाबाले पणेनाबाट हो कि आमडाँडाबाट हो अर्की आमा बिहे गरेर ल्याउनु भो । पहिले त उनले मलाई साह्रै माया गरे जस्तो गरिन् । सँगै खुवाउने, सँगै लिएर हिँड्ने, नुहाइदिने सँगै सुताउने गरिन् । आमाले त्यस्तो माया गरेको देखेर बाबा पनि निकै खुसी हुनुहुन्थ्यो । बाबाले मलाई पनि सम्झाउने गर्नुहुन्थ्यो- "बाबु आमालाई केही नभनेस् । राम्रोसँग बोल्नू र अराएको काम खुरुखुरु गर्नू ।" मैले त्यसै गरेको थिएँ ।

एक दिनको कुरा हो, बाबाले मासु ल्याउनुभएको थियो । मलाई साह्रै मासु खान मन लागेको थियो । आमाले मासु पकाउन लागेको बेलामा मैले आमासँग हात तेर्साउँदै माँगे- "आमा एक टुक्रा मासु दिनुस् न पोलेर खान्छु ।"

आमाले अँगेनाबाट आगाको अगुल्टो निकालेर मेरो मुखमा झोस्न खोज्दै भनिन् -"खान नपाएको राक्षस, दरिद्र जति खाए पनि नहुने । आफूले पाएको भए पो ! अर्कोको सन्तान जति माया गरे पनि आफ्नो नहुने रहेछ । अहिले यसको बाबु आएर मेरो छोरालाई खान दिइनस् भन्ने होला । ला घिच् सबै पकाउँदिन । एक किलो मासु यसरी पोल्दै खाँदै गर्ने हो भने के पुग्छ ?"

आमाले गाली गरेपछि म चुपचाप लागेर सुत्न गएँ । आमाले भनेको सबै कुरा बाबाले सुन्नुभएको रहेछ, बाबा एक छिनमा आएर आमासँग सोध्नुभयो- "छोरा खोइ त कहाँ गयो ?" प्रश्नको जवाफ उनले नरम भएर दिइन्- "सुतेको छ अहिले त, मासु पोलेर खान्छु भनेको थियो, मैले खान त भनेको हाई गर्दै गएर सुत्यो, अहिले मासु खान उठाउनु पर्ला ।"

बाबाले रिसाउँदै भन्नुभयो- "झुटो नबोल् ! सबै सुनेको छु । त्यति सानो बालकलाई ला ! भनेर एउटा टुक्रा दिएको भए त भइहाल्थ्यो । ऊ कति खुसी हुँदै खान्थ्यो । कति थोक भनेर गाली गरिस् ? मसँग आउँदा के भनेर आएकी होस्, अहिले यति साँढा भइसकिस् ? लौ त तैंले मात्र खा ।" यति भनेर बा कुन्नि कता जानुभो ।

उनले मासु पकाएर एक्लै खाइन् । म निदाएको थिइन । सबै कुरा थाहा पाइरहेको थिएँ । उनले खाना खाएर सुत्न गएपछि उनी कतिखेर निदाउँछिन् भनेर कान थापिरहें । उनी निदाएपछि म भान्सामा गएँ । झ्यालबाट जूनको उज्यालो भित्र परिरहेको थियो । मैले मासु राखेको भाँडो भेटाएँ र मासु निकालेर खान थालें । मलाई भोक लागेकाले पेटभर मासु खाइदिएँ । आमा घुरेर निदाएकी थिइन् ।

भोलिपल्ट बिहानसम्म पनि बाबा आउनुभएको थिएन । म उठेर बाहिर निस्किएँ । मेरा हातगोडा र लुगाभरि पहेँलै र चिल्लै भएको थियो । त्यो देखेर आमाले भित्र गएर मासुको भाँडो हेरिन् । त्यहाँ अलिकति झोल र हाड बाहेक केही थिएन । उनले बाहिर आएर मलाई ठूलै दाउराले कुट्न लागिन् । उनले कुट्दा कुट्दा म बेहोस भएछु ।

बाबा आएर मलाई बोलाउनुभयो । म जागेर बाबालाई समातेर रोएँ । बाबाले काखमा राखेर दलानमा लैजानुभयो । उहाँले मेरो शरीर हेर्नु भयो । हिलो लागेकोले सबै कपडा खोलिदिनुभयो, शरीरभरि नील डाम थिए भने कतैकतै दाउराका छेस्का गडेका थिए । यस्तो देखेर बाबाले आँसु पुछ्दै भन्नुभयो- "अब म जोगी हुन्छु । म बाँचेर केही साध्य लागेन । आमा बाँचेको भए यस्तो हुने थिएन । आमा नहुनाले आज यो उमेरमा मेरो बाबाले यस्तो दुःख पाउनु पर्‍यो । यस्तो दुःख देख्नुभन्दा त मरेको भए हुन्थ्यो ।" उहाँले पुर्पुरो समात्दै भन्नुभयो- "हे भगवान् ! कस्तो अपराध आइलाग्यो ? उसलाई केही भनुँ भने छोरातिर लागेछ भन्छे केही नभनुँ भने छोराको यस्तो बिजोग ।

मानिसहरूले भन्ने गर्छन्, स्वास्नी मरेपछि लोग्नेले उसै दिन विवाह गर्छन् । महिलालाई मात्र आपत् पर्छ, तर पुरुषलाई झन् ठूलो आपत् पर्दोरहेछ । आफ्नो जोडा मरेर वा छोडेर कतै जानु भनेको साढे अप्ठ्यारो दशा रहेछ ।"

यत्तिकैमा आमाले आँखा तर्दै भनिन्- "केको गनगन हो, मलाई सरापेको ? यस्तै गरुँला भनेर मलाई बिहे गरेका हौ ? फेरि कस्तो छ तिम्रो छोरो ? यस्ता चोर राक्षसलाई माया गरेर बस्न सक्दिन । ल अब तिमीहरू मात्रै बस म त हिँडें।"

"यसले के बिराम गऱ्यो र ? यो त बालकै छ, यसैको स्वरमा लागेर तैंले त्यसो गर्न मिल्छ ?" बाबाले मलाई काखमा च्याप्दै भन्नुभयो । आमाले राति मासु पकाएको कसौंडी ल्याएर बाबाको अगाडि घिसार्दै भनिन्, "लौ हेर तिम्रो छोराले एक किलो मासु एक्लै खाएछ । यस्ता पिचासलाई स्याहारेर बस्न सक्दिन म ।"

उनी डाँको छाडेर रुन थालिन् । उनी रोएको सुनेर दमाईहरू जम्मा भए । त्यसपछि उनले उनीहरूको आडमा झनै ठूलो स्वरमा छाती पिट्दै भन्न थालिन्- "मलाई अंश दे, म अब यहाँ बस्न सक्तिन । तँ तेरो छोरोलाई काखी च्यापेर बस् । म पनि आफ्ना दुई सन्तान छोडेर आएकी छु । तिमीहरू बाउछोराको चाकडी गर्नुभन्दा मैले मेरा छोराहरू ल्याएर पाल्छु ।"

केही दिनमा आमाले अगिल्लो लोग्नेतिरका छोराहरू लिएर आइन् । आफ्ना छोरा आएपछि त मलाई कुकुरलाई झैं गर्न थालिन् । पेटभरि खान दिन छोडिन् । उनका छोराले छोडेको खाना मात्र मैले पाउँथें । उनका छोरा पढ्न जान्थे । म घाँस दाउरा गर्थें । मैले उनीहरूसँग अक्षर चिन्न खोज्दाखेरि उनले भन्थिन्- "यस्ता झड्केलाले पनि पढ्न खोज्ने ? पर्दैन पढ्न ।"

एक दिन केटाले मसँग आएर भन्यो- "दिदी, सौतेनी आमासित बस्न सकिने रैनछ । सानोतिनो काम खोजदिनुस् न । म अहिले एघार वर्षको भएँ । बा अहिले झन् आमासितै लागेर मेरो वास्ता गर्नुहुन्न । केही न केही काम खोज्दिनु है दिदी ।"

पोहोर सालको दसैंको कुरा हो, आमाले दाइहरूलाई कपडा ल्याइदिइन्, तर मलाई भने उनीहरूका पुराना लुगा दिइन् । मैले जन्म दिएकी आमालाई सम्झेर आँसु खसालें । उनले मलाई गालामा हानिन् र भनिन्- "अरूले गतिलो लगाएको त देख्नै नहुने डाहाडेलाई । तँलाई अब किन नयाँ चाहियो ? उनीहरू पो स्कुल जान्छन् । तँ गोठालालाई जस्तो भए नि हुन्छ ।"

उनको कुरा सुनेर मलाई साह्रै नरमाइलो लाग्यो ।

मैले भनें- "धेरै पीर नगर कान्छा, कतै केही काम खोजौंला नि ! सकभर पढ्न मिल्ने ठाउँ खोजौंला ।"

त्यति बेला एघार बजेको हुँदोहो । हामी दुवै घाँसको भारी बोकेर आआफ्ना घरतिर लाग्यौं ।

मैले उसका लागि काम खोज्दै थिएँ । महिना दिनपछि थाहा पाएँ कि रूपन्देहीको सालझण्डीमा गएर स्कुलमा पिउन काम गर्दै पढ्न थालेछ । त्यो काममा कसले लगाइदिएछ कुन्नि मलाई थाहा भएन ।

अनिश्चय

आकासमा बादल डम्म थियो । बिजुली चम्किराखेको थियो । खोला बढेर वारको पार भएका थिए र कतै जान नसक्ने गरी भल बगेको थियो । बारीमा मकैले जुँगा मैल्याउँदै थिए । मैले प्लास्टिक ओढेर गोठको धन्दा गर्दै थिएँ । साँझ पर्नपर्न आँटेको थियो । तगालोनेर एउटी युवती आएर उभिई । ऊ पानीले लुछुप्पै भिजेकी थिई । सेतो पहिरन, कपाल फिँजिएको, कोखिलामा सानो झोला बोकेकी, गोरी, अल्की । उसले मलाई देखेपछि अनुरोध गरी- "दिदी, म त साह्रै आपत्मा परें, यहाँ बास पाइन्छ कि ? छाता नभएकोले सारा कपडा भिजेका छन् । आज घर पुगुँला भनेको त सकिएन ।"

ऊ अप्ठ्यारो मान्दै उभिइरही । पानी फेरि दर्केर पर्न थाल्यो । मैले उसलाई नियालेर हेरें, चिने जस्तो लाग्यो र सोधें- "तिमी को हौ र कता जान आएकी ? मलाई त कताकता देखे जस्तो लाग्यो । किन यसरी पानीमा भिजेकी, छाता छैन ? आऊ, हाम्रो घरमा बस । बरु तिमी के जातकी हौ कुन्नि ? हाम्रो घरमा त आमाले अछुतलाई बास दिन सक्नुहुन्न ।"

उसले ठूलो सास फेर्दै भनी- "हैन दिदी, म अछुत हैन, जातमा म बाहुनै हुँ । के मलाई आजको रात बास दिनुहुन्छ त ? म अभागीलाई बास दिँदा धर्म हुन्छ ।"

साँझ झमक्क परेको थियो । पानी दर्किँदै थियो । ऊ त्यही दर्को पानीमा भिजिरहेकी थिई । कतिबेर त्यहीं अल्मल्याइरहने भन्ने ठानेर मैले उसको पाखुरामा समातेर भनें- "जे भए पनि हिँड जाउँ घर, आजलाई बास दिउँला । भोलि बिहानै उठेर जाउली ।"

मैले त्यसो भनेपछि उसको अनुहार उजेलो देखियो । घरमा पुगेपछि मैले उसलाई फेर्नका लागि कपडा दिएँ । उसले अप्ठ्यारो मान्दै भनी- "यसै रात काट्छु दिदी, म अभागीलाई चिसोतातो मतलब छैन । बास दिनुभो ठूलो कुरा भो । यस्तो पानीमा त कति भिजेभिजें। पानीमा भिजेर त केही हुँदोरहेनछ, बरु जलिरहेको मन अलिक शान्त हुँदोरहेछ । जुन दिन मैले मेरा श्रीमान् र छोरालाई गुमाएँ, त्यही दिनदेखि मेरो मन शान्त छैन । त्यसै दिनदेखि दुःख-सुखको पर्वाह छैन ।" बोल्दाबोल्दै ऊ रुन थाली ।

म साँझको खाना पकाउनतिर लागें । केही समयमै खाना तयार भयो । अनि उसलाई बोलाएँ- "आऊ खाना खान, के गर्ने, संसारमा सुख कसैलाई पनि छैन, सबैका आआफ्नै व्यथा छन् । जे भए पनि खान त परिहाल्यो । खाना खाएर गफगाफ गरौंला नि ।"

खाना खाईवरी हामी सुत्ने कोठामा गयौं । मैले उसलाई भनें- "ल अब भन तिमी को हौ र कताबाट आयौ ? यति ठूलो पानीमा बिना ओढो किन हिँडेकी ? तिमीलाई त्यस्तो के आपत् पऱ्यो ?"

"दिदी, मलाई परेको यो आपत् कसरी बताऊँ ?" उसले अनुहार अँध्यारो पारेर भन्न थाली- "म कृष्णमान श्रेष्ठकी छोरी हुँ भने मेरा श्रीमान् बाहुन । हामी सँगै पढेकाले हामीबीच मायाप्रीति बसेछ, थाहै भएन । मायाप्रेम हुँदाहुँदा बिहे गर्ने निधो गरी बिहे गऱ्यौं, तर हामीलाई समाजले स्विकारेन । सासू-ससुराले थाहा पाएपछि छोरालाई घर जानसम्म दिएनन् । हामी बाहिरै डेरामा बस्यौं । हाम्रो आयस्रोत पनि केही थिएन । पेट पाल्ने समस्या पऱ्यो । केही दिनसम्म त माइतीबाट सहयोग पाइयो । सधैं त कसले दिन्थ्यो र माइतीबाट पनि सहयोग नमिल्ने छाँट देखिन थाल्यो, तैपनि केही आस लिएर म एक दिन माइत गएँ । त्यसपछि त झन् मैले सहानुभूतिको साटो अपहेलना पाउनुपऱ्यो । बा, आमा दाजु-भाउजू सबैले मलाई कुकुरलाई झैं गरे । अनि म निराश भएर त्यहाँबाट फर्किएँ । आफ्नो घरमा गएका मेरा श्रीमान् पनि रित्तै फर्केर आउनुभयो । "आज घर गएको थिएँ बाआमाले मलाई गाली गर्नुभयो- आजदेखि तेरो अनुहार देख्न नपरोस्, हाम्रा लागि तँ मरिस्, बा-आमा छन् भनेर कहिल्यै नआएस् । यस्ता कुपुत्रले हाम्रो काजकिरिया पनि गर्नुपर्दैन र अंश पनि पाउँदैनस्, सानैमा मर्नुपर्थ्यो, अहिले मरिस्, जेठोबाठो छोराको यो चाल ! पढेपछि ठूलो होला र बुढेसकालमा सुख देला भनेको त नेवार्नी टिपेर हिँड्यो ।" आमाले भने आँसु झार्दै लुकाएर पाँच सय रुपियाँ दिनुभयो । अनि म फर्किएँ । हेर मिना, अब हामी दुबै मिलेर कमाउनु पर्छ र आफ्नै कमाइ खानु पर्छ । अब दुर्गममा जाऊँ । त्यहाँ स्कुलमा मास्टरी काम जति पनि पाइन्छ रे, आज एकजना साथीले भनेको थियो । ऊ पनि जाने रे ।"

चार दिनपछि हामी रुकुमतिर लाग्यौं । त्यहाँ पुगेर खोज्दा केही काम पाइएन । त्यहाँका मान्छेले देख्दाबित्तिकै कुटेर मार्लान् झैं गरे । अझ महिलाहरू त नचिनेकालाई देख्दा ढोकै थुनेर बस्दारैछन् । धेरै दिन डुल्दा

पनि काम नपाएपछि हामी त्यहाँबाट फर्किएर भारततिर लाग्यौं । हामी तीनै जनाले गोरखपुरको एउटा होटेलमा भाँडा माझ्ने काम पायौं । त्यो होटेल निकै चालु रहेछ, चौबीसै घन्टा चल्दोरैछ । काम गर्दै हामीले त्यहाँ चार महिना बितायौं, तर पैसा माग्दा भोलिभोलि भन्दै टारिरह्यो । यत्तिकैमा दस महिना पनि बितिसकेछ, पैसा दिएन । हामीले दिनदिनै पैसाको कुरा गऱ्यौं, ऊ जहिले पनि भोलि भन्दाभन्दै पन्ध्र महिना पुगिसकेछ । आफ्नो-आफ्नो तलब हिसाब गर्दा एकजनाको दस हजार पुगेछ । धेरै कर गरेपछि उसले तलब त दियो, तर घर जान पाउँदैनौ भन्यो । केही समयपछि त तलब बढाइदिने आश्वासन पनि दियो । अनि हामी त्यहीं काम गर्न थाल्यौं ।

त्यत्तिकैमा मेरो पेटमा बच्चा बसेछ र म बिरामी परें । जसोतसो छ महिनासम्म काम गरें । त्यसपछि काम गर्न सकिन । कोठा खोजेर बस्ने सोच बनायौं । साहूसँग कुरा गर्दा उसले भन्यो- "अब तिमीले काम गर्न नसके सबै जनाको तलब थापेर बस । तिम्रो श्रीमान् मदनले वेटरको काम गर्छ ।" भोलिपल्टदेखि हामीले त्यसै गर्न थाल्यौं ।

एक रात ! हामी कुरा गरिरहेका थियौं । कता-कता मान्छे बोलेको सुन्यौं । गुहार ! गुहार !! भने जस्तो आबाज पनि आएको थियो । केही समयमा हाम्रै कोठाको ढोका हानेको जस्तो टक्टक् आबाज आयो । उहाँले ढोका खोल्न खोज्नुभयो, तर मैले ढोका खोल्न दिइन । धेरै बेरसम्म ढोका हानेपछि नखोली सुखै भएन, उहाँले खोलिदिनुभयो । त्यसपछि छसातजनाको हुल पसेर छुरी देखाउँदै "खै ! पैसा ले, नत्र तेरो ज्यानको खतरा छ" भन्दै यताउता खोज्न थाले । बिछ्यौनामुनिबाट केही दिन अगाडि बुझेको तीस हजार निकाले । मेरा श्रीमान् पैसा खोस्दै लड्न थाल्नुभयो । उनीहरूले मेरो श्रीमान्को घाँटीमा छुरी हाने, उहाँ भुइँमा पछारिनुभयो । पैसा यताउता छिरलिए । उनीहरू पैसा टिपटाप पारेर भागे । मैले केही सोच्न सकिन । मलाई भाउन्न भयो । म चिच्याउँदै साथीहरूको कोठामा पुगी उनीहरूलाई बोलाउँदा बोल्दै बोलेनन्, उनीहरू पनि मारिएछन् ।

म आत्तिँदै साहूसाहुनी सुतेको कोठामा पुगेर ढोका ढक्ढक्याएँ । साहुनीले बाहिर आएर भनी- "के भो, यति राति किन आएको ? आज कोही ग्राहक नआएकोले राम्ररी निदाऊँ भनेको पाइएन । भोलि भने हुँदैन ? कुजात । आफ्नो देशमा खान नपाएर आएका, सधैं दिक्क पार्छन् ।..."

अनि मैले रुँदै भने- "लौ न चोरले खतम पाऱ्यो । मेरो मदनलाई माऱ्यो । अब म कसरी बाचूँ ? माथि कोठाका सबै साथी पनि सिध्याएछन् ।"

त्यसपछि उनीहरू अलि डराउँदै मेरो कोठासम्म आए । कोठाभरि रगतको भल बगेको थियो । सबै कपडा भिजेका थिए । त्यस्तो देख्दा मलाई रिडटा लाग्यो र पल्टिएँ । चारपाँच घन्टापछि म जाग्दा त्यहाँ सफा थियो । मदनको लास त्यहाँ थिएन । साहुनीले मलाई पानी छम्किदै थिई । मैले उसको पाखुरामा समातेर रुँदै भन्न थालें - "लौ न आमा, म के गरूँ ? मदन कहाँ गए ? अब म कसरी बाचूँ ? मलाई पनि बिष दिनुस् न आमा ! म बाँच्न सक्तिन अब ।"

मैले बिलाप गरेको देखेपछि उसले भनी- "छोरी, मेरी छोरी पीर नमान् । जे हुनु भैहाल्यो, अब जति रोए पनि तिम्रो मदन फर्केर आउँदैन । मेरा छोरीहरू छैनन्, मैले तिमीलाई छोरीसरह राख्छु । के गर्ने ती असत्तीहरूले यस्तो आपत् पारे ।"

दुःखका दिन बित्दै गए । मेरो पेटको बच्चा पनि आठ महिनाको भयो । उनीहरूले अति नै माया गरेर कोठैमा खाना लगिदिने र हेरबिचार गर्ने गरे । एक दिनको कुरा हो, खाना खाएर आराम गर्दै थिएँ, साहूनीले गिलासमा दूध ल्याएर मलाई दिँदै भनी- "खा अलि तागतिलो खाना खानु पर्छ के ।" मैले उनको त्यो अर्ती मान्दै दूध खाएँ ।

त्यस रातिदेखि पेट दुख्यो । छटपटी भयो । यताउता गरें । भोलिपल्ट बिहान आठ बजेतिर महिना नपुगीकनै छोरो जन्म्यो । त्यो छोरालाई देखेपछि मैले आफ्ना सारा पीडा बिर्सिएँ । मन प्रफुल्ल भयो । मेरो मदन यस संसारमा नरहे पनि उनको प्रतिरूप त्यसै छोरामा पाएँ । मेरा हर्षका आँसु बग्न थाले । अनि एक छिनपछि उसलाई ओल्टाईपल्टाई हेर्न थालें । उसको सबै शरीर नीलो थियो । उसले दूध चुस्न पनि सकेन । आँखा पनि खोल्न सकेन । म एक्लै थिएँ, छोरालाई के भयो भनेर आत्तिन थालें । म दौडेर साहूनीलाई बोलाउन गएँ । सबै कोठाका बेडमा मान्छेहरू गफगाफ गरिरहेका थिए । म काउन्टरमा पुगें र साहूनीलाई भनें- "आमा मलाई छोरो जन्म्यो, तर आँखा हेर्दैन, दूध पनि चुस्न सक्दैन, शरीर नीलै छ, सास फेरे जस्तो पनि लाग्दैन, के भएको हो कुन्नि ? एक पटक डाक्टर बोलाइदिनु न ।"

साहुनी अनकनाउन थाली- "खै यतिबेला कसरी आउला ? भोलि बोलाए हुन्छ, तैपनि एकचोटि फोन गरी हेरौं" भन्दै फोन गरे झैं गरी र मतिर

फर्कंदै भनी- "जति बेला भन्यो त्यति बेला आउँछ र डाक्टर ? जा अलि न्यानो पारेर सुता । ठीक भैहाल्ला, नभए भोलितिर अस्पतालमै लैजाउँला ।"

म निराश भएर फर्किएँ । अनि सोच्न थालें- "यस्तो केही न केही कैफियत छ । हिजो दूध खाएदेखि नै मेरो पेट दुखेको हो र महिना नपुगिकनै बच्चा जन्मेको हो ।" बच्चालाई छामें, चिसो भइसकेको थियो । तैपनि तेल लगाइदिएर न्यानो बनाउन खोजें, तर उसका हातखुटा कक्कक परिसकेका थिए । परान भएजस्तो लागेन । सारा धर्ती फन्फन्ती घुमे जस्तो लाग्यो । मैले अनेक अलापविलाप गरें ।

मैले केही उच्छार पाइन । फेरि पनि त्यही साहूनीलाई बोलाउन गएँ- "आमा ! मेरो बाबुले पनि मलाई छोडिसके जस्तो छ । अब म के गर्ने होला । हे ईश्वर ! मलाई के दुःख आइलाग्यो । अब कता गएर यो परान फालूँ ? कुन ठाउँबाट हाम फालुँ ?" अनि साहू-साहूनी दुवै मेरो कोठामा आएर बच्चालाई हेरेर छामछुम पारे । साहूनीले रोएको बहाना पार्दै भनी- "नरो छोरी, यही नातिको मुख हेरेर बसौंला भनेको त यस्तो भयो । नरो छोरी नरो ! तँलाई दुःख हुँदैन, हामी छँदैछौं नि ।" उसले नोकरलाई बोलाएर भनी- "जा अब यसलाई पर जङ्गलमा लगेर सद्गति गरेर आइज । बिचरी छोरीको यो हालत भयो । कुन दिनमा यस धर्तीमा पाइला टेकेकी रैछ र यस्तो बेहाल हुँदै गयो ।"

उसले मेरो काखबाट बच्चा समातेर सेतो कपडाले बेरी र नोकरका हातमा दिई । म रुँदै हेरिरहें । उसले मेरो मुटुको टुक्रालाई लिएर गयो । मेरो आँखाबाट आँसु बगिरह्यो ।

रोईरोई केही दिन बिते । तीन महिना भइसकेछ । त्यसपछि त मलाई उनीहरूले भन्न थाले- "अब तैंले राम्रोसित नाच्ने तालिम लिनुपर्छ, यहाँ आउने ग्राहकलाई खुसी पार्नुपर्छ । तँ राम्री छस्, पैसा कमाउन यस्तालाई सजिलो हुन्छ । हेर छोरी, माथि एउटा कोठा खाली छ । त्यसैमा तैंले कमाउने पेसा गर्नुपर्छ । तँलाई पनि हुन्छ, हामीलाई पनि हुन्छ ।" त्यो सुनेपछि मेरा जीउमा काँडा उठे । चार दिन लगाएर उनीहरूले माथिको कोठा सजाए । मलाई कतिखेर त्यहाँबाट उम्किऊँ जस्तो लाग्यो र जुक्ति निकाल्न थालें ।

एक दिन बिहानै मैले आफ्ना सबै सामान तल पसलमा झारिसकेकी थिएँ । सबैजना रातभरिका अनिंदा हुनाले उनीहरू सुतिरहेका थिए । त्यही

मौका छोपेर म त्यहाँबाट निस्किएँ । आज चार दिनका दिन बल्ल-बल्ल यहाँसम्म आउन सफल भएकी छु । अब म माइत जान खोज्दैछु तर अब आश्रय कहाँ छ ? बरु मन्दिरतिर जाऊँ कि झैं लागेको छ । के गरौं दिदी ?"

उसका यी कुराहरू सुनेपछि मैले सम्झाउँदै भनें- "मन्दिरमा गएर पनि सुख हुँदैन बैनी, बरु घरै गएर लडेर अंश लिनू ।" यसरी थुप्रै बेरसम्म सम्झाएपछि हामी सुत्यौं । ऊ भने थाकेकी हुनाले भुसुक्कै निदाई । मलाई भने निद्रा परेन । उसका कुराले मनमा बेचैन भइरह्यो । अब उसलाई कता जा भन्ने ?

तेह्र

असहाय आमा

बिहान सात बजेको हुँदो हो, हामी पशुपतिको मन्दिरमा पुग्यौं । शनिबारको दिन हुनाले मन्दिरमा निकै भिड थियो । आमाले हातमा फूलको थाली लिंदै भन्नुभयो- "खै कतिखेर पालो आउने हो । एकदमै भीड रहेछ, आज घर पुग्दा निकै अबेला हुने भो ।"

मैले आमातिर हेर्दै भनें- "तपाई लाइनमा लाग्नुहोस्, म आज भित्र जान्न । बरु एकछिन यतै बाहिरतिर घुम्दै गर्छु ।" यति भनेर म भक्तिनीहरू बस्ने पाटीतिर लागें । उनीहरू त्यहाँ आउने मानिसहरूतिर केही पाउने आशाका दृष्टिले हेरिरहेका थिए । मैले उनीहरूलाई थोरै-थोरै चामल दिंदै पल्लो छेउतिर पुगें । त्यहाँ एउटी भक्तिनी अरूसँग भन्दा अलि छुट्टै बसेकी थिइन् । उनले आफ्नो पछ्यौरा भुइँमा फिँजारेकी थिइन् । अन्य भक्तिनीहरू भन्दा छुट्टै बसेको देखेर मलाई अलि खुल्दुली लाग्यो र म उनको नजिकै गएँ । मैले आफूसँग रहेको सबै चामल उनका पछ्यौरामा खन्याइदिएँ । मान्छेको भीडभाड त्यहाँ पनि थियो । मैले चामल खन्याउनासाथ एउटा केटो आएर उनको पछ्यौराको चामल उठाउन थालेको थियो, तर मैले उसलाई गाली गरेर पठाइदिएँ ।

मेरो व्यवहार देखेर बूढीले कृतज्ञताका नजर मतिर लगाउँदै भनिन्- "हेर न नानी, के ठाउँ रहेछ यस्तो ! माग्नेले माग्नेकै चोरी गर्छन् । अलिकति पनि दया छैन यिनीहरूमा । यी माग्ने केटाहरूले जहिले पनि यस्तै बूढाबूढीको लुट्ने र चोर्ने गर्छन् र आफ्नो पेट भर्छन् । म अभागिनी पनि यस्तै दुःख सहेर बसेकी छु । के गर्ने भगवान्ले पनि मेरो राम हेरे । भाग्यको खेल, जे परे पनि सहनुपर्ने । "हुने हार दैव नटार" भनेको यही हो । उनी उदास अनुहार लगाएर टोलाउन थालिन् ।

बूढीको गम्भीरताले मलाई उनका बारेमा सोध्ने इच्छा जाग्यो र मैले उनलाई हेर्दै भने-"आमा तपाईं किन अरूभन्दा छुट्टै बस्नुभएको नि ? यस्तो कुरा किन गर्नुहुन्छ ।"

"के गर्नु नानी ? यत्तिकै बैराग लागेर आउँछ । कसैसँग बोल्न र सँगै बस्न पनि मन लाग्दैन । त्यसैले कहिलेकाहीं यस्तै छुट्टै बस्न रुचाउँछु ...।" उनले पछ्यौराको चामल सोहोरेर पोको पार्दै भनिन् ।

उनको नजिकै बस्दै सोधें- "किन र आमा ? कस्तो बैराक लागेको कुरा गर्नु भएको ?"

उनले मतिर हेरेर अनुहार खुम्चाउँदै भनिन्- "के हुनु नि नानी, आफ्नो कर्म फुटेपछि अनेक थोक हुन्छ । धनी घरमा जन्मेकी मेरो विवाह पनि धनी घरमा नै भएको थियो । चार भाइ छोरा जन्मिएपछि श्रीमान्को मृत्यु भयो । उहाँ मर्दा मेरो उमेर जम्मा पच्चीस वर्षको थियो । त्यस्तो अवस्थाकी आइमाईलाई एक्लै देखेपछि धेरै जनाले हेपाहा दृष्टिले हेर्ने गर्थे । मैले अति कष्ट सहेर ती छोराहरूलाई हुर्काएँ, पढाएँ र ठूला भएपछि उनीहरू सबैको बिहेदान पनि गरिदिएँ । बिहे गरेपछि उनीहरू एक-आपसमा झगडा गर्न थाले र हुँदाहुँदा बुहारीहरूले छुट्टाछुट्टै पकाएर खान थाले । यस्तो गर्न थालेपछि समाज बसेर अंश लगाए । सबै छोराहरूलाई बराबरी अंश बाँडियो । मैले छोराहरूसँग पालैपालो बस्छु भन्ने विचार प्रकट गरें, तर गाउँका एकजना पाका मानिसले भने- "बुढेसकालमा दुःख पाइन्छ, भाउजू, त्यसो गर्नुहुँदैन । जिउनी राखी एकजनासँग मात्र बस्नु पर्दछ । त्यसरी डुलिरँहदा भोलि गास्से भइन्छ । त्यसैले त्यो विचार छोडिदिनुस् र कुनै एउटा छोरासँग बस्नुस् ।" यस्तो कुरा सुनेपछि छोराहरूले मुखामुख गर्न थाले र भने- "मैले त आमा पाल्न सक्दिन ।" उनीहरू चारै भाइले मलाई पाल्न अस्वीकार गरे । गाउँलेले उनीहरूलाई धेरै सम्झाए, तर काम लागेन । अन्तिममा कान्छा छोराले उच्छार नपाएर भन्यो -"ठीकै छ । आमालाई मैले पाल्छु, तर आमाको जग्गा पनि मेरो नाममा पास गरिदिनु पर्छ ।" उसको कुरामा सबै सहमत भए र म पनि उसैसँग बस्ने भएँ । दिन बित्दै गए कान्छो छोराका पनि धेरै लालाबाला जन्मिए । दिनप्रतिदिन बुहारीले मुटु छेड्ने बचन लगाउन थाली । एक दिनको कुरा हो, दसैं नजिकै आइरहेको थियो । सबैका घर लिपपोत गर्ने र पात टिपी दुनाटपरी गर्ने धमाधम थियो । साथै मकै भाँच्ने, बारी जोत्ने र तोरी छर्ने गरिरहेका थिए । मैले छोरालाई बोलाउँदै भनें- "हेर त बाबु, सबैले बारी जोत्ने छर्ने गरिसके । हाम्रो बारी बाँझै छ, अब त सुक्न पनि थालिसक्यो । तँ भने जुवातासमा मस्त छस् । यस्तरी पनि व्यवहार चल्छ ?"

उसले मतिर कोर्के आँखाले हेर्दै भन्यो- "तपाईंलाई के मतलब ? साँझ र बिहान खान दिए त भइहाल्यो । बाँझै राखूँ कि जोतेर राखूँ । धेरै कच्कच् गर्ने होइन । राम्रोसित बस्ने हो भने बस्ने, नत्र जता मन लाग्छ उतै जाने ।"

ऊ जुरुक्क उठेर गाउँतिर गयो । म मनमनै पिरोलिन थालें -"बोले भने पनि सुख छैन नबोले कसरी सहने । वर्षदिन खाने खेती स्याहार्ने र छर्ने बेलामा आफ्नो घरको त्यस्तो चाला देखेर कसरी बस्ने ? म एकदम अन्योलमा परिरहें । अरू छोरासँग जाऊँ भने पनि अंशजति सबै कान्छाकै नाउँमा छ । अरूले एक छाक खान दिनसम्म खोज्दैनन् ।" मैले निकै पछुतो मानिरहें- छोराको नाउँमा आफ्नो जग्गा पास गर्न दिएकोमा ।

यस्तै छटपटी र खटपटमा दिन बितिरहे । दसैं पनि आयो । सबैका घरमा टिका लगाईवरी टिका थाप्न हाम्रो घरमा मानिसहरू आउन थाले, तर हाम्रोमा भने टिका लगाउने कोही तयारी थिएन । मैले बुहारीलाई बोलाउँदै भनें- "ए लक्ष्मी, छिटो गर । खै अक्षता बनायौ ? टिका थाप्न आइसके । फेरि म पनि टिका थाप्न माथि जेठाजुकोमा जानु पर्छ । तिमीहरू पनि छिटो तयार हौ ।"

मैले त्यसो भनेपछि बुहारीले रिसले अनुहार रातो पार्दै भनी- "कसले छेकेको छ तपाईंलाई ? जता मन लाग्यो त्यतै जानुस् । जबसम्म तपाईं बाँच्नुहुन्छ तबसम्म मलाई कहिलै सुख नहुने भो ।" यस्ताको त काल पनि नआउनेरैछ । मलाई मात्र के यस्तो बेहोर्नु परेको हो कुन्नि ? अरू पनि छोरा हुन् । जोसँग बसे पनि हुन्छ । मलाई मात्र के ठेक्का छ र तिम्रो कचकच सहन ?"

ठीक त्यसै बेला बाहिरबट कान्छो छोरा आएर सोध्यो -"के भयो लक्ष्मी ? किन कराएकी ?" उसले हातमा समातेको अक्षता र जमराको थाली भुईंमा फाल्दै डाँको छोडेर रुँदै फलाक्न थाली- "मलाई सधैं यस्तै दुःख । कहिले पनि सुख र सन्तोष भएन । केही भने तपाईंको चित्त दुख्ला । म त अर्काकी छोरी । गतिलो भने पनि अगतिलो होला । यस्तरी म यहाँ बस्न सक्दिन । म अब माइत जान्छु । टिका पनि नलगाईकन ।" ऊ हिँड्न लागी । छोराछोरीहरू पनि रुँदै उसको पछि लाग्न थाले ।

छोराले रिसले दाह्रा किट्दै मतिर हेरेर भन्न थाल्यो- "यो बूढीको काल पनि आएन । अरूका बूढाबूढी त बेलैमाथि मर्छन् । यस्तो शासन बिचरी कतिमात्र सहोस् । फेरि यति दुब्ली छ । यसैले यसरी टोकसो सहनु पर्छ । यो बूढीले यसलाई नखाईकन नछोड्ने भई ।" उसले स्वास्नीको अनुहारतिर हेर्दै भन्यो- "तिमी जाने भए म यहाँ किन बस्ने ? हामी सबै जाऊँ, बसोस् यही कचकचे बूढी ।" उनीहरू छोराछोरीलाई पनि खेदेर निस्कन लागे ।

मैले हात जोड्दै भनें- "यस पटक मैले बोल्न जानिन, बिराएँ । अबदेखि तिमीहरूलाई केही भन्नेछैन । ए लक्ष्मी, आज दसैंको दिन त्यसो नगर

बाबा । बाहिर आँगनमा कति मानिस आएका छन्, के भन्लान् उनीहरूले । जान परे पनि म नै जाऊँला, तिमीहरू कतै नजाओ । केटाकेटीहरू भोकले आत्तिएका छन् ।" मैले अनुरोध गरेपछि उनीहरू अलि मत्थर भएर टिकाको काम गर्न थाले । अरू सबै छोराबुहारीहरू र नातिनातिनीहरू जम्मा भए । मैले टिका लगाइदिएँ । उनीहरूसँग बिहानको कुरा भयो । सबैजनाले मलाई गाली गर्दै भने- "हो यसै भएर हामीले नपालेको हो । गतिलो बानी भए पो हुन्छ । राम्रो बेहोरा भएको भए कसले माया गर्दैनथ्यो र । थुतुनो समातेर बस्नु पर्छ अनि मात्र अटिन्छ जहाँ पनि ।" माइलो छोराले आँखा राता पार्दै मतिर हेरेर भन्यो- "उता बाहिरको कोठीमा राखिदिनु नि । साँझबिहान कलो दिए पुग्यो । हेर, आज वर्षदिनको चाडमा पनि कराएर यो जात्रा !" उनीहरूमध्ये कसैले पनि मेरो पक्ष लिएनन् । सबैले मलाई एकमुख भएर गाली गरे ।

मलाई साह्रै नराम्रो लाग्यो । मैले स्वर्गे भएका लोग्नेलाई सम्झिएँ र आफैंले आफैंलाई धिक्कार्दै रुन थालें- "पच्चीस वर्षको उमेरमा विधवा भएर कति दुःखले तिमीहरूलाई हुर्काएँ । कलिलो उमेरमा विधवा भएर पनि मेरा छोराहरू छन्, ठूला भएपछि मलाई सुख सन्तोष होला भनेर कति ठूलो आशा लिएर बसें । एक्ली आइमाई देखेर कतिजनाले ललाई-फकाई गरे । मैले तिमीहरूको लागि र आफ्नो सतीत्व बचाउनको लागि कपालसम्म नकोरेर हिँडें । कुनै दिन राम्रो कपडा लगाइन । आज बिहेवारी गरेर सबैका सन्तान घर भरिएर रज्जगज्ज भएका बेला म बूढी कुकुरका लेखा भएँ । तिमीहरूले मलाई गास्सेलाई जस्तो बनायौ । यो दुनियाँमा म बाँचेको केही सार भएन । म किन र कसका लागि बाँच्ने ? अब म मरे पनि हुने हो, तर कसरी काल आउँछ मेरो ? हे भगवान् ! मलाई अब यो धर्तीमा किन राखिरहेका छौ ? जसरी भए पनि मलाई लिएर जाऊ ।" मेरो आँखा अगाडि स्वर्गीय पतिको तस्वीर नाच्न थाल्यो । मनको बाँध टुट्यो, म धेरै बेरसम्म थाममा टाउको अड्याएर रोइरहें ।

छोराहरू केही बोलेका थिएनन् । केहीबेरपछि जेठी बुहारीले भनी- "भैगो आमा नरुनुस् ! घरमा कहिलेकाहीं झगडा त भइहाल्छ नि । त्यस्तो साह्रै चित्त दुखाउन हुँदैन र घर झगडा बाहिर सुनाएर पनि केही फाइदा छैन । आपसमा मिलेर बस्नु पर्छ । फेरि आज मेलापर्वको दिन हो रोएर बस्नु हुँदैन ।" आफ्नी आमाले त्यसो भनेको सुनेर उसकै छोरो अमितले पनि थप्यो-

"हजूरआमा नरुनुस् ! तपाईंलाई म पाल्छु । कहिलै पनि दुःख दिन्न । यी हाम्रा बाबाहरूले राम्रोसँग पालेनन् तपाईंलाई धेरै रुन पारे त के भयो र ? तपाईंको नाति छैदैछ नि ! आज टिकाको दिन तपाईंले हामीलाई धेरै आसिक दिनु पर्छ र तपाईं पनि खुसी हुनुपर्छ, नरुनुस् ।" उसले मेरा आँसु पुछिदिँदै भन्यो ।

नातिको कुरा सुनेपछि मलाई अझ रुन मन लाग्यो र मैले उसलाई काखमा लिएर भनें- "बाबु तँलाई मेरो माया लाग्छ ? किन यस्ती अलच्छिनी बूढीलाई माया गर्छस् ?" म रोएको देखेर ऊ पनि रोयो । केहीबेर पछि मेरा आँसु थामिए । अलिकति सन्तोष पनि भयो, नातिले आधार दिएकोमा । त्यो दसैंको दिन पनि रोएर नै बित्यो । यस्तै गरी छोरा-बुहारीहरूको घोचपेचसँगै मैले दिन काट्न थालें । दसैं सकिएर तिहार नजिकै आइसकेको थियो । मेरा माइती पोखरा हुनाले यसपालिको तिहारमा माइतै जाने विचार गरेकी थिएँ । एक दिन साँझ म बाहिर पेटीमा बसेर के-के सोच्दैथिएँ । यत्तिकैमा नातिले खाना खान बोलायो र म भित्र गएँ । खाना खाँदै मैले उनीहरूलाई आफ्नो माइतीमा जाने विचार सुनाएँ, तर कसैले केही प्रतिक्रिया दिएन । म पनि चुपचाप सुत्न गए र बिछ्यौनामा पल्टिएँ, तर निद्रा लागेन ।

भोलिपल्ट बिहान म पोखरा जानको लागि छोरासित भाडा माग्न भनेर उसको कोठामा जाँदै थिएँ । ढोकाको नजिकै पुग्दा गुनगुन कुरा गरेको सुनेर त्यहीं उभिएर ध्यान दिएर सुनें । उनीहरू मेरै कुरा गर्दै थिए । बुहारीले रातदिनको कचकच कति सहने ? अरूले पाले पनि हुन्छ हामीलाई मात्र के खाँचो भन्दै थिई । त्यसैमा बानी पनि कस्तो नराम्रो ? जे कुरामा पनि जान्ने हुनुपर्ने । हामीलाई त यी बूढीले हैरानै पारेकी छन् । तिमीसँग केको रिस गरेको होला ? बढ्ता सासू हुनुपर्ने भनी छोराले थप्यो ।

उनीहरूको कुराले म भित्र जान सकिन । ढोकाबाटै फर्किएँ । मलाई आफ्नो जग्गा पनि छोराको नाममा पास दिएकोमा साह्रै पछुतो लाग्यो । फिर्ता माग्नु पनि छोरासित के भनेर माग्ने ? बसौं भने पनि यस्तो हैरान गराएपछि कसरी बसौं ? मलाई माइत जान पनि मन लागेन । आफ्ना छोराहरूले त यस्तो गराएपछि माइती भन्ने पनि त्यस्तै हुन् भन्ने सोच्दै मैले कतै मन्दिरमा गएर आश्रय लिने विचार गरें । त्यो दिनभरि मैले अनेक कुरा मनमा खेलाउँदै बिताएँ । दिउँसोमा हिँड्दा कहाँ हिँडेकी कता हिँडेकी ? भनेर सबै गाउँलेले सोध्लान् भनेर भोलि बिहान राति नै हिँड्ने सोचेर आफ्ना लुगाफाटा मिलाएँ ।

साँझको खाना खाएपछि म बाहिर ओसारीको कोठामा सुतें । अरू सबै भित्र सुतेका थिए । मलाई राम्रोसँग निद्रा लागेन । कति बेला उज्यालो होला भनेर सोचिरहें । एकातिर मलाई कतिबेला यहाँबाट निस्कन पाऊँ भनेर छटपटी भएको थियो भने कतिबेला चालीस वर्ष बिताएको गाउँ, आफूले दुःख गरेर जोरेको सम्पति, आफ्नो पतिको जन्मथलो, लोग्नेसँगै रमाउँदै बसेको घर आदिलाई चटक्क छोडेर कसरी जाऊँ जस्तो भइरह्यो, तैपनि उद्देश्यविहीन भएर निस्कनु परेकोमा मलाई भक्कानो छुटेर आउँथ्यो । यस्तै अनेक कुराहरू मनमा खेलाउँदा खेलाउँदै बिहान हुन लागेछ, गाउँमा कुखुरो बासेको सुनियो । म झटपट उठेर हिजो ठीक पारेर राखेको पोको टिपेर घरबाट निस्किएँ ।

त्यतिबेला गाडीको सुविधा थिएन । म हिँडेरै रिडी जाने विचार गरें । मसँग जम्मा एक सय पचास रुपैयाँ थियो । म पुतली बजारसम्म आउँदा उज्यालो भइसकेको थियो । पाल्पाको तानसेन हुँदै रिडीसम्म जाने बाटो समातें । मेरो साथमा एउटा लौरो बाहेक केही थिएन । त्यस दिन साँझ रिडी पुग्न सकिन र बाटैमा बास बसें । अर्को दिन बिहान दस बजेतिर म रिडी पुगें । कालीगण्डकीमा नुहाइधुवाइ गरेपछि म भक्तिनी टोलतिर गएँ ।

त्यहाँ सबै भक्तिनीहरू एकै ठाउँ जम्मा भएर कुरा गरिरहेका थिए । म उनीहरूको नजिकै गएर बसें । मलाई त्यहाँ पहिलोपटक देखेकाले उनीहरू जिज्ञासु दृष्टिले एक आपसमा हेराहेर गरे । त्यहाँ भएका मध्ये सबभन्दा पाकी जस्ती देखिने एउटी भक्तिनीले मेरो बारेमा सबै सोधिन् । मैले उनीहरूसँग आफ्ना सबै वेदनाहरू पोखें । उनीहरूले मलाई छोराको नाममा जग्गा पास गरिदिएकोमा गाली पनि गरे । मैले उनीहरूसँग अब कसरी बाँच्न सकिन्छ ? भनेर उपाय बताइदिन भनें, तर उनीहरूको कुरा सुन्दा मलाई त्यहाँ बसेर गुजारा गर्न सकिन्छ जस्तो लागेन । त्यहाँका भक्तिनीहरू कसैले काम गरेर आफ्नो गुजारा चलाएका थिए भने कसैलाई छोराहरूले खर्चको बन्दोबस्त गरेका थिए । कुनै भक्तिनीले आफ्नो भएको पैसा सापटी दिएर आएको ब्याजबाट पेट पाल्ने गरेका थिए । मैले उनीहरूसँग काठमाडौंको पशुपति मन्दिरमा जाने विचार सुनाएँ । उनीहरू सबैले मेरो विचारमा समर्थन जनाए । उनीहरूले पशुपतिमा ठूलो ठाउँ छ, त्यहाँ पाटीहरू पनि प्रशस्त छन् । मानिसहरू प्रशस्त तीर्थयात्रीको रूपमा आउने भएको हुनाले त्यहाँ मागेर भए पनि गुजारा चल्छ भन्ने सल्लाह दिए । मलाई पनि उनीहरूको सुझाव ठीकै जस्तो लाग्यो र काठमाडौं जाने निधो गरें ।

उनीहरूले मलाई अलिअलि पैसा दिए । मलाई उनीहरूबाट छुट्टिंदा नरास्रो लाग्यो, तर पनि म निस्कन बाध्य थिएँ र आफ्नो सानो पोको लिएर त्यहाँबाट काठमाडौंका लागि हिडें । दुई दिन लगाएर म बुटवलसम्म हिंड्दै आएँ र गाडी चढें । गाडीले काठमाडौंको बसपार्कमा ल्याएर ओरालिदियो । म बसबाट ओर्लिएर अलमलमा परें । यहाँ जताततै घरहरू मात्र देखेर कता जाऊँ र के गरौं जस्तो भयो । म भोकले साह्रै आत्तिएकी थिएँ । एउटा होटेलमा पसेर सोधें- "यो बाहुनको होटेल हो नानी ?"

होटेल अगाडि उभिएको एउटा केटाले टाउको हल्लाउँदै भन्यो- "हो आमै । यो बाहुनकै होटेल हो ।"

म भित्र गएर भात रोटी जे छ त्यही दिनुस् भनेर होटेल मालिकसँग मागें । उसले केही रोटी र तरकारी ल्याएर दियो । मैले साह्रै मीठो मानेर खाएँ । खाएर सिध्याए पछि मात्र मैले सम्झिएँ, हातमुख नधोईकनै खाएछु । त्यहाँ आएको एउटा केटो मेरो ठूलो छोरोजस्तो रहेछ । मैले सम्झिएँ- बाबु मर्दा उसको उमेर जम्मा दस वर्षको थियो । म रुँदा उसले मेरा आँसु पुछ्दै भनेको थियो- आमा नरुनुस्, तपाईंलाई मैले पाल्छु । विगतका ती दिनहरू सम्झिएर, आँसु पुछेर होटेलवालालाई पैसा दिंदै भनें- बाबु मलाई पशुपतिको मन्दिरमा जाने बाटो बताइदिनुहोस् न ।"

उसले पैसा समात्दै झर्किएर भन्यो- "मलाई थाहा छैन । पशुपति सशुपति जाने बाटो ।"

म त्यहाँबाट निस्किएँ र पशुपति जाने बाटो सोधें । एकजनाले बाटो बताइदिए। म पशुपतिको मन्दिर वरिपरि डुलिरहे । कहाँ के गर्ने, कसरी नयाँ जीवन सुरु गर्ने ? अन्योलमा परें ।

साँझ परिसकेकोले त्यहाँ बत्ती बल्न थाले । म ठूलो गेटको तल बसिरहें । तल खोलाका किनारमा लास पोल्दै थिए । म एकछिन पुलको किनारमा उभिएर जलिरहेको चितातिर हेरिरहें । यसो पारिपट्टी हेर्दा त्यहाँ केही मान्छे जम्मा भएर आगो बालेर खाना पकाइरहेका थिए । केही खान पाइन्छ कि भन्ने आशले म त्यतैतिर लागें । त्यहाँ मलामीहरूले खाना पकाइरहेका थिए । म पनि एक छेउमा गएर बसें । उनीहरूले पकाएर खाए । एकजना मलामीले मलाई देखेपछि अरूसँग भने -"ऊ त्यो माग्ने बूढीलाई पनि अलिकति दिऊ न, खान्छे । अघिदेखि त्यहीं बसेर हेरिराखेकी छे ।"

मलाई निकै दुःख लाग्यो । मैले आफ्नो विगतको जीवन सम्झिएँ । मलाई आफ्नै जीवन व्यर्थ लाग्यो । भोक लागेको भए पनि भात मागेर खान सकिन र म त्यहाँबाट तल झरेर फेरि पुलमा आएर बसें । त्यो रात त्यहीं बसेर अनेक कुरा सोच्दै बिताएँ । मलाई जीवनदेखि निराश लाग्यो, तैपनि केही गरेर जीवनलाई समाप्त पार्न पनि सकिन ।

भोलिपल्ट बिहान उठेर असहाय बूढाबूढीहरू बस्ने आश्रमतिर गएँ, त्यहाँ सबैसित चिनापर्ची पनि गरें । आफ्नो व्यथा उनीहरूलाई सुनाएँ । त्यहाँ पचासी वर्षकी बूढीलाई भेटें । उनी रोगी रहिछन् । उनलाई सहाराको खाँचो रहेछ र मलाई आश्रय चाहिएकोले उनकै सेवा गरेर बस्ने निधो भयो । अर्को दिनदेखि मागेर खान थालियो, उनको सेवा गर्दै बस्न थालें । यहाँ यस्तै छ नानी, कुनै दिन माग्दामाग्दै दुईचार सय आई पनि हाल्छ, कुनै दिन पचास साठी रुपैयाँ मात्रै पनि हुन्छ ।"

एघार बजिसकेछ । मैले उनीसँग बिदा मागेर पशुपतिको मन्दिरतिर आमालाई लिन गएँ । त्यहाँ आमाले मलाई पर्खेर बस्नुभएको रहेछ । अनि हामी घरतिर लाग्यौं ।

चौथ

आतङ्कको छायाँमा

मकर सङ्क्रान्तिको दिन थियो । दिनभरि घाम लागे तापनि साँझ-बिहान कुहिरो लाग्नाले निकै जाडो थियो । बजारमा जतातत्तै तरुल, चाकू, मिठाई आदि देखिन्थे । घरमा चेलीबेटी बोलाएर सबै परिवार जम्मा भई रमाइलो गर्दै बसेका थिए । म पनि सङ्क्रान्तिका लागि किनमेल गर्न बजारतिर लागें । खेत, चौर र बाटोभरि तुसारो परेर सेतै थियो । बाटामा चेकपोस्ट पनि थियो, त्यहाँ चालीस-बयालीस प्रहरी तैनाथ थिए । जाडोले गर्दा उनीहरूको अनुहार चुस्स परेको थियो, तैपनि आफ्नो भूमिका निर्वाह गर्दै आउने-जाने बस-ट्रकलाई रोकी यात्रुहरूलाई ओरालेर सामान जाँचिरहेका थिए । त्यो दृश्य हेर्दै म पसलतिर पसें र आफूलाई चाहिने सामान किनेर घर गएँ । बेलुकी फेरि तरकारी किन्न त्यतैतिर लागें । तरकारी लिएर फर्किंदा चेकपोस्टको पछाडितिर दसबाह्रजना केटाहरू भलिबल खेल्दै रमाइरहेका थिए भने खेल मैदानको एक छेउमा तीनजना केटाहरू घुम्लुङ्ग पछ्यौरा ओढेर खेल हेरिरहेका थिए । मलाई तिनीहरूको अनुहार नौलो लाग्यो । म वास्तै नगरी घरतिर लागें ।

म घरमा आएर टुसुक्क पेटीमा के बसेकी थिएँ, बड्याम्म आवाज आएको सुनियो । जमिन पनि थर्कियो । एकछिनसम्म त्यहाँ वरिपरि सुनसान भयो । मान्छे डराएर भित्रभित्र पसिरहेका थिए । कोही भने भागाभाग गर्ने, चिच्याउने-कराउने गर्न थाले ।

"लौ न लौ न यहाँ त केके भयो ? अब कसरी प्राण बचाउने ? म त पसल पनि खुलै छोडेर भागेकी हुँ । अनिकालमा बीउ जोगाउनु हुलमुलमा जीउ जोगाउनु भने झैं यस्तो बेलामा कसले धनसम्पतिको माया गर्छ ! त्यहाँका सबै मान्छेहरू तोरीबारीमा लुकेका छन् ।" एकजना पसलेले एकै सासमा बोल्यो ।

उनको कुरा सुनेर म जुरुक्क उठें र सोधें- "किन, कहाँ, के भयो र ! बम पड्केको आवाज ठूलै आएको थियो ! चेकपोस्ट ध्वस्त पारेकी क्या हो ? तपाईं त त्यतै नजिक हुनुहुन्थ्यो । के कति क्षति भयो, पुलिस कति मरे, अरू कति मरे ?"

उनले टाउको समातेर सुइय्य गर्दै बोले- "हे भगवान् ! किन खानु परेको होला, त्यो पुलिसको जागिर ! बिचराहरू आज कतिजना मरे होलान् कतिजना अपाङ्ग भए होलान् । यस्तो जागिर खानुभन्दा त अर्काको हली हुनु जाति ।"

अरू पनि चिच्याउन थाले । कोलाहल मचियो । गोली चलेको आबाज फेरि पनि आउन थाल्यो । म डरले कतै भाग्न पनि सकिन र घटनास्थलतिर जान पनि सकिन । त्यस दिन घरमा केटाकेटी थिएनन् । हामी बूढाबूढीले केही पकाएर खान सकिएन, त्यसै सुतियो । निद्रा पटक्कै परेन । रातभरि त्यही घटनाका बारेमा कुरा गर्‍यौं । देशको चिन्ता गर्‍यौं, जनताको चिन्ता गर्‍यौं । हुन पनि आँखा यसो झिमिक्कै नगरीकन उज्यालो भएछ ।

बिहान आठ बजेसम्म त्यस घटनाका बारेमा आधिकारिक जानकारी पाउन सकिएन । एफएमहरूले समाचार फुकेको फुकै गरे पनि कुनैले कतिजना मरेको भन्ये भने कुनैले कति । त्यस दिन पनि हामी चेकपोस्टतिर जान सकेनौं । केकति मरे भनेर खुलदुली लागिरहेकै थियो । त्यसै बेला एकजना पुलिस हाम्रो घरको बाटो हुँदै चेकपोस्टतिर जान थालेका थिए । उनलाई मैले पहिले नै चिनेको हुनाले सोधें, "के छ सर, कता हो ? तपाईं अहिले यही चेकपोस्टमै कार्यरत हुनुहुन्छ, हैन र ?"

"हुन त हो नि हजुर ! यस्तो समयमा के जागिर खानु छ र ? जागिरले हिजो धन्नै खाइदिएन मलाई ।" उनले लामो सास फेर्दै भने ।

"ए साच्चै भन्नुस् न, हिजो केकति धनजनको क्षति भयो ? भाग्यले तपाईंलाई त केही भएनछ, खुसी लाग्यो । त्यहाँको बारेमा मलाई सबै कुरा बताउनुस् न, फुर्सत छ भने ।"

"अहिले त म ड्युटीमा हिँड्ने छु दिदी, यस्तो बेलामा हामीले अलिकति पनि नियम छोड्नु हुँदैन । अहिले भ्याउँदिन भरे भोलितिर मौका मिलाएर बताउँला नि, हुन्न ?"

ऊ आफ्नो बाटो लाग्यो । त्यसै दिन साँझ आठ बजेतिर फेरि ऊ ड्युटी सकेर हाम्रो घरको बाटो हुँदै फर्कियो । मैले उसलाई घरमा बोलाएँ र भनें आज यतै खाना खाएर बसौं ।

"कहाँ र दिदी ? तपाईंको हातको तातो खाना खाने सौभाग्य त म अभागीलाई कहिले जुट्ला र खै ? तैपनि एक छिन त म बसिहाल्छु, सोध्नुस् के कुरा छ, हिजैको घटनाको बारेमा त बुझ्न खोज्नु भएका होला नि ! यस्तो कहाली लाग्दो घटना कसरी सुनाऊँ र दिदी ।"

उनले बरर आँसु झारे । खल्तीबाट रुमाल निकालेर पुछ्दै एक छिन आकासतिर हेरेर टोलाए । उनको अवस्था देखेर मेरा आँखा पनि भरिएर आए । एक छिन दुबैजनाले मुखामुख गरिरह्यौं, बोल्नै सकेनौं । आखिर मैले नै मुख फोरें- "के गर्ने त नि सर, हाम्रो जिन्दगी यस्तै छ, नआत्तिनुस्, आत्तिएर समस्याको समाधान हुने छैन ।"

उनले निराश मुद्रामा भने- "दिदी अहिलेसम्म म यस्तो डरलाग्दो घटनामा दुईचोटी परेको छु । हिजो र त्यो भन्दा अगाडि बेनी घटनामा । अब तेस्रो चोटिमा त म मर्छु होला । हिजोको घटनामा सातजना साथीहरूले सहादत प्राप्त गरे । आफ्नै आँखा अगाडि चारजना साथीहरू एकैपटक ढले । मेरो होसहवास उड्यो । त्यति बेला कता जाने, के गर्ने केही उपाय निक्लेन । डरले गर्दा हातका हतियार पनि भुइँमा झरे । हामीलाई त्यति बेला अरूभन्दा परानकै माया लाग्यो । एकछिन यताउता बाटो हेरेर हामी दसबाह्रजना काँडे तार नाघेर भाग्यौं । भाग्न नसक्नेहरू त्यहीं परे । घेरैजनाको अङ्गभङ्ग पनि भयो । सातजना त मरिहाले । सातजना मध्येमा मेरा भान्जा पनि परे । दिदी-भिनाजुले विरोध गर्दागर्दै पुलिसको जागिर मैले नै लगाइदिएको हुँ भान्जालाई । दिदी-भिनाजुका उनी एउटै मात्र छोरा हुन् र मेरा एउटै भान्जा । दिदी-भिनाजुको के हाल भयो होला बिचरा ! अहिले त जान-सम्झाउन-बुझाउन पाइने स्थिति पनि छैन । भान्जाले यही गएको असारमा बिहे गरेका हुन् । कलिली, राम्री, सर्लक्ककी सत्र वर्षकी केटी बिहे भएको वर्ष दिन नहुँदै आफ्नो लोग्नेको यो गति कसरी सुन्ने हुन्, अझ दुई जीउकी समेत भइसकेकी । अब कसरी जीवन बाँच्ने हुन् । उनलाई सम्झँदा मेरो जीउमा काँडा उम्रन्छन् ।

हिजै मात्र सातजनाका घरमा रुवाबासी भयो । बाबुआमाका काख रित्तिए । कति चेलीबेटीका सिन्दुर पुछिए, कति लालाबाला टुहुरा भए । यस्ता घटना त यो दस वर्षमा त कति घटे-घटे, गनी साध्य छैन, भनी साध्य छैन । हेर्नुस् दिदी यो के हुन खोजेको हो । आफूआफूमा काटाकाट मारामार केको लागि भएको हो ? जताजता जोजो मरे पनि हाम्रै दाजुभाइ दिदीबहिनी त मर्ने हुन् नि किन नबुझेका युद्धका नाइकेहरूले ? यो देशमा कति युद्ध भैराख्ने हो ? अझै कति मान्छेहरू मर्ने हुन् कति धनजनको क्षति भएर देशले यो स्थितिबाट मुक्ति पाउने हो । सरकारको नुन खाएपछि नुनको सोझो गर्नै पर्ने रैछ । ज्यानको बाजी राखेर हामी लडेका छौं । जता जति मरे पनि तल्लो स्तरका

हामी जस्तै मान्छे मर्ने हो । शासक र नेताहरू जहिले पनि जोगिन्छन् । सर्वसाधारणको भऱ्याङ चढेर उनीहरू जहिले पनि माथि पुगिरहेका हुन्छन्, हामीहरू मरिरहेका हुन्छौं । सरकारी जागिरका रहरले हिँडेका हामीहरू आज यही सरकारबाट सबका अङ्गभङ्ग हुनुपरेको छ । सत्ताले देशको सुसञ्चालन गर्नुको सट्टा शोषण र भ्रष्टाचार बाहेक केही गरेको छैन । हुन त दिदी, मेरो पदीय दायित्वले यस्तो कुरा गर्न छुट दिँदैन, तर के गर्ने धेरै दमन भएपछि विस्फोट हुने रैछ । माओवादीले पनि वार्ताबाट समस्याको शान्तिपूर्ण समाधान गर्ने बाटो खोजे हुन्थ्यो । जहिले पनि काटमारमै कति लागिरहन सकेको ! यस्ताले कुनै दिन सत्ता पाए भने के गर्ने होलान् ! यस्तै बाटोमा हिँडिरहे भने उनीहरूले पनि अहिले ज्ञानेले गरेको जस्तो निरङ्कुश शासन नगर्लान् भन्न सकिँदैन । मलाई त यो जागिरमा रहेर यस्तो हत्याहिंसा देखिरहन मन लागेको छैन । मलाई यो पेसादेखि नै वितृष्णा जागेर आउन थालेको छ । अब त राजिनामा स्वीकृत होओस् कि नहोओस् छोडेर आफ्नै गाउँमा गएर बस्न मन लागेको छ, तर के गर्ने ! गाउँ पनि तिनै दुष्टहरूले कब्जा गरिसकेका छन् । उनीहरूकै हालीमुहाली छ । घरमा बाआमा र श्रीमती कति डराएका होलान् ? साँढेको जुधाइ बाच्छाको मिचाइ भनेको यही हो । ठूलाबडा आफ्नो सत्ता प्राप्तिका लागि हामी सर्वसाधारणलाई प्रयोग गरिरहेका छन् । अब त दिदी, म यहाँ बस्न सक्तिन । जता गए पनि यो पेसा र यो ठाउँबाट भाग्छु ।"

उसको अवस्था देख्दा मलाई साह्रै दया लाग्यो, तर मैले उनलाई जागिर छोडाएर लुकाउन पनि सकिन र कतै पठाउन सक्ने स्थिति पनि थिएन । मैले उनलाई चिया खुवाएर बिदा दिएँ । उनी मन नलागी-नलागी ड्युटीमा गए । मैले उनी पर पुग्दासम्म एकोहोरो हेरिरहें ।

पन्ध्र

शीला र अनिता

सदा झैं त्यो दिन पनि म बेलैमा बेलुकीको खाना खाएर सुतेकी थिएँ । रातको बाह्र बजेतिर कताकता रोएको कराएको आवाजले मेरा आँखा खुले । ध्याल खोलेर यताउता हेरें । कतै केही देखिएन । कृष्णपक्षको रात हुनाले जतातते अन्धकार थियो । आकासमा बादल डम्म थियो । कतै केही नदेखेपछि फेरि म चुपचाप ओछ्यानमा पल्टें र सोचें, जेसुकै होओस् मैले हेरेर के हुन्छ र ? फेरि यति राति, यस्तो जाडोमा म घुम्लुङ्ग कपडा ओढेर सुतें ।

म निद्रामा परेकी मात्र के थिएँ, फेरि कोकोहोलो मच्चिएको सुनियो र म उठेर बार्दलीमा निस्कें । यताउता हेरें, पारिपट्टिको एउटा घरमा थुप्रै मान्छेहरू कराएको र कोही रोएको पनि सुनिन्थ्यो । सोचें, त्यही छबेले रक्सी धोंकेर आएर कराएको होला । बिचरी त्यो शीला रात दिन काम गर्छे, उता उसको लोग्ने स्वास्नीलाई केके आरोप लगाउँछ । त्यस्ती सोझी स्वास्नीको इमान्दारिता र मिहिनेतको फाइदा उठाएर त्यो मोरो छबे आफ्नै स्कुलकी अर्की मास्टर्नीसित पल्केको छ । अर्की आइमाईसित लागेको लोग्ने त के आफ्नो हुन्छ र ? त्यस्तालाई आफ्नी स्वास्नीको न त माया हुन्छ न त दया नै । कति राम्रो सुखी परिवार थियो, दुवै जनाको जागिर, एउटा छोरो । अब त्यसले त्यो अनिता मास्टर्नीलाई घरमा हुल्यो भने सब परिवार भताभुङ्ग हुन्छ । बिचरी त्यो शीला पनि अभागी हो । लोग्नेको त्यस्तो सेवा गर्दागर्दै पनि आज सौता बेहोर्नुपर्ने स्थिति आउन थाल्यो । त्यसपछि मैले अनितालाई सम्झें । ऊसँग पनि मलाई रिस उठेर आयो । एउटी आइमाईले अर्की आइमाईमाथि सौता बन्ने त्याग पनि उस्तै हो । त्यत्रो पढेकी मान्छे बुद्धि पनि कहाँ गएछ ! यस्तै अनेक कुरा मैले त्यो हल्ला सुनिरहें । थुप्रै बेरसम्म त्यहाँ गाईंगुईं भइरह्यो । म ओछ्यानमा पल्टें, तर निद्रा पटक्कै लागेन ।

भोलिपल्ट बिहान उठेर घरको काम सकें । अनि राति हल्ला भएको घरतिर गएँ । त्यहाँ जाँदा त थुप्रै मान्छे जम्मा भएका थिए । त्यहाँ एउटी ठूलो पेट भएकी केटी थिई । "अनिता मास्टर्नी त्यही होली" मैले सोचें । त्यहाँ देखिने भद्रभलाद्मीले छबेलाई सम्झाउने बुझाउने गरेका थिए । ऊ घोसे मुन्टो लगाएर बसेको थियो ।

मलाई देख्नासाथ आफ्ना आँखाबाट आँसु झार्दै शीलाले भनी- "हेर्नुस् न दिदी, मैले रात दिन नभनेर उनैका लागि त्यत्रो दुःख गरें । आज यो दशा देख्नुपर्‍यो । म के गरौं, कति सहेर बसौं ?"

मैले सोधें- "के तिम्रा श्रीमान्‌ले त्यो अनिता भन्नेलाई ल्याएकै हुन् त ? यो लोग्नेमान्छेको जातलाई केही गरे पनि चित्त बुझाउन नसकिने । पहिले पनि तिमीसँग प्रेम विवाह गरेको होइन त ? तिमीहरू दुईको प्रेम देख्दा सबैले "यो त लैला-मजनूको जोडी हो क्यार !" भन्ने गर्थे । त्यस्तो सम्बन्ध हुँदाहुँदै पनि कसरी तिमीहरूको आज यस्तो भो ?"

उसले लामो सास फेर्दै भनी- "खै के भनूँ र दिदी ! हामी आइमाईको जातले जे पनि सहनु पर्ने । हुन त हामी दुईमा निकै मायाप्रेम बसेपछि एकअर्काबिना बाँच्न नसकिनेसम्म भएर बिहे गरेको हो, तर आज देखिहाल्नुभो नि ती ! त्यो तमासा !" उसले त्यही गर्भवती केटीतिर आँखा सन्क्याउँदै भनी ।

मैले त्यही केटीतिर आँखा लगाउँदै भनें- "ए ! त्यही हो त्यो अनिता भन्ने ? मलाई त त्यहाँ देख्नेबित्तिकै शङ्का लागेको थियो । कस्ती लाज नभएकी डङ्किनी हो त नि ? अर्काको लोग्नेसँग सल्केर यस्तो चाला । फेरि हेर न पेट बोकेर त्यो जात्रा ! त्यो त आजभोलि नै सुत्केरी हुन्छे जस्ती देखिन्छे नि ।"

"हो त नि दिदी, संसारमा कहीं नपाइने जस्तै गरी एउटी स्वास्नी र छोरोसमेत भएकासँग आउने । मलाई त भुल्याएर पठाइदिऊँ जस्तो लाग्छ, तर के गर्ने आफ्नै लोग्ने बेइमान भएपछि । यस्तालाई के भन्ने, मसँग कति हत्ते गरेर बिहे गरेको हो, चारपाँच वर्ष नबित्दै अर्की भित्र्यायो । अझै कति ल्याउने होला । यस्ताकी स्वास्नी हुनुभन्दा त बरू बिहे नगरीकनै बसेको भए हाइसुख्ख हुन्थ्यो ।" उसले दिक्क मान्दै भनी ।

एकछिनपछि ऊ फेरि बोल्न थाली- "बिहे गरेको सुरुसुरुमा त साह्रै माया गरे जस्तो गर्थ्यो । म पनि निकै खुसी थिएँ, माया गर्ने लोग्ने पाएकोमा । बिहेपछि तुरुन्तै हामी दुवैले जागिर गर्न थाल्यौं । उनले स्कुलमा पढाउन थाले भने मैले पनि स्टाफ नर्स पढेकीले भीम अस्पतालमा जागिर गर्न थालें । मैले जागिर गर्न थालेपछि मलाई अलि अप्ठ्यारो लाग्यो ।" किनभने अस्पतालको ड्युटी रातदिन केही भन्न नपाइने, जतिबेला पनि खट्नुपर्ने । घरमा समय दिन नपाइने । मैले एक दिन उनीसँग भनें- "हेर्नु न म जागिरमा जान थालेपछि तपाईंले घरको काम गर्नुगर्ने भयो । रातिमा पनि तपाईंलाई एक्लै न्यास्रो लाग्छ

होला । तपाईंलाई समय दिन नसकेकोमा मलाई साह्रै दुःख पनि लागेको छ । कति बेला त लाग्छ, यस्तो घरपरिवार भन्न नपाइने जागिर छोडिदिऊँ ।"

"त्यस्तो केही अप्ठ्यारो मान्नु पर्दैन ! आखिर हाम्रो जति बेला भए पनि भेट त भइएकै छ नि । जतिबेला पनि दुईजना सँगै बस्न खोजेर पनि के गर्नु ? अब हाम्रा सन्तान पनि होलान्, तिनीहरूको पालनतालन र शिक्षादीक्षा पनि राम्रोसँग दिनुपर्ला । त्यसका लागि त समयमै विचार पुऱ्याउनुपऱ्यो नि । फेरि अहिलेको समयमा जागिर पाउन पनि कति कठिन छ । तिमीले भने पाइएको यस्तो राम्रो जागिर दुईजना सँगै बस्न पाइएन भनेर छोड्ने कुरा गछ्र्यौं । किन यस्तो कुरा गरेकी लाटी ।" उनले मलाई अँगालो हालेर भने । म पनि उनले सहज रूपमा लिएकोमा साह्रै खुसी यएँ । त्यसपछि म ढुक्कसँग जागिरमा जान थालें । ड्युटी कहिले राति पर्य्यो र कहिले दिउँसो । म ड्युटी जाँदा घरको सारा काम उनले गर्थे र नजाँदा म गर्थें ।

यसरी नै हाम्रो जीवन चलिरहेकै थियो । दुई वर्षपछि म घर हुँदा दिउँसो बाहिर जान्थे भने रातिमा म घरमा हुँदा पनि राति नै बाहिर जान्थे । उनी मसँग बोल्दा पनि झर्किन थाले र मेरो वास्ता गर्न पनि छाडे । तैपनि मैले केही विरोध गरिन । यसरी नै दिनहरू बितिरहे । त्यत्तिकैमा मेरो पेटमा बच्चा बसेछ । दुःख गरीगरी अस्पताल जान्थें भने फर्किएर घरको सबै काम भ्याईनभ्याई गर्थें । मलाई आफ्नो जागिरदेखि नै वितृष्णा हुन थाल्यो, फेरि पनि मैले आफैंलाई धिक्कार्न थालें यस्तो जागिर खएकोमा । दिन बित्दै जाँदा हाम्रो छोरो पनि जन्मियो । गजब ! उनले छोरालाई वास्ता गरेनन् । कहिल्यै छोरालाई काखमा समेत लिएनन् । मलाई त्यस्तो देख्दा साह्रै नरमाइलो लाग्यो । हुँदाहुँदा एक दिन यो मेरो छोरो होइन, जसको हो उसैकहाँ लिएर जा, अर्काको सिसोबासो मेरो घरमा नराख, तँ आफ्नै नाठोसँग गएर बस भनेर बेस्सरी पिटे । त्यसपछि सधैं त्यस्तै झगडा हुन थाल्यो । कतिसम्म सहेर बस्नु दिदी ! अति भएपछि त विस्फोट हुँदोरहेछ ।"

"जे हुनु भइहाल्यो, उसलाई पनि त्यस्तरी ल्याइसकेपछि आश्रय दिनैपऱ्यो । उसले गल्ती गरे पनि हामी महिला भएको हुनाले महिलाको जिन्दगीको ख्याल गरिदिनुपऱ्यो । उसलाई त्यसै कहाँ मिल्काउने ? त्यो पनि अब कहाँ जाओस् र अर्काको पेट लिएर ? पछि अनितालाई बोलाएर तिम्रो र यो छोराको बिचल्ली त पारे, तर के गर्नु जे परे पनि भोग्नु पर्ने ? हामी

उनीहरू जस्तो मूर्ख हुनुभएन । उता बैठक पनि बसिरहेको छ । त्यो बैठकले केही व्यवस्था गर्ला । लौ हिँड । बरु हामी पनि त्यहाँ जाऊँ र बुझौं ।"

हामी उतैतिर गयौं । बैठकमा के गर्ने कसो गर्ने भनेर निकै ठूलो छलफल भएको थियो । अनिता पनि बैठकको एक छेउमा बसेर समाजले गरेका निर्णयहरूमा चित्त नबुझ्दा पाखुरा सुर्केर कराउँथी । हामी दुईजना पनि बैठकको अर्को छेउमा गएर बस्यौं र मैले बैठकमा बसेका एकजना भलाद्मीलाई सोधें- "के निर्णय गरियो त हरिहर जी ?"

उनले आफ्नो शिरको टोपी निकालेर घुँडामा राख्दै भने- "के गर्नु र भाउजू ? यो छविको मति बिग्रिएर नगर्ने काम गरिहाल्यो । अब तिनी नयाँ श्रीमतीलाई पनि व्यवस्था मिलाइदिनै पर्‍यो । उनी शीला बिचरी झन् पीडित नै भइहालिन्, उनको पनि उचित व्यवस्था गरिदिनुपर्‍यो । जन्मिएको त्यो छोराले पनि शिक्षादीक्षा पाउनैपर्‍यो । सबैको विचार गरेर नै हामीले निर्णय गरेका छौं, तर तपाईंहरूलाई चित्त बुझ्छ कि बुझ्दैन कुन्नि ।"

मैले बैठकमा बसेका सबैको अनुहार हेर्दै भनें- "ल सुनाउनुहोस् न त तपाईंहरूको निर्णय के भयो, चित्त बुझ्दो भयो भने नमान्ने कुरा के भयो र ? शीला पनि बिहे गरी ल्याएकी पहिली श्रीमती हुन् । उनीमाथि छविले सौता हालिदिएर अन्याय गरे पनि उचित सम्पत्ति त पाउनै पर्‍यो । उसको छोराको लालनपालन गर्नै पर्‍यो ।"

त्यसपछि उनले बैठकको निर्णय सुनाए । निर्णय अनुसार दुईवटी श्रीमतीलाई एकै ठाउँ बस्न सक्ने स्थिति नभएकोले उनीहरूको जेजति चलअचल सम्पत्ति छ त्यो सबै शीला र अनितालाई आधा-आधा बाँड्ने र कुन भाग मन पर्छ त्यो शीलाले रोज्न पाउने । घर पनि आधा-आधा बाँडेर बस्ने । शीलातिरको छोरालाई पनि उसको बाबुले कहिले पनि अपहेलना गर्न पाउने छैन । उसले बाबुको जिम्मेवारी पूर्णरूपले निभाउनु पर्नेछ ।"

हरिहरले सुनाएको निर्णय सुनेपछि त्यहाँ भएका कतिपय मान्छेहरू आपसमा मुखामुख गर्न थाले । शीलाले आफ्नो ठाउँबाट उठेर हात झ्याँक्दै भन्न थाली- "अरू सबै कुरामा सहमत भए पनि म एउटै घर बाँडेर सँगै बस्न सक्तिन र मैले एक्लै यो घर लिँदाखेरि यिनीहरूलाई आधा मूल्य तिर्न पनि सक्तिन । यो घर मेरो एकलौटी हुनु पर्छ, हुनै पर्छ, किनभने यसमा सबै मेरो आफ्नो पसिना परेको छ । मेरा लोग्नेले यो घर बनाउँदा

केही खर्च गरेका होइनन् । यिनको कमाइ एक सुका पनि परेको छैन । मैले दिनरात केही नभनेर कमाएकी हुँ । उनको कमाइ त जाँडरक्सी र रन्डीमा परेको छ । तपाईंहरू नै भन्नोस्, घरमा यस्ती स्वास्नी र छोरो हुँदाहुँदै अर्की स्वास्नी ल्याउँछन् त्यो पनि तेत्रो पेट बनाइसकेर । यसको म नजिक बस्न पनि चाहन्न । आज तपाईंहरूका सामु कति साधु बनेको छ ? जब तपाईंहरू जानुहुन्छ, उसले आफ्नो असली रूप देखाउन थाल्छ । मैले आजसम्म धेरै सहेर बसें । अब त म एक दुई तीन त्यस्तो अन्याय सहनै सक्दिन । उस बेला तिमीबिना बाँच्नै सक्तिन भनेर बिहे गरेको हो । अहिले उसैले यत्रो विश्वासघात गऱ्यो । अब यसको मलाई केही आस छैन ।"

अनिताले आफ्नो कुरा राखी- "यो मान्छे घोर विश्वासघाती रैछ । यसले मलाई ढाँट्यो । घरमा स्वास्नी लाटी छ, सन्तान पनि छैनन् । अब उसबाट मेरो काम नचल्ने भो भनेर मलाई फँसायो । घरमा यस्ती राम्रो जागिर भएकी सुशील श्रीमती हुँदाहुँदै मलाई ल्यायो । यसरी आज मलाई फँसाउनेले भोलि अरूलाई नफसाउला भन्न सकिन्न । मैले पनि यस्तालाई कसरी विश्वास गरूँ ?"

अनि अनिताले शीलातिर फर्केर भनी- "मलाई माफ गर्नुस्, दिदी । मैले अनजानमा गल्ती गरेर तपाईंलाई दुःख दिएँ र म आफैं पनि फसें । अब के गर्नु, यस्तो अवस्थामा आइसकेपछि पछुतो मानेर भएन । जे भए पनि दिदी, मेरो गल्तीलाई माफ गरी यस्तो अवस्थामा पुगिसकेकी मलाई घर दिन्न नभन्नुस् । महिलाले महिलालाई नै बुझ्छन् । फेरि तपाई त यस्ती बुझेकी हुनुहुँदो रहेछ । पुरुषहरूले हामीलाई जहिले पनि यसरी नै धोका दिन्छन् । आफूले सुख पाउनको लागि मात्र हामीलाई आफ्नो अनुकूल प्रयोग गर्छन् । दिदी ! मैले तपाईंलाई नजानेर ठूलो घात गरें, तर अब कुनै दिन मैले तपाईंको चित्त दुख्ने कुनै काम गर्नेछैन । मैले यही समाजको माझमा बसेर आजैदेखि बाचा गरें ।"

अनिताको कुरा सुनेपछि त्यहाँ भएका सबैले शीलालाई सम्झाउँदै भने- "हेर शीला ! अनिताले पनि ठीकै भनेकी हुन् । उनको त्यो अवस्था भएको छ तिमीहरू दुवै महिला हौ । महिलाको पीडा महिलाले नै बुझ्नु पर्छ ।"

समाजका सबैले सुझाव दिएका हुनाले र अनिताले पनि विनम्र अनुरोध गरेकी हुनाले शीलाले पनि असहमति प्रकट गर्न सकिन । यता छवि

भने अनिताको कुरा सुनेपछि मरेको जस्तो अनुहार पारेर सबैका अगाडि लुसुक्क परेर बसेको थियो । अनिता र शीलाले आफैंमा कुरा मिलाएपछि समाजलाई पनि सजिलो भयो । उनीहरूलाई मिलेर बस्ने सुझाव दिंदै आआफ्नो घरतिर लागे ।

विहानको एघार बजिसकेको थियो । भोकले आत्तिए पनि उनीहरू सहमतिमा आएकाले म सन्तुष्ट भएर घर फर्कें ।

सोह्र

धनीकी छोरी

असार लागेको भए पनि पानी नपरेकोले निकै गर्मी र उम्को थियो । बिहान यताउता मान्छेको कल्याङ्मल्याङ्सँगै म ब्युँझिएँ । हतारहतार गर्दै ढोका खोल्दा घाम छर्लङ्ग लागिसकेको थियो । आकासमा बादल कतै थिएन । हातमुख धोएर पसल खोलें । पसलमा कोही नआएकोले म घर सफा गर्दै थिएँ । उता पर सिसौंका रूखतिरबाट एकजना मानिस मतिर हेर्दै आइरहेका थिए । मैले पनि उनलाई हेरिरहें, कताकता देखे जस्तो पनि लाग्यो, तर ठम्याउन सकिन । उनी नजिकै आएर ठिङ्ग उभिए र मलाई नमस्कार गर्दै मुस्कुराए । मैले नमस्कार फर्काएँ । मैले भनें- "यहाँलाई राम्ररी ठम्याउन सकिन नि !"

उनले आश्चर्य प्रकट गर्दै भने- "लौ तपाईंले पनि मलाई चिन्न छोड्नु भो अब होइन त ! मलाई अब कसले पो चिनोस् र ? हो ठीक हो, म कसैले चिन्न लायक पनि रहिन । 'छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेडी' भनेको यही हो । सुखका बेलामा पो सबैले चिन्छन्, दुःखका बेलामा कसैले चिन्दैन ।"

उनी केही बेर बोलिसकेपछि बल्ल मैले उनलाई बोलीबाट चिनें- "ओहो ! तपाईं मधुजी होइन ? माफ गर्नुस् । मैले तपाईंलाई बिर्सेर होइन, नचिनेर हो तपाईं साँच्ची नचिनिने हुनुभएछ । पहिलाको तपाईंको शरीर र अहिलेको शरीरमा निकै परिवर्तन भएछ । त्यस्तो मोटो मान्छे अहिले यति साह्रै दुब्लाउनु भएको छ । त्यसमाथि तपाईं दाह्री पालेर साधु जस्तै हुनु भएको छ अनि कसरी झ्याप्पै चिन्नु त ? तपाईंलाई मैले नदेखेको पनि त निकै समय भइसक्यो होइन र ?"

खल्तीबाट रुमाल निकालेर पसिना पुछ्दै उनले भने- "भेट नभएको त भयो चार वर्ष, तैपनि मैले आफ्नो अनुहार त कसैसँग साटेर आएको छैन नि । यसरी आफ्नै मान्छेले नचिनेपछि के गर्ने ल भन्नुस् त ?"

मैले एउटा गुन्द्री ल्याएर पेटीमा राख्दै भनें- "ल मधुजी, यता बसौं न कति उठीउठी कुरा गर्ने । यहाँ बसेर भन्नुहोस् तपाईंलाई के त्यस्तो परेको छ ।"

गुन्द्रीमा बस्दै उनले भने- "खै के भनौं दिदी, दशा लागेपछि केके हुन्छ केके । म त अहिले एकदम अप्ठ्यारोमा परेको छु । तपाईं महिलाहरूले केही गरिदिनु पर्‍यो । हुन त तपाईंहरूले महिलाहरूलाई परेका समस्या मात्र हेर्नुहुन्छ क्यारे ...!"

"पहिले भन्न त भन्नुस् ! तपाईंलाई कस्तो समस्या परेको हो । हामीहरूले गर्न सक्ने भए गरौंला । नत्र केही उपाय बताइदिउँला ।" मैले आग्रह गरें ।

उनले लामो सास फेर्दै भने- "मैले सीतासँग बिहे गरेको त तपाईंले पनि थाहा पाउनु भएको होला । ऊ त्यस्ता धनी हर्खरामकी छोरी, साह्रै चन्चले थिई । ऊ र म सँगै पढ्थ्यौं । एस.एल.सी. पास भएपछि पनि हामी एउटै क्याम्पसमा पढ्न थाल्यौं । एकैतिरका भएका हुनाले हामीहरू क्याम्पसमा जानेआउने पनि सँगै गर्थ्यौं । उसले बिस्तारै मतिर झुकाव राख्न थालेकी थिई । ऊ मसँग जति बेला पनि सँगै हिँड्न खोज्थी । साथीहरूले हामीलाई जिस्काउन थाले, तैपनि ऊ छुट्टिन मान्दिनथी । मलाई भने ऊ मतिर लहसिन खोजेको मन पर्दैनथ्यो । ऊ धनीकी छोरी र म सामान्य किसान परिवारको छोरा । बिहे गर्न स्तर नमिल्ने भएपछि क्षणिक मनोरञ्जन मात्र गर्न मेरो मनले मान्दैनथ्यो । त्यसैले ऊ नजिक हुन खोज्दा र मायाको प्रस्ताव राख्दा मैले धेरैपटक अस्वीकार पनि गरें, तर ऊ भने जति सम्झाउँदा पनि मबिना बाँच्नै सक्दिन भनेर रुने कराउने गर्थी । त्यस्तैमा हाम्रो आई.ए.को परीक्षा पनि सकियो । हामी दुबै पास भयौं ।

एक दिन बाबाले भन्नुभयो- "छोरा मधु ! म अब बूढो पनि भएँ त्यसमाथि दमको रोगी । केही काम गर्न पनि सक्तिन, यो दमको बिमारले कति बेला लैजान्छ केही ठेगान हुँदैन । अब तैंले आई.ए. पूरा गरिस्, यसभन्दा माथि पढाउन मेरो तागतले भेट्दैन । तँ सबैभन्दा जेठोबाठो, यी भाइहरूलाई अब तैंले नै पढाउनु पर्ने भयो । त्यसैले अब एउटा जागिर खोज । आमा पनि बेलैमाथि रोगाई । के गर्नु बाबै ! आआफ्नो लेखा । उसको पनि पाठेघर तल खसेकोले रातदिन रगत बगिरहन्छ । राम्रोसँग उपचार पनि गर्न सकिएन, उसले असाध्यै दुःख पाएकी छे । तिमीहरूले समयमै कमाउन सकेछौ भने हाम्रो उपचार पनि हुन्थ्यो होला । नत्र यसै सडेर मरिनेछ । हाम्रो उपचार गर्न नसके पनि तिमीहरूले आफ्नो गुजारा राम्रोसँग चलाउन सक्ने भयौ भने

पनि हामीलाई सन्तोष हुने थियो । हाम्रो त अब के भर छ र अस्ताउन लागेका डाँडामाथिका जून ।" उहाँले लामो सुस्केरा हाल्नुभयो । मैले बाबाको कुरालाई आत्मसात् गरें र बि.ए. पढ्ने इच्छाको बिट मारिदिएँ । जागिर खोज्ने प्रयास त गरें, तर कतै राम्रो जागिर नपाए पछि म घरको खेती किसानी काममा लाग्न थालें । मैले घरमा भएको दूध बजारमा लगेर बेच्न थालें । घर-व्यवहार मेरो थाप्लोमाथि पऱ्यो । मैले भाइहरूलाई सक्दो पढाउने विचार गरें । उता सीता भने बि.ए. पढ्नका लागि क्याम्पसमा भर्ना भइछ । म क्याम्पस नगएपछि ऊ एक दिन हाम्रो घरैमा आएर सोधी- "मधु, तिमी किन क्याम्पस पनि जाँदैनौ ? मैले यतिका दिनसम्म तिम्रै बाटो हेरिरहें, तर तिमी त कहिलै गएनौ । भन त किन नगएको ? कति धेरै पढाइ भइसक्यो ।"

मैले भनें- "मैले हापें, सीता ! अब म भाइहरू पढाउँछु । मैले काम गरेर, घर व्यवहार समालेर यिनीहरूलाई पढाउनु पर्छ । बाआमा रोगी हुनुहुन्छ र हामी सम्पन्न पनि छैनौं मन लागे जति पढ्नलाई ..."

उसले अनुहार खुम्च्याउँदै भनी- "तिमी पढाइमा तेज भएर पनि यत्तिकैमा छोडिदिने ? आफूलाई एकदुई दिन नदेख्दा पनि कस्तो हुन्छ । तिमी पढ्न नगए त म पनि क्याम्पस जाँदिन । हिँड बरु मैले नै तिम्रो क्याम्पसको शुल्क तिरिदिउँला ।"

मैले हाँस्दै भनें- "तिमीले कस्तो कुरा गरेकी ? म नगएर के भो त, तिमी जाऊ र राम्रोसँग पढ । कसैले आफ्नो परिस्थितिले गर्दा पढ्न छोड्छ भने तिमीले हावामा पढ्न छोडिदिने कुरा गर्न सुहाउन्न । मलाई पढ्ने खर्च जुटाउने समस्या छ । तिमी आर्थिक अभावबाट मुक्त छौ । त्यसैले अरू दायाँबायाँ नसोचीकन मिहिनेत गरेर पढ । फेरि तिमीले मेरो शुल्क तिरिदिने कुरा गऱ्यौ । तिम्रो आफ्नो कमाइ होइन, बाआमाले तिम्रो लागि पो खर्च दिन्छन्, तर मेरो लागि कसरी माग्छ्यौ ? अनि म तिम्रो आश्रित भएर कसरी जिउन सक्छु ? मेरो आश्रयमा बस्ने मेरा भाइहरू र बाआमालाई कसले पाल्छ ? त्यसैले यस्तो बहकिएको कुरा नगरी केही नसोची खुरुखुरु पढ्न जाऊ ।"

ऊ मसँग रिसाए जस्तो गरी हिँडी । म पनि आफ्नो दैनिक कार्यमा जुटें । ऊ कहिलेकाहीँ मलाई भेट्न घरमा आउँथी भने कहिले बाटोघाटोमा हाम्रो भेट हुने गर्थ्यो । भेटमा ऊ जहिले पनि मबिना आफू बाँच्नै नसक्ने कुरा सुनाउँथी र रुन्थी । मैले उसलाई जहिले पनि हाम्रो स्तर मिल्दैन, तिम्रा

बाआमाले पनि स्वीकार्नु हुन्न भनेर सम्झाउने गर्थें, तर उसले आफ्नो हठ छोडेकी थिइन ।

एक दिनको कुरा हो म दूध बेच्न बजार जान थालेको थिएँ । उसले बाटोमा मलाई पर्खेर बसेकी थिई । मलाई देख्नासाथ खुसीले प्रफुल्ल हुँदै उसले भनी- "मधु तिमीसँग एउटा महत्त्वपूर्ण कुरा गर्नु छ । त्यसैले मलाई एकछिन समय देऊ । दूध पुऱ्याउन आधा घन्टा ढिलो गएर केही हुँदैन ।"

मलाई उसको कुरा सुनेर कताकता मनभित्र चिसो पस्यो । अब यसले के भन्ने हो भनेर म डराउन थालें । मैले भनें- "कस्तो महत्त्वपूर्ण कुरा हो भन न त । छिटो भन । मलाई यहाँबाट फर्केर पनि घरमा धेरै काम गर्नु छ ।"

उसले मलाई बाटोको छेउमा बस्ने आग्रह गर्दै भनी- "हेर, अब हामीले तुरुन्तै बिहे गर्नुपर्नेभो । घरमा मलाई बिहे गरिदिने कुरा चलेको छ । यसैले कोही माग्न आउनेभन्दा अगाडि नै हामीले बिहे गर्नुपर्छ । यदि ढिलो भयो भने हामी दुईको बिहे सम्भव छैन । त्यसैले जति सक्यो छिटो हामीले बिहेको बन्दोवस्त गर्नु पर्छ । म तिमीलाई त्यही सुनाउनको लागि बिहानैदेखि यहाँ कुरेर बसेकी हुँ ।"

म छाँगाबाट खसे जस्तै भएँ । उसको यो आवेशपूर्ण निर्णयलाई कसरी नियन्त्रण गरूँ ? मैले केही सोच्नै सकिन । मलाई सबै जमिन घुम्न थालेको अनुभूति भयो । मनमनै सोचें- "हे भगवान् ! आज मलाई के यस्तो आपत् आइलाग्यो । यसलाई म कसरी पार लगाऊँ । न त मेरो घरमा बिहे गर्न सक्ने अवस्था नै छ, न त उसको र मेरो स्तर नै मिल्छ । मलाई भित्रैदेखि रिस उठेर आयो र झपार्दै भनें- "सीता, तिमी पागल त भइनौ ? बिहे भन्ने कुरा पनि खेलबाड सम्झन्छ्यौ ? एक त तिम्रो र मेरो बीचमा कहिले नमेटिने खाडल छ धनी र गरिब बीचको, दोस्रो मेरा बाआमा बिरामी छन् र भाइहरू पनि मेरै आधारमा बाँचेका छन् । यस्तो स्थितिमा मैले कसरी बिहे गर्न सक्छु । हाम्रो बिहेलाई समाजले नै स्वीकृति दिँदैन । हामी बिहे गरेर यही ठाउँमा रहन सक्दैनौं र कहीं जानको लागि मैले घर छोड्न मिल्ने अवस्था छैन । ... तिमी त्यति धनी परिवारमा जन्मेकी सुखसयलमा हुर्केकी । सक्छ्यौ तिमीले हाम्रो जस्तो कठिन जिन्दगी गुजार्न ? हामी कहाँ वर्षभरि खान पुग्ने जमिन छैन । अर्काको घरमा समेत काम गनुपर्ने स्थिति छ । बाआमा त्यस्ता रोगी छन्, तिमीले सक्छ्यौ उनीहरूको सेवा गर्न ?"

उसले हुँदै भनी- "बिन्ती त्यसो नभन । म जे पनि गर्न तयार छु, तर तिमीसँग छुट्टिएर रहन सक्दिन । तिम्रा बाआमा मेरा पनि बाआमा हुन् । मैले उनीहरूको सक्दो सेवा गर्नेछु । तिमीहरूले गर्ने दुःख गर्न म तयार छु । जेजस्तो खान्छौ त्यस्तो खान तयार छु । तिम्रा भाइहरू मेरा पनि भाइहरू हुन् । उनीहरूको पढाइमा सकेको सहयोग गर्नेछु । त्यसैले तिमीले मेरो प्रस्ताव अस्वीकार नगर । नत्र म अरूसँग बिहे गर्नुभन्दा भीरबाट हाम फालेर मर्छु । तिमी बिना म यो संसारमा रहन सक्दिन ।"

ऊ डाँको छोडेर रुन थाली ।

मैले उसलाई सम्झाउँदै भनें- "त्यसो भए बिहेपछि हामी यहाँ बस्न सक्दैनौं । हामी नभएपछि बाआमा र भाइहरूले कसको कमाइ खान्छन् र उनीहरूको हेरविचार कसले गर्छ ? बाआमा त्यस्ता बिरामी छन् ।"

उसले तुरुन्तै थपी- "बिहेपछि केही समयसम्म हामी इन्डिया जाउँला र दुवैले काम गरेर घरमा पैसा पठाइदिउँला । पैसा भएपछि यहाँ पनि केही समस्या नपर्ला । बाआमाको रेखदेख हेरविचार गर्न भाइहरू छन् । पैसा भएपछि उनीहरूले बाआमाको हेरविचार गरेर पढ्न पनि सकिहाल्छन् । स्थिति केही साम्य भएपछि गाउँमा आउँला । सधैंभरि बाआमाले पनि अस्वीकार गर्न सक्दैनन् । तिमीले आँट्यौ भने हुन्छ ।"

मैले उसलाई फेरि बाचा गराएँ- "तिमीले हाम्रो परिवारको दुःख बुझेर मलाई साथ दिन्छ्यौ त ? गरिब भनेर मेरा बाआमालाई कहिलै घृणा त गर्दिनौ त ? यदि त्यसो गऱ्यौ भने मलाई सह्य हुनेछैन ।" मैले उसलाई एकपटक अझै राम्रोसँग विचार गर्न भनेर घर जाने सल्लाह दिएँ र म पनि बजारतिर लागें ।

दिन बित्दै गए । मैले आफ्नो काम पनि गरिरहेकै थिएँ, तर मनमा खुसी र ज्यानमा जाँगर केही थिएन मलाई । बाआमाको चिन्ताले निकै सताउन थाल्यो । सोचें- "म नै नभएपछि बाआमा कसरी बस्नुहोला । मैले राम्रो काम गर्न लागेको छैन । यस स्थितिमा मैले सीतालाई लिएर हिँडें भने उहाँहरूले के भन्नुहोला ? जेठोबाठो छोराले नै यस्तो गरेपछि उहाँहरूको मन कस्तो होला ?" तैपनि म विवश थिएँ त्यसो गर्न । उसले नस्वीकारे आत्महत्या समेत गर्छु भनेकी थिई । मैले बाआमासँग त भन्न सक्ने कुरै थिएन ।

भाइहरूलाई सबै कुरा बताएँ र उनीहरूलाई सम्झाएँ- "हामी दुबैले काम गरेर यहाँ पैसा पठाउँछौं । तिमीहरूले काम गर्नुपर्दैन, राम्रोसँग पढे

मात्र हुन्छ । बिरामी बाआमाको राम्रोसँग स्याहार गरे । केही समयपछि हामी फर्किहाल्छौं । बाआमालाई राम्ररी बुझाउनू । तिमीहरूलाई यहाँ पैसाको खाँचो पनि हुनदिने छैनौं ।"

त्यस दिन साँझ खाना खाई हामी सुतिसकेका थियौं । राति दस बजेतिर सीताले मलाई झ्यालबाट बिस्तारै बोलाई । म बाहिर निस्किएँ । उसले ठूलो झोलामा लुगाफाटो हालेर आएकी थिई । उसले आफू घरबाट निस्केर आएको कुरा बताई । साथै आफूले पचास हजार रुपैयाँ र बाआमाका गहनाहरू पनि ल्याएको कुरा गरी । त्यसपछि उसलाई त्यहाँ राख्न पनि मिलेन । मैले भाइहरूलाई सुटुक्क बोलाएर सबै कुरा सुनाएँ । उनीहरूले हामीलाई त्यहाँबाट हिँड्ने स्वीकृति दिए । सीताले आफूले ल्याएको पचास हजारबाट पन्ध्रहजार निकालेर मेरो माहिलो भाइको हातमा राखिदिई ।

उसले मतिर हेर्दै भनी- "ल हिँड्नुस् अब छिटो जाऊँ । ढिलो गरेर काम छैन ।"

मैले केही सोच्न सकिरहेको थिइन । तैपनि म पनि तयार भएँ । भाइहरूसँग बिदा भएर सीता र म निस्कियौं । त्यस राति हामी गाउँबाट तल झरेर पाखातिर बसिरह्यौं र भोलि बिहान झिसमिसे उज्यालो भएपछि इन्डियाको लागि प्रस्थान गऱ्यौं । एक घन्टा हिँडेपछि गाडी चढ्ने ठाउँ आयो र हामी गाडीमा चढ्यौं । बाटोभरि नै मलाई कुनै किसिमको उत्साह र खुसी थिएन । बरु भित्रभित्रै म चिन्ताले पिरोलिएको थिएँ । सीता भने ठूलो युद्ध जितेजस्तै खुसी र उल्लसित भएकी थिई ।

दुई दिनपछि हामी लखनऊ पुग्यौं । त्यहाँ हामीले यताउता डुलेर काम खोज्यौं, तर राम्रो काम केही पाइएन । डेरा खोजेर बस्यौं । केही समय त सीताले घरबाट लगेको पैसाले खाने बस्ने गरियो, तर पैसा सिद्धिइसकेपछि हामी होटेलमा भाँडा माज्ने र पकाउने काममा लाग्यौं । केही समयसम्म हामीले निकै दुःख गरेर भए पनि पैसा कमाएर अलिअलि घरमा पनि पठाइदियौं । राम्रो काम त कति गर्दा पनि पाउन सकिएन । हामीलाई त्यहाँको खर्च टार्न पनि गाह्रो पर्न थाल्यो ।

यसो गर्दागर्दै दुई वर्ष बितिसक्यो । हामी घर फर्किन पनि सकेनौं अलिकति पनि पैसा नकमाईकन रित्तै घर आउन पनि भएन । एउटा छोरा जन्मियो । हामी कामको खोजीमा भौंतारिइरहन थाल्यौं । एक दिन कामको

खोजीकै सिलसिलामा हाम्रो गाउँका एकजना दाइसँग भेट भयो । उनले हाम्रो बारेमा सबै सोधे र हामीले पनि सबै बतायौं । ऊसँग हामीले काम खोजिदिन पनि आग्रह गर्‍यौं । उनले हामीलाई आश्वासन पनि दिए ।

केही दिनपछि उनले सीताका लागि आफ्नै अफिसमा र मेरा लागि बाल्टी कारखानामा काम लगाइदिए । हाम्रो छोरो पनि हुर्किंदै गयो । छोरो एक वर्षको भयो । त्यसपछि मैले सीताको व्यवहारमा परिवर्तन पाउन थालें । उसले आफूले कमाएको पैसा खर्च गर्न र मलाई देखाउन छोडी । मसँग निहुँ खोजेर झगडा गर्न थाली र छोराको पनि वास्ता गर्न छोडी । ऊ सधैं रातिराति आउने र मलाई कङ्गाल भनेर तथानाम गाली गर्ने र जे पायो उसैले हिर्काउने पनि गर्न थाली । त्यसपछि त मैले एक्लै कमाएको पैसाले त्यहींको खर्च टार्न मात्र ठिक्क भयो । घरमा पठाउन पुगेन । मलाई घरतिरको पनि निकै चिन्ता लाग्न थाल्यो । उता छोराको स्याहार मैले मात्र गर्नुपर्ने भयो । यस्तै गरी अर्को एक वर्ष पनि त्यो । मलाई पछुतो भयो, उसलाई बिहे गरेर घर छोडेकोमा । म घर फर्किइहाल्न पनि सकिन । के भनेर मुख देखाउने जस्तो लाग्यो । भित्रभित्रै आफ्नो पीडा दबाएर म छटपटिन थालें ।

एक दिनको कुरा हो म कामबाट आएर खाना पकाएर छोरालाई खुवाइईबरी सुताएँ र सीता आएपछि सँगै खानु पर्ला भन्ने सोचेर बसिरहें । रातको दस बज्यो, एघार बज्यो, तर ऊ आइन । म मनमा अनेक कुरा खेलाउँदै नखाईकनै बिछ्यौनामा पल्टिइरहें । रातको बाह्र बजिसकेपछि सीता त्यही सुमनसँग आई र बाहिरबाट उसलाई पठाइदिई । ऊ रक्सीले ढुनमुनिदै बरन्डामा आएर पल्टिई । मैले उसलाई भित्र लगेर सुताएँ । धेरै बेरपछि ऊ जागी र मैले गुनासो राखें–

"मलाई त्यति गरेर घरबाट निकालेर लिएर हिँड्यौ र आज तिमीले आफ्नो असली रूप देखायौ होइन सीता ? यस्तो गर्नु थियो भने त्यति बेला तिमीबिना बाँच्न सक्दिन भनेर किन नाटक रच्यौ ? तिम्रा निम्ति मैले आफ्नो कर्तव्य लत्याएँ । तिमीले मेरो सर्वस्व पार्‍यौ र आज मलाई मानसिक यातना दिएर सहन नसक्ने बनायौ । आखिर किन मलाई यस्तो सजाय दिइरहेकी छौ ? तिम्रो नाममा म रातदिन तड्पिएर बस्ने, तिमी भने जहिले पनि त्यही सुमनसँग नारिएर हिँड्न थाल्यौ र हुँदाहुँदा रक्सी खाएर यस्तो हालत गर्न थाल्यौ ।"

मेरो मनको बाँध टुटेर आयो । आँखाबाट आँसु बर्सिन थाले ।

उसले एकछिनसम्म निर्जीव बनेर म रोएको हेरिरही र भनी- "तँ ढुटेको छोरासित मलाई अब बस्नु छैन । मैले सुमनसँग बिहे गर्ने विचार गरिसकें । तेरो र मेरो अब कुनै सम्बन्ध बाँकी छैन । तैंले आफ्नो त्यो छौंडो पनि लिएर जा, जेसुकै गर । मैले जेसुकै गरे पनि र जे खाए पनि तैंले टाउको दुखाउनु पर्दैन । म त्यस्ती धनीकी छोरीलाई के गरी राखुँला भनेर ल्याएको थिइस् । तैंले कसरी मलाई तँजस्ता कङ्गालसँग जिन्दगीभरि साथ दिन्छे भन्ने सोच्न सकिस् र मसँग आइस् । तैंले त्यतिबेलै ठूलो भुल गरिस् अब पछुताएर काम छैन । अब मलाई शिक्षा दिनुको सट्टा आफ्नो बाटो लाग् ।"

उसको कुराले म निकै आवेशमा आएँ र उसलाई एक झापड हानें । उसले गाली गर्दै मलाई स्टोभमाथि राखेको भातको कुकर टिपेर टाउकोमा हानी । मेरो टाउकाबाट रगतका धारा लागे । मैले उसलाई अब जति गरे पनि सम्झाउन नसकिने ठानेर चुप लागेर टाउकोबाट झरेको रगत पुछ्दै बसें । उसले फेरि मलाई लात्तीले पनि हानी । अर्काको देशमा अरूलाई थाहा दिएर पनि केही नहुने ठानेर एक शब्द पनि नबोली बसिरहें । ऊ रक्सीले मातेकी हुनाले एक छिनपछि फेरि भुइँमा पल्टिई र त्यहीं निदाई । म छोरालाई काखमा लिएर रातभरि जागी बसें ।

अर्को दिन बिहान आठ बजेसम्म पनि ऊ उठेकी थिइन । मैले खाना बनाएर छोरालाई खुवाएँ । हिजोदेखि केही नखाएको भए पनि मलाई खाना खाने मन लागेको थिएन । छोरालाई लिएरै काममा जान थालेको थिएँ । त्यत्तिकैमा सुमन आयो । भुइँमा पल्टिएकी सीतालाई हल्लाउँदै बोलायो- "सीता ! ए सीता ! किन यस्तो भुइँमा पल्टेकी ?"

ऊ उठी र बाहिर गई । सुमनले मतिर छड्के आँखाले हेर्दै भन्यो- "के हो मधु, सीता यस्तामा पल्टिँदा पनि तैंले वास्ता गरिनस् ?"

मलाई उसको केही उत्तर दिन मन लागेन । म चुपचाप छोरालाई कपडा लगाइदिन थालें । त्यतिकैमा सीता बाहिरबाट आई । छोरातिर हेर्दै भनी- "अब यो तेरो आफ्नो बाहानलाई लिएर गए हुन्छ । बरु छिटो निस्किहाल ।"

मलाई भाउन्न भएर आयो । जति कन्ट्रोल गर्न खोज्दा पनि सकिन र म एक्कासि चिच्याएँ- "सीता ! अब अति भइसक्यो । तैंले मलाई धेरै भनिसकिस् र टाउको पनि फुटालिदिइस् । अब केही बाँकी राखेकी छैनस् तैंले ।"

उसले सुमनतिर हेरेर भनी- "हेर सुमन अब यसलाई कसरी निकाल्ने हो । यसले मलाई हिजो राति कुट्नसम्म कुट्यो । त्यसैले म त्यस्तो भुइँमा पल्टिएकी हुँ । जे गर्नु पर्छ गर । यसलाई मैले एकछिन पनि यहाँ देख्न सक्दिन ।"

सीताको कुराले उसलाई के खोज्छस् काना आँखो भने झैं भयो र ऊ ममाथि झम्टिन आयो । मैले उसलाई पन्छाउन खोजें । उनीहरू दुबै लागेर मलाई लात्तै-लात्ताले हिर्काए र मरणासन्न गराएर छोडे । छोरो रोइरहेको थियो । उनीहरू त्यहाँबाट निस्किए । मैले छोरालाई फकाउन थालें । त्यस दिन काममा जाने कुरा भएन । दिनभरि नै त्यहीं सुतिरहें ।

मैले आफ्नो भाग्यलाई धिक्कार्दै त्यही छोरालाई स्याहार गर्दै बसें । दिन बित्दै गए । सीता चार दिनसम्म पनि आइन । पाँचौं दिनको बिहानै उनीहरू दुबैजना आए र मलाई गाली गर्दै तुरुन्त कोठा छोड्न भने । साथै उनीहरूले त्यस कारखानामा पनि मलाई काम गर्न नदिने कुरा सुनाएँ । म एकछिन अलमल परें । छोरो सुतिरहेको थियो ।

मैले आफ्ना र छोराका लत्ताकपडा खोज्दै भनें- "पल्नुस् सुमनजी ! छोरो सुतिरहेको छ । त्यतिन्जेल मैले हाम्रा सरसामान ठीक पार्दै गर्छु अनि छोरो उठेपछि कोठा खाली गरिदिन्छु ।"

उसले छोरो र मेरा कपडा बाहिर फालिदिंदै भनी- "गैहाल एकछिन पनि यहाँ बस्न मिल्दैन । हामीले बिहा गरेर आइसक्यौं । तेरा बाबु-छोरालाई एक मिनेट पनि यो कोठामा बस्ने अधिकार छैन ।... आफ्ना लुगा बाहेक अरू केही सामान लैजान पाउँदैनस् । तेरा छोराको निद्रा पुऱ्याउन जरुरी पनि छैन । निक्ली !"

सुमन बिहेका फोटा हेरिरहेको थियो ।

मैले सीतासँग अनुरोधको स्वरमा भनें- "म पनि तिमीहरूको अगाडि एकछिन पनि बस्दिन । म निस्कन थालिसकें, तर तिमीलाई छोडेर एक्लै जाँदा मलाई अप्ठ्यारो पर्छ । त्यसैले बिन्ती छ एउटा चिठी लेखिदेऊ र तिमीहरूका बिहेका केही फोटाहरू पनि देऊ ।"

उसले आँखा तर्दै भनी- "पर्दैन चिठीसिठी लैजान र फोटो पनि चाहिँदैन । कसैलाई अप्ठ्यारो परोस् कि सजिलो परोस् हामीलाई के मतलब ?"

सुमनले कर गरेपछि उसले चिठी लेखी र फोटो पनि त्यसै चिठीमा हालेर मेरो मुखमा हान्दै फालिदिई । मैले त्यो चिठी र फोटो लिएर झोलामा

राखें । पछाडि झोला भिरें र अगाडि काखमा छोरालाई उचालेर त्यहाँबाट बाटो लागें ।

दुई दिनसम्म गाडीमा बस्दा अनेक कुराहरू सोचिरहें । तेस्रो दिन बिहान म हाम्रो गाउँ नजिकैको स्टेसनमा आइपुगें र गाडीबाट झरें । मलाई आफू रित्तो भएको महसुस भयो । चार वर्षपछि गाउँमा फर्कंदा पनि कुनै खुसी लागेन । भावना शून्य भएको थिएँ म । म बाबु-आमालाई भेट्न आतुर थिएँ । छोरालाई बोकेर म उकालो लागें, जुन बाटोबाट म चार वर्षअगि सीताको साथमा रातिराति ओरालो झरेको थिएँ ।

मैले चार वर्ष अगिको घर छोड्दाखेरिको आफ्नो अनुभूति सम्झिएँ र चार वर्षपछिको घर फर्कंदाखेरिको आफ्नो मनस्थिति दुबैलाई दाँजेर हेरें । मैले कुनै तात्त्विक अन्तर पाइन । दुवै अवस्थामा म भावना शून्य भएँ । ममा कुनै किसिमको खुसी र उत्साह थिएन । म घरमा आएपछि मात्र बा-आमाको मृत्यु भएको नौ महिना भएको थाहा पाएँ । नौ महिना अगाडि दस दिनको अन्तरमा उहाँहरूको मृत्यु भएको रहेछ । धेरै रगत बगेकोले आमाको मृत्यु भएछ र बाबा पनि आमाको मृत्युको शोकले गलेर बित्नुभएछ । बा-आमाको मृत्युको खबरले ममा अर्को बज्र पऱ्यो । मैले आफूलाई अझै खोक्रो भएको पाएँ ।

त्यसपछि म काज किरियातिर लागें । आमाको उपचारको लागि खोजेको पैसा तिर्न नसकेर त्यही सुमनको बाउ आएर किरिया बसेकै बेलामा घर छोड्न भन्यो । मैले उसलाई सम्झाएर पठाएँ । भाइहरूले पनि पैसाको अभावले गर्दा पढ्न छोडिसकेका रहेछन् । उता म गाउँमा एक्लै आएको थाहा पाएर सीताका बा-आमा र आफन्तहरू आएर ममाथि आरोप लगाए । मलाई सबैले कुट्नसम्म कुटे । मैले सीताले लेखेको चिठी र फोटो दिएपछि बल्ल जुन काठको बोक्रो उही काठमा लाग्यो भनी रमाए ।"

उनले आफ्नो कहानी सुनाएपछि मैले उनलाई सम्झाउँदै भनें- "पीर नगर्नुस् मधुजी । बितेको कुरालाई सम्झिएर आफूलाई दुःख दिनुहुँदैन । बाँकी जीवनलाई सुखी बनाउने कोसिस गर्नुस् ।"

उनले आँसु पुछ्दै भने- "म धनीकी छोरी सीताबाट लुटिएँ दिदी ! मेरो सर्वस्व भयो । उसैले गर्दा म त्यस्तो अवस्थाका बा-आमालाई छोडेर मुग्लान पसें । म हिँडेपछि मेरो घरको पनि बेहाल भयो । आफ्ना बाबु-आमाको मृत्युको खबरसमेत समयमा पाउन सकिन । बा-आमा पनि मलाई देख्ने घिट्किसो

पनि पूरा नभई मर्नुभयो । भाइहरूको पनि पढाइ चौपट भयो । म त बिग्रिएँ-बिग्रिएँ । मैले गर्दा परिवारमा कसैलाई शान्ति भएन । सोभ्रा भाइहरूलाई देखेर सुमनको बाउले समयमा पैसा तिर्न नसकेको निहुँ पारेर घरजग्गा सबै कब्जा गर्न खोज्दैछ । भएको त्यति घर जग्गा पनि त्यसको जिम्मा लगाउन परेपछि यी भाइहरू र मेरोसमेत के हाल हुने हो ? अब म के गरूँ दिदी ? छोरालाई कसको भरमा छोडेर काम गर्न जाऊँ । नकमाए कसरी साहूको रिन तिर्ने ? लौ न दिदी ! मलाई केही उपाय बताइदिनुस् । म सीताका माइतीहरूबाट पनि निकै अन्यायमा परेको छु । अहिले मलाई आड दिने कोही छैन ...।"

उनी हुँक्क-हुँक्क गर्दै रुन थाले । म सोचमग्न भएँ ।

जेल चलान

असारको महिना चारपाँच दिनदेखि झरी परिरहेको थियो । गाउँलेहरूको धान रोप्ने धमाधम थियो । हाम्रो खेतमा पनि रोपाइँको तयारी हुँदै थियो । खेतमा जोत्ने, खन्ने, आली लगाउने र पानीको व्यवस्था भइरहेको थियो । दिउँसो दुई बजेतिर खेतालालाई खाजा लिएर म खेततिर लागें । पानी परिरहेको भए तापनि भिजेको महसुस कसैले गरेको थिएन । सबै उमङ्गका साथ आ-आफ्नो खेतको काम गर्न तल्लीन थिए ।

खाजा दिएपछि म काम गर्न थालें । काम गर्दागर्दै कति बेला साँझ परेछ, मलाई थाहै भएन । एक्कासि "घर जाने बेला भएन बज्यै" भनेको आवाजले म झसङ्ग भएँ । त्यो आवाज हाम्रै हलीको थियो । ऊ हलो जुवा खोलेर गोरु खेद्दै घरतिर जान थालेको थियो । अरू खेताला पनि घर जाने तयारी गर्दै थिए । बरपर आँखा लगाएँ, त्यहाँ कसैले पनि काम गरेका थिएनन् । सबै सुनसान भइसकेको थियो । मैले हातखुट्टा पखालें र भाँडाकुडा बटुलेर कुटुरो पारी घरतिर हिँडें ।

घाम अस्ताइसकेका थिए र बादल डम्म लागेकाले झमक्क अँध्यारो भइसकेको थियो । म जुकेखोलाको किनारै किनार बाटो लागें । केहीबेर हिँडेपछि म खोलाको पुलनिर आइपुगें । कताकता मानिस गुनगुन गरेको सुनियो । यताउता हेरें । कोही देखिएन र सरासर हिँड्न थालें । रोएको जस्तो आवाज सुनियो । मेरो मुटुले ठाउँ छोड्न थाल्यो । हेर्दा कतै केही कोही देखिँदैन, तर यो आवाज कसरी आयो ? म झन् डरले काम्न थालें । मनमा चिसो पस्न थाल्यो, "कतै भूत पो हो कि ! के ठेगान यो खोलाको किनार, कहिलेकाहीँ मरेका मानिस यसै बाटो बोकेर लिएर जान्छन् ।" म डराउँदै छिटोछिटो पाइला चाल्न थालें । पुलमा खुट्टा मात्र के राखेकी थिएँ पुलतलबाट एउटी महिलाको आवाज आयो- "लौ न, गुहार ! गुहार ! यसले मलाई मार्ने भो" । मैले मेरो बच्चा मार्न दिन्न । त्यतिबेला के भनेको थिइस् ? छोड् पापी ! मलाई छोड् ! म पनि समाज राखेर कुरा गर्छु नि ।"

फेरि पुरुष आवाज आयो- "ए बेस्से, बढ्ता न हो । म तँलाई यहीँ मारेर फालिदिन सक्छु । अनि बोलाउलिस् समाज । के भन्ठानेकी छस् । यत्रो

समाजको अगाडि मैले दमेनी भित्र हुलुँला के ? बरु तलाई दस हजार रुपियाँ दिन्छु । कुनै दमै टिपेर जा ! फेरि यो गर्भ मेरो हो भन्ने के प्रमाण छ तँसित ? दमेनी भएर बाहुनका घरमा बस्छु भन्ने तेरो तेत्रो आँट ! मेरा बाआमाले मलाई के भन्लान् ? हुन्छ भने खुरुक्क दस हजार समात् । हुँदैन भने तँलाई मारेर यही खोलामा पुरपार पारेर जान्छु । कसलाई के थाहा हुन्छ ? कता गई कता ।"

फेरि उही महिलाको रुन्चे स्वर आयो- "ए पापी ! अधर्मी ! उतिबेला के भनेको थिइस् ? बिर्सिइस् ? समाजदेखि डराउने छैन, हाम्रो मन मिलेपछि कसले के गर्छ ? हामी जस्तैले हो समाज बदल्ने भनेको होइनस् ? बाबुआमाको पनि मलाई केही परवाह छैन भनेर तेरो त्यो कुहेको मुखबाट भनेको होइनस् ? आज कुन थुतुनाले फेरि दमेनी र बाहुनको कुरा गर्छस् ? तैंले के ठानेको छस् आफूलाई ? तँ बाहुन भएकोले समाजमा तेरो इज्जत हुने र म दमै भएकोले मेरो इज्जत नहुने ?"

एकछिन रोकिएर चेतावनीको स्वरमा उसले फेरि भन्न थाली- "दस हजार त के दस लाख दिए पनि मान्दिन बुझिस् ? तेरो यो गर्भ कसले स्याहार्छ ? बडो दमेनी भन्दो रहेछ । उतिखेर दमेनी भइन । तेरै घरमा गएर अंश चिरेर बस्छु, होइन भन्छस् भने म चौकीमा गएर रिपोर्ट गर्छु । दमेनी भए पनि आफ्नो लोग्नेको सत्मा बस्न चाहन्छु । छोड्, छोड् म अहिल्यै जान्छु चौकीमा ।"

त्यसपछि एक छिन दुवै चुप भएर फेरि केके फलाक्न थाले । धेरै कोसिस गर्दा पनि मैले उनीहरूको बोली चिन्न सकिन । अँध्यारो झमक्कै भइसकेकोले धेरै समय त्यहीं बसिरहने कुरै भएन । म त्यहाँबाट छिटोछिटो अघि बढें । उनीहरूले म त्यो बाटो हिँडेको पनि सायद थाहै पाएनन् क्यारे, त्यहाँ मान्छे नै कराउँदै रहेछन् भन्ने थाहा भएपछि मलाई भूतको डर लागेन, तर तिनीहरू को होलान् ? त्यो केटोले केटीलाई मारेरै छोड्ला ? यदि मारिहाल्यो भने त्यो केटी र त्यसको पेटमा भएको बच्चाको अकालमा ज्यान जाने भयो जस्ता कुराहरू मनमा खेल्न थाले । मलाई एक किसिमले केटासित रिस उठ्यो । त्यो केटीसँग पनि रिस उठेर आयो ।

घरमा पुग्दा आठ बजिसकेको थियो । आमाले खाना पकाइसक्नुभएको रहेछ । छोराछोरीहरूले खाना खाँदै थिए । खेतबाट आउन ढिला गरेकोमा आमा रिसाउँदै हुनुहुन्थ्यो- "किन ढिलो हँ ? आइमाईको जात एक्लै रात साँझ

हिँड्नु हुँदैन भनेको होइन ? लौ अब छिटो खाना खा । भोलिको रोपाइँ छ । चाँजो मिलाउनु पर्छ ।"

मैले केही नबोली हात धोएर खाना खाएँ । छोराछोरीहरू एकछिन टुकीको उज्यालोमा पढे र सुत्न गए । हामी सासु बुहारी पनि भोलिको लागि केही तयारी गरेर सुत्यौं घरमा आएपछि घरको कामकाजले गर्दा एकछिन त्यो घटनाले स्थान पाएनछ, बिछ्यौनामा पल्टिनासाथ मेरो मनमा फेरि त्यही घटना सलबलाउन थाल्यो । धेरै बेरसम्म मनमा कुरा खेलिरहे । राति फेरि दर्केर पानी पऱ्यो । घडी हेर्दा दुई बजिसकेको रहेछ, म जबरजस्ती निदाउने प्रयास गरेँ ।

भोलिपल्ट म खेततिर लागेँ । त्यहाँ पुग्दा जोत्ने, खन्ने, खोक लगाउने, बीउ काढ्ने सबै पुगिसकेका थिए । म पनि काम गर्न थालेँ । केही बेरमा रोपाइँ सुरु भयो । सिमसिम पानी परिरहेकै थियो । कसैले ओडा ओढेर काम गर्दै थिए भने कसैले ओडा नओढीकनै काम गरिरहेका थिए । निकै धुमधामका साथ रोपाइँ चलिरहेको थियो ।

म पानीको कुलो काट्न अलिक अगाडिको मुहानमा गएँ र कोदालीले कुलो काट्दै थिएँ, त्यत्तिकैमा उता जुके खोलातिरबाट लाहुरे खत्रीको छोरो हस्याङ्-फस्याङ् गर्दै आयो र भन्न थाल्यो- "हेर्नु न दिदी ! त्यो पुलको तल खोलामा एउटी केटी छटपटाउँदै रोइरहेकी छ । मैले त्यति राम्रोसित हेर्न त सकिन, तर यसो हेर्दा त्यही पुतली हो कि जस्तो लागेको थियो । ऊ पल्टिरहेकी छ र अलिअलि हात पनि चलाएकी छ, म तलै गएर हेर्न सकिन माथि पुलबाट मात्र देखेको हुँ । त्यस्तो देखेपछि म डरले आत्तिएर यतातिर तपाईंहरूलाई भन्न दौडिहालेँ ।"

उसले एकछिन रोकिएर ठूलाठूला आँखा पार्दै फेरि भन्न थाल्यो- "कसैलाई नभन्नुहोला है ! त्यो पुतलीको कृष्णप्रसादको छोरा रवीन्द्रसँग निकै हिमचिम भएको जतातते हल्ला छ । फेरि नक्कलेले पनि आज पुतली हिजोदेखि घरमा आएकी छैन, कता गई कता भन्दै थियो । निको चाला छैन है ।"

उसले एकै सासमा कुरा सुनायो र "लौ म त जान्छु खेततिर" भनेर हिँड्न थाल्यो । मैले उसलाई रोक्न खोजेँ, तर ऊ त्यस्तो अवस्थामा गयो भने आफैंलाई उल्टो आरोप लाग्न सक्छ भनेर जान मानेन । मैले अचानक हिजो साँझको घटना सम्झेँ । केटोले केटीलाई मारेर फाल्ने धम्की दिएको थियो, उसैले त्यस्तो अवस्था पारेर भागेको होला । म कोदाली त्यहीँ छोडेर जुके

खोलाको पुलमा पुगें । ठूला ढुङ्गाको कोप्चेरामा एउटी केटी पल्टिरहेकी थिई । मैले नजिकै गएर राम्ररी हेरें । साँच्चै त्यो केटी नक्कलेकी छोरी पुतली नै रहिछ । उसको घाँटीमा छालाको पेटीले बाँधेको थियो, हातखुट्टा बाँधेर उसको छातीमाथि एउटा ढुङ्गो पनि राखेको थियो । मैले तुरुन्त छातीमाथिको ढुङ्गो हटाइदिएँ र घाँटीको पेटी फुकाएँ । पेटीले घाँटी राम्रोसँग कसिएको थिएन । उसका शरीरैभरि चोट लागेको थियो । मैले उसका हातखुट्टा बाँधेका रसी पनि खोलिदिएँ । उसको अनुहारमा चोट लागेर रगत आइरहेको थियो । चिच्याउँदा चिच्याउँदा उसको घाँटी सुकेको थियो । मैले पानी खुवाएपछि उसले राम्रोसँग सास फेर्न थाली ।

मैले उसलाई सोधें- "पुतली, यो कसरी भयो ? कसले तँलाई यस्तो गरायो ? भन त ।"

उसले अनुहारमा लागेको रगत हातले बल्लबल्ल पुछ्दै रुन्चे स्वरले विस्तारै भनी- "रवीन्द्र हो । त्यो दुष्ट, पापीले मलाई दुई वर्षदेखि प्रेमको जाल रचेर, फकाईफुल्याई गरेर मेरो सर्वस्व लुटेर आज समाजको सामु आफ्नो कुकर्मलाई छोप्नको लागि मेरो ज्यानसमेत लिन आँट्यो । उसले त मलाई मरी भनेर छोडेको हो, तर घाँटी राम्रोसँग नकसिएकोले मेरो परान जान सकेन ।"

मैले उसलाई सान्त्वना दिंदै भनें- "नरो नानी ! पहिले तेरो स्वास्थ्य ठीक हुनुपर्‍यो । त्यसपछि त्यसलाई ठीक पारौंला । त्यसलाई ज्यानमारा मुद्दा लाग्छ । के गर्नु तैंले पनि बेलैमा बुद्धि पुर्‍याइनछस् त । त्यस्ताका पछि लागिछस् ।"

मैले उसलाई उठाएर ढुङ्गाको आडमा उसकै पछ्यौरा बिछाएर राम्रोसँग बसालें । उसका हातखुट्टामा लागेको हिलो र रगत पनि पुछिदिंदै थिएँ । यत्तिकैमा मेरी ठूली छोरी खेतबाट बोलाउँदै आइपुगी । मैले उसलाई गाउँमा गएर पुतलीको घरमा खबर गर्न पठाएँ । ऊ गाउँतिर लागी । मैले पुतलीलाई त्यस्तो अवस्थामा छोड्न नमिल्ने भएकोले खेततिर पनि गइन । एकदुई गर्दै वरपर खेत रोप्दै गरेका मान्छेहरू जम्मा भए । गाउँतिरबाट धेरै मान्छेहरू आए र पुतलीलाई बोकेर घरतिर लगे ।

पुतलीलाई घर पठाएपछि म खेतमा फर्किएँ र खेतालाहरूलाई कुरा सुनाएँ । सबैले जिब्रो टोके । केही समयसम्म त्यही घटनाको चर्चा गरेपछि स्थिति सामान्य बन्यो र हामी त्यस दिनको रोपाइँ सकेर घर आयौं ।

अर्को दिन बिहान नक्कलेको घरमा गाउँका जान्नेसुन्नेहरू जम्मा भए । म पनि त्यहाँ पुगें । नक्कलेको आँगन मानिसहरूको भीडले खचाखच थियो । त्यहाँ तीनचार पुलिस पनि थिए । मलाई देखेपछि सबैले एकआपसमा पर्ल्याकपुर्लुक्क गरे । म पेटीमा उभिएँ । दमाईहरू रिसले चुर परेका थिए । कृष्णप्रसादका परिवार लगायत तीनचार घर दाजुभाइहरू कोही पनि त्यहाँ थिएनन् । सबैको अनुहारमा अब के हुने हो ? कौतुहल बनाएको थियो ।

नक्कलेले आँखा रातारातो पार्दै आँगनमा आएर पाखुरा सुकेदै फलाक्न थाल्यो- "यो बाहुन काठाको जात । हामीलाई गरिब देखेर दमाई भनेर हेपेर मेरी छोरीको यो बिजोग बनायो । धनी भएँ भन्दैमा जे गर्न पनि पाइन्छ भनेर कहाँको कानुनमा लेखेको छ ? कहाँसम्मको गुन्डा हो । एउटी सोभी केटी पाएर गर्नु नगर्नु गऱ्यो, फेरि त्यतिले नपुगेर ज्यानै लिन समेत पछि नपर्ने ।"

उसले फेरि उपस्थित भएका सबैको अनुहारतिर हेरेर औंलो ठड्याउँदै चिच्यायो- "लौ है । भाइ हो, त्यसलाई लतारेर यहाँ ल्याउनु पर्छ र त्यसका कानमा समातेर यो छोरीलाई त्यसकै घरमा भित्र्याइदिनु पर्छ ।"

नक्कलेले त्यति भनेर मात्र के सकेको थियो, उसको भाइ दलबहादुर भीड छिचोल्दै दाजु भएको ठाउँमा आएर खुर्पेटोबाट खुर्पा निकालेर फन्काउँदै भन्यो- "के कुरा गर्छौ दाइ तिम्ले ? त्यो अपराधीलाई त्यतिले मात्र पुग्छ ? त्यसलाई कानुनी सजाय दिनु पर्छ । हाम्री छोरीले त्यससँगबाट अंश ल्याएर बस्नु पर्छ ।" उसले फेरि मतिर फर्केर भन्न थाल्यो- "उहाँले देख्नु भएछ र पो । नत्र यसको परान जाने थियो । भाग्यले कसरी उहाँ पुगेर यसलाई बचाउनु भएछ । आफू भने घण्ट बजाएर बिहानभरि पूजा गर्छ व्यवहार भने यस्तो । पहिला त्यसलाई यहाँ घोक्र्याएर ल्याउनु पर्छ अनि बल्ल कुरा हुन्छ । बाबु पण्डित भनी कहलिएको छ, उसैको छोराले मनपरी गर्दै हिँड्छ । अब त्यसको दशा लागेको छ, ल हिँड ।"

त्यसपछि छसातजना दमाईहरू कृष्णप्रसादको घरतिर लागे ।

अरू सबै त्यहीं बसेर आपसमा कुरा गरिरहेका थिए । कसले हो कुन्नि पुतलीको मरणासन्न अवस्थालाई उनैले देखेकी हुन् भनेर पुलिससँग भनिदिएका रहेछन् । पुलिसले मलाई बोलाएर आफूले देखेको कुरा सबै बताउँदै थिएँ । त्यतिकैमा उताबाट तीनचारजनाले कृष्णप्रसादको हात समातेर घिसार्दै

ल्याए । आँगनमा ल्याएर उनीहरूले कृष्णप्रसादलाई अगाडि उभ्याइदिए । उनी निन्याउरो अनुहार लाएर थरथर काँप्दै एकछिन उभिए । एउटा पुलिसले लठी लगाएर बूढालाई धकेल्दै भन्यो- "जानुस् बाजे एकछिन अलि उता बस्नुस् । काम परे बोलाउँछौं ।"

त्यसपछि बूढाले मलाई बोलाउँदै भीडबाट बाहिर निस्किए । उनले यताउता पर्ल्याकपुर्लुक आँखा घुमाउँदै विस्तारै भने- "के हो नानी, तपाईं बाहुनकी छोरी भएर यी दमाईका डाङ्ग्राहरूलाई त्यसरी उराल्ने हो ? तपाईंलाई हामीले आफ्नै ठानेका थियौं, तर तपाईं त बाहुन भएर पनि तल्ला जातिलाई बोकेर हिँड्नु हुँदोरहेछ ।"

बूढाको कुराले मलाई रिस उठ्यो । मैले भनें- "के बिगारें तपाईहरूको मैले ? के मैले नै तपाईको छोरालाई बदमासी गर्न लगाएकी हुँ । आफ्नै छोराले त्यस्तो ठूलो गल्ती गरेको छ, तपाईंले त मलाई पो दोष दिँदै हुनुहुन्छ । मैले त अप्ठ्यारोमा परेकी एउटी प्राणीलाई सहारा दिएर बचाएँ । के मैले पनि तपाईंका छोराले अधमरु बनाएर छोडेकी पुतलीलाई अझै ढुङ्गाले थिचेर मार्नु पर्थ्यो ? तपाईंको विचारमा एउटा मानवले अर्को कुनै समस्यामा परेको मानवलाई मानवताको व्यवहार गर्नुपर्छ भन्ने छैन ? हेर्नुस् । तपाईंले अरूमाथि रिस पोखेर आफ्नो गल्ती ढाकछोप गर्नुको साटो आफ्नो छोरालाई खुरुक्क यहाँ ल्याउनुस् । उसले गरेको गल्तीको परिणाम उसले आफैं भोग्छ र तपाईंले आफ्नो छोरोको सन्तान पुतलीको पेटमा भएपछि त्यसलाई बुहारी स्वीकार्नु पनि पर्छ । यसमा धेरै जालझेल किन ? जमाना फेरिइसकेको छ । तल्लो जात माथिल्लो जात र धनी-गरिब आदिको भेद पनि हट्दै गएको छ ।"

मेरो कुराले उनी भुतुक्क भए । उनी चुप लागेर भीडतिर गए । म पनि उनकै पछिपछि गएँ । पुलिसले पुतलीसँग बयान लिइसकेका रहेछन् । बूढा त्यहाँ पुग्नासाथ उनीहरूले बूढालाई पाखुरामा समात्दै भने- "क्या हो बा ! छोरालाई यहाँ ल्याउनु पर्‍यो । यसरी अहिले लुकाउनुको सट्टा पहिले नै ठेगानमा राखेको भए राम्रो हुन्थ्यो ।"

उनले पुलिसको हातबाट आफ्नो हात फुत्काउन खोजे र भने- "आज दस दिन भयो मेरो छोरो मामा घर गएको छ । कसरी उसले यसको घाँटी कस्यो ? अर्काको छोरालाई त्यसै दोष लगाउन पाइन्छ ? अहिले यी दमैहरू मात्र

नभएर सारा गाउँ नै हामीमाथि लागेको छ । यी तल्ला जाति भएर बाहुनको घरमा छोरी हुलिदिने यत्रो आँट ।"

पुतली पेटीमा अडेस लाएर बसिरहेकी थिई । बूढाको कुराले उसले खपी सक्नुभएनछ र दाह्रा किट्दै भनी- "छोरो घरमा छैन भनेर बहाना बनाउन लाज लाग्दैन ? मेरो पेटमा तिम्रो छोराको बच्चा छ । तीन महिना भइसक्यो । अझै छोरो भगाउने कोसिस गर्छौ । तिम्रो छोरो एकछिन नभएर के भयो र प्रमाण छँदैछ । हाम्रो लसपस भएको दुई वर्ष भइसक्यो । उनले लेखेका चिठीहरू छन् । ..."

कृष्णप्रसादले औंलो ठड्याउँदै भने- "पख ! तेरो यत्रो जालझेल मेरो छोरो फसाउनलाई ? मेरा छोराको बानी मलाई थाहा छैन र ? उसले यस्तो कहिल्यै गर्न सक्दैन । यो सब तेरो नाटक हो । बाहुनको घरमा बुहारी हुने ! नखाएको विष कसरी लाग्दोरैछ हेर्छु म पनि । अब मुद्दा नहाली छाड्दिन म ।"

कृष्णप्रसादले त्यस भीडबाट बाहिर निस्कन खोज्दै नक्कलेतिर हेरेर भने- "हेर, नक्कले तिमीहरूको उठीबास नलगाई छाड्दिन । तिमीहरू सारा ममाथि लागेका छौ । तिमीहरूको मति भ्रष्ट भएर यसो गरेका हौ । तँलाई यो बुकुराबाट निकालिन भने म पनि टीकाराम खनालको छोरो होइन बुझिस् ।"

पुलिसले बूढालाई चुप लागेर बस्न इसारा गर्दै थिए ।

पुतली आफू बसेको ठाउँबाट उठ्न खोज्दै कराउन थाली- "चुप लाग ! जति गरे पनि तिमीले अब पार पाउँदैनौ । पहिले त छोरासँग हिँडडुल गर्दा र तिमीहरूको घरमा तिम्रो छोरासँग रात बिताउँदा किन चुप लागेका थियौ ? त्यति बेला त भनेका थियौ नि पुतली कति असल छ र काम गर्न कति जाँगरिली छ । मलाई पनि यस्तै बुहारी चाहिएको छ भनेको होइन ? किन डराएका छौ । म अब तिम्रो घरमा आउँछु । एउटा कोठा खाली गर्न लगाऊ । तिम्रो नाति मेरो पेटमा छ । रवीन्द्र र मेरो माया प्रेम बसेको कुरा हाम्रो बाआमालाई पनि सबै बताएकी थिएँ । पहिले त्यस्तो भनेको अपराधीले पेटमा बच्चा रहेको थाहा पाएपछि खोलामा बोलाएर घाँटी कसेर मार्न तम्सियो । मर्नु पर्ने म त्यति गर्दा पनि मरिन भने अब त त्यसै छोड्ने पनि छैन ।"

पुतलीको कुराले कृष्णप्रसाद रन्किएर पुतलीलाई झम्टन जाँदै थिए । पुलिसले रोक्यो र झपार्दै भन्यो- "चुप लागेर बस्छौ कि लठी खान्छौ ।" बूढा अलि हच्किए ।

एउटा दमाई कोदालो टिपेर फन्काउँदै कड्किन थाल्यो- "ए बाहुन । खुरुक्क तेरो छोरो रवीन्द्रेलाई बोलाउँछस् कि यसै कोदालोको पासोले हिर्काऊँ ? कता भगाइस्, भन् ? यसै गरी उम्किऊँला भन्ठानेको छस् ?"

दुईचारजनाले उसले समाएको हातको कोदालो खोसे ।

उनीहरूले भने- "यसरी झगडा गरेर समाधान हुँदैन । रवीन्द्रलाई पनि बोलाउनु पर्‍यो । बरु थानामा जाऊँ र उतै समाधान खोजौं ।" अनि उनीहरूले कृष्णप्रसादलाई सम्झाउँदै भने- "हेर्नुस् पण्डितजी, छोराको काण्डमा तपाईं यसरी रन्किनुभन्दा छोरालाई नै पठाइदिनु बेस । उनले आफूले गरेको गल्तीको माफी मागून् र पुतलीलाई श्रीमती स्वीकारून्, यसैमा कल्याण छ । बाझेर काम छैन अब । गल्ती गरेपछि सजाय भोग्नै पर्छ । जानुस् बरु छोरालाई ल्याउनुस् ।"

गाउँलेको कुरा सुनेपछि बूढाले रातो अनुहार लगाए । प्रहरी पनि दुवै पक्षलाई भोलि थानामा उपस्थित हुने भन्ने आदेश दिँदै आफ्नो बाटो लाग्यो ।

भोलिपल्ट बिहान गाउँलेले रवीन्द्रलाई खोजेर थानामा लगे भने गाउँका महिलाहरू पनि पुतलीलाई लिएर उतै लागे । त्यहाँ दिनभरि जसो त्यस मामिलामा छलफल भयो । कृष्णप्रसाद पक्ष र नक्कले पक्षका मानिसहरूको त्यस दिन पनि झगडा भयो । रवीन्द्रले पहिले होइन भने पनि पछि आफ्नो गल्ती स्वीकार गर्‍यो । प्रहरीले रवीन्द्रले पुतलीलाई श्रीमती मानी घरमा भित्र्याउनु पर्ने र उसले गरेको ज्यान मार्ने प्रयासको सजाय स्वरूप केही महिना जेलमा बस्नुपर्ने निर्णय गरिदियो, तर पुतलीले भने रवीन्द्रलाई आफ्नो लोग्ने भएकोले उसले गरेको ज्यान मार्ने प्रयासलाई एउटा गल्ती मानेर माफ गरिदिने र उसलाई जेलमा नराख्न अनुरोध गरी । प्रहरीहरूले पहिले पुतलीको प्रस्तावलाई अस्वीकार गरे पनि उसले ढिपी गरेको हुनाले रवीन्द्रलाई तारिकमा छोडिदिए । महिलाहरूले पुतलीलाई रवीन्द्रको घरसम्म पुऱ्याएर कोठामा भित्र्याइदिए । समाजको अगाडि रवीन्द्रले उसलाई चुपचाप श्रीमतीको रूपमा स्वीकार गर्‍यो । कृष्णप्रसाद भने क्रोध र लाजले अनुहार रातो पार्दै आफ्ना आँगनको पर्खालमा बसेर टाउको निहुराइरहे । गाउँलेहरू कृष्णप्रसाद र रवीन्द्रलाई "यसपछि पुतलीलाई केही भयो भने ज्यानमारामा पर्छौं" भन्ने चेतावनी दिँदै त्यहाँबाट फर्किए ।

असारको महिना खेत रोप्ने समय भएकोले अर्को दिनदेखि गाउँलेहरू आफ्नो काममा लागे । रवीन्द्रले पुतलीलाई उपचार गरीवरी सन्चो पार्‍यो भन्ने सुनियो । यस्तैमा हाम्रो रोपाइँ सकियो । म केही कामले तीनचार महिनाको लागि मधेसतिर झरें । मधेस आएको दुई महिनापछि के थाहा पाएँ भने कृष्णप्रसाद बुहारी पुतलीलाई मारेर अहिले जेलमा परेका छन् रे ।

समाप्त



प्रश्रित प्रतिष्ठान नेपाल